## पहिलो परिच्छेद

# शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक कमल 'जङ्गली' आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत दोस्रो वर्ष, नेपाली विषयको दसौं पत्रको आंशिक परिपूर्तिको लागि गरिएको हो ।

### १.३ विषयपरिचय

कमल 'जङ्गली' आचार्य (१९९८) नेपाली साहित्यका क्षेत्रमा परिचित साहित्यकार हुन् । पाँचथर जिल्लाको चुचुरे गा.वि.स. वडा नं ७, यासोकमा जन्मिएका 'जङ्गली' ले नेपाली साहित्यका विविध विधाहरू; कथा, कविता, संस्मरण तथा स्थान र व्यक्तिपरिचय आदिमा कलम चलाएका छन् । औपचारिक रूपमा स्नातकसम्मको अध्ययन गरेका 'जङ्गली' ले शिक्षा र स्वास्थ्यका क्षेत्रमा प्रयोगात्मक ज्ञान लिँदै शिक्षाक्षेत्रमा १० वर्षको र स्वास्थ्यक्षेत्रमा १७ वर्षको कार्यअनुभव सँगालेका छन् । विभिन्न सामाजिक र शैक्षिक सङ्घसंस्थामा संस्थापक, अध्यक्ष, सल्लाहकार र सदस्यका रूपबाट प्रत्यक्ष संलग्न रहेका 'जङ्गली' हालसम्म पनि नेपाली साहित्यका विविध विधाहरूमा सिर्जनारत रहेका छन् ।

सानैदेखि लेखपढ गर्न अत्यन्त रूचि राख्ने 'जङ्गली'ले चौध वर्षको किशोरावस्थादेखि नै नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरेको देखिन्छ । उनको प्रथम प्रकाशित कविता 'मन लाग्यो' (२०१९) हो । यसै कवितामार्फत् नेपाली साहित्यमा प्रवेश गरेका 'जङ्गली' ले हालसम्ममा कथा, संस्मरण, आलेख, चिठ्ठी-सन्देश, भविष्यवाणी, स्थान/व्यक्तिचिनारी तथा समसामयिक राजनैतिक, सामाजिक तथा साहित्यिक सन्दर्भहरूमा कलम चलाएका छन् । उपर्युल्लिखित सबै विधा र विषयका

रचनाहरू उनको 'मिसमासः खिच्रो र कुराउनी' (२०५६) शीर्षकग्रन्थमा पुस्तकाकार रूपमा प्रकाशित छन् । समग्रमा यिनै 'जङ्गली' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन प्रस्तुत गर्नु यस शोधकार्यको मुख्य विषय रहेको छ ।

## १.४ समस्याकथन

कमल 'जङ्गली' आचार्य नेपाली साहित्यका फाँटमा सिर्जनारत साहित्यकार हुन् । वि.सं २०१९ सालबाट औपचारिक साहित्ययात्रा आरम्भ गरेका 'जङ्गली' ले हालसम्म 'मिसमासः खिच्रो र कुराउनी' (२०५६) ग्रन्थ नेपाली साहित्यलाई प्रदान गरेका छन् भने त्यसयता थुप्रै फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित गर्दै आएका छन् । तापनि यिनको बारेमा हालसम्ममा सामान्य चर्चाबाहेक विस्तृत अध्ययन भएको दखिदैन ।

साहित्यकार कमल 'जङ्गली' आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन मूल समस्या रहेको यस शोधकार्यका समस्याहरू निम्नलिखित रहेका छन्:

१. कमल 'जङ्गली' आचार्यका जीवनीका विविध पक्षहरू के-कस्ता रहेका छन् ?

२. उनका व्यक्तित्वका प्रमुख पाटाहरू के-के हुन् ? ती के-कस्ता रहेका छन् ?

३. उनका प्रमुख साहित्यसिर्जनाहरू के-कस्ता रहेका छन् ?

४. नेपाली साहित्यमा उनको योगदान र स्थान के-कस्तो रहेको छ ?

## १.५ उद्देश्य

कमल 'जङ्गली' आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पक्षहरूको अध्ययन गर्नु यस शोधपत्रको प्रमुख उद्देश्य हो । प्रस्तुत शोधपत्रका प्रमुख उद्देश्यहरू निम्नलिखित छन् :

१. कमल 'जङ्गली' आचार्यका जीवनीका विविध पक्षहरू केलाउनु,

२. उनको व्यक्तित्वको विभिन्न पाटाहरू केलाउनु,

३. उनको प्रमुख साहित्यिक कृतिको विश्लेषण गर्नु र,

४. नेपाली साहित्यमा उनको योगदान तथा स्थानको निरूपण गर्नु ।

## १.६. पूर्वकार्यको समीक्षा

केन्द्रभन्दा बाहिर रहेर पनि लामो समयदेखि नेपाली साहित्यसिर्जनाका क्षेत्रमा योगदान पुऱ्याउँदै आएका कमल 'जङ्गली' एक साहित्यिक व्यक्तित्व हुन् । उनको बारेमा गरिएका सामान्य अध्ययनहरूको कालक्रमिक विवरण यस प्रकार रहेको छ ।

**रविमान लमजेलले मेची अञ्चलको साहित्यिक रूपरेखा** (२०४२) नामक पुस्तकमा 'जङ्गली' लाई विद्रोह र व्यङ्ग्य, वर्तमान छट्पटी र निराशा, मानवीय मूल्य र विसङ्गतिका पाटाहरूको सजीव चित्रण गर्ने कविका रूपमा उल्लेख गर्दै आफ्ना काव्यात्मक शिल्प र साधनाले आफूलाई खार्दै सफलताको चुचुरोमा पुग्न कटिबद्ध रहेका कविहरूमध्येका एक कविको रूपमा उल्लेख गरेका छन् ।

**विष्णुप्रसाद कोइरालाले 'झापा जिल्लाको साहित्यिक रूपरेखा** (२०५३) नामक शोधपत्रमा साहित्यकार 'जङ्गली' को कवित्वको बारेमा चर्चा गर्ने क्रममा उनलाई एक प्रगतिवादी चेत भएका कविको रूपमा सूक्ष्मचित्रण गरेका छन् ।

**कृष्णप्रसाद तिम्सिनाले नेपाली साहित्यमा झापा जिल्लाको योगदान** (२०५५) नामक शोधग्रन्थमा झापा नै स्थायी बसोबास भएका साहित्यकार 'जङ्गली' को बारेमा कुनै जानकारीको उल्लेख गरेका छैनन् ।

**जुही** (वर्ष:१८,अङ्क:१, २०५५) पत्रिकामा सम्पादक चूडामणि रेग्मीले 'जङ्गली' लाई मधुपर्क, प्रतिभा, 'संगम' आदि विभिन्न पत्रिकामार्फत्, आफूलाई कवि, कथाकार, समालोचक आदिका रूपमा साहित्यिक फाँटमा परिचित गराउँदै आएका व्यक्तित्वका रूपमा उल्लेख गरेका छन् । यसका साथै रेग्मीले उनको साहित्यिक, सामाजिक, राजनैतिक र शैक्षिक क्षेत्रमा रहेको सेवा र संलग्नताको उल्लेख गर्दै सो क्षेत्रबाट उनले पाएको सम्मानको पनि चर्चा गरेका छन् ।

**घटराज भटराईले नेपाली लेखककोश** (२०५६) नामक लेखकहरूको परिचय दिने पुस्तकमा कमल 'जङ्गली' को बारेमा कुनै सूचनाको समावेश गरेका छैनन् ।

**जुही** (वर्ष:१९,अङ्क:१, २०५६) मा 'जङ्गली' का कथाहरू राम्रो शैलीका, रमाइला, मनोरञ्जक र सामाजिक विषयमा आधारित रहेको कुराको उल्लेख गरिएको छ ।

यसरी कमल 'जङ्गली' आचाईका बारेमा सामान्य जानकारी दिने काम मात्र गरिएको हुँदा प्रस्तुत शोधपत्रमा 'जङ्गली' को विस्तृत व्याख्या र विश्लेषण गर्ने काम गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

लगभग पाँचदशक लामो साहित्यिक यात्रा पार गर्दै पुस्तकाकार रूपमा एक कृति र अन्य थुप्रै फुटकर रचनाहरू प्रकाशित गरिसकेका कमल 'जङ्गली' को बारेमा विस्तृत र सुव्यवस्थित चर्चा गरिएको प्रस्तुत शोधपत्र औचित्यपूर्ण रहेको छ । साहित्यकार 'जङ्गली' को जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा जानकारी राख्न चाहने सम्पूर्ण व्यक्तिहरूका लागि प्रस्तुत शोधपत्र महत्त्वपूर्ण र उपयोगी रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यमा कमल 'जङ्गली' आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण गरिएको छ । यस शोधकार्यमा  यिनको जीवनी र व्यक्तित्वको विस्तृत रेखाङ्कन प्रस्तुत गर्दै 'मिसमास: खिचो र कुराउनी' (२०५६) शीर्षकग्रन्थको अध्ययन-विश्लेषण प्रस्तुत गरिएको छ ।

## १.९ सामग्रीसङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्रका लागि आवश्यक सामग्रीको सङ्कलन मूलतः पुस्तकालयीय अध्ययनपद्धतिका आधारमा गरिएको छ । यसका साथै शोधनायकसँग प्रत्यक्ष भेटघाट, अन्तर्वार्ताका साथै उनका परिवारजन र नातेदारहरूसँग सोधपुछ गरी सामग्रीसङ्कलन गरिएको छ । साथै सम्बद्ध क्षेत्रका विभिन्न विद्वान्हरूसँग पनि आवश्यक जानकारी लिइएको छ । प्रस्तुत शोधपत्रमा जीवनीपरक, प्रभावपरक तथा प्रगतिवादी समालोचनापद्धतिको यथोचित प्रयोग गरी शोधकार्य सम्पन्न गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित छ परिच्छेदहरूमा विभाजन गरिएको छ ।

पहिलो परिच्छेदः शोधपरिचय,

दोस्रो परिच्छेदः कमल 'जङ्गली' आचार्यको जीवनी,

तेस्रो परिच्छेदः कमल 'जङ्गली' आचार्यको व्यक्तित्व,

चौथो परिच्छेदः कमल 'जङ्गली' आचार्यको साहित्यिक कृतिको विश्लेषण,

पाँचौ परिच्छेदः कमल 'जङ्गली' आचार्यको साहित्यिक योगदान तथा स्थाननिर्धारणको निरूपण,

छैँटो परिच्छेदः उपसंहार ।

उपर्युक्त छ परिच्छेदमा विभाजित यस शोधपत्रलाई आवश्यकताअनुसार विभिन्न शीर्षक-उपशीर्षकहरूमा विभाजित गरिएको छ । प्रस्तुत शोधपत्र तयार गर्दा प्रयोग गरिएका सामग्रीहरूको सन्दर्भग्रन्थसूची यस शोधपत्रको अन्त्यभागमा दिईएको छ ।

## कमल 'जङ्गली' आचार्यको साहित्यिक योगदान र स्थाननिर्धारण

वि.सं. २०१९ सालमा 'मन लाग्यो' कवितामार्फत् नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरेका 'जङ्गली' हालसम्म पनि यसै क्षेत्रमा सिर्जनारत साहित्यकार हुन् । उनको थुप्रै कथा, कविता र समसामयिक लेखरचनाहरूको सँगालो 'मिसमासः खिच्रो र कुराउनी' (२०५६) शीर्षकग्रन्थ प्रकाशित रहेको छ । यसै प्रकाशित ग्रन्थको आधारमा 'जङ्गली' को साहित्यिक योगदान र स्थाननिर्धारणलाई यस प्रकारले निरूपण गरिन्छः

### कथागत योगदान

कथाकार 'जङ्गली' ले विभिन्न शीर्षकमा पाँचवटा कथाहरू लेखेका छन् । वि.सं. २०२५ देखि २०५४ सालसम्मका विभिन्न समयावधिमा लेखिएका यी कथाहरू हाल उनको 'मिसमासः खिच्रो र कुराउनी' (२०५६) शीर्षकग्रन्थमा सङ्कलित रूपमा प्रकाशित रहेका छन् । वि.सं २०२५ सालमा 'को होला?' कथामार्फत् नेपाली कथाविधामा प्रवेश गरेका 'जङ्गली' को अन्तिम कथा 'पूर्णिमा' २०५४ मा प्रकाशित देखिन्छ । यस बीचमा उनले जम्मा पाँचवटा कथा मात्र नेपाली कथाविधालाई प्रदान गरेको देखिन्छ । २९ वर्षको लामो समयावधिमा पाँचवटा कथामात्र प्रस्तुत गर्नुलाई

‘जङ्गली’ को कथारचनागत परिमाणको योगदानगत सामान्यतालाई लिन सकिन्छ । त्यस्तै, कथागत लमाइका दृष्टिले ‘जङ्गली’ का कथाहरू एक पृष्ठदेखि चार पृष्ठगत लमाइको आयामसम्म विस्तारित देखिन्छन् । उनको ‘तारा र माला’ कथा न्युनतम एक पृष्ठमा संरचित देखिन्छ भने ‘पूर्णिमा’ कथा अधिकतम् चार पृष्ठगत आयामको लमाइमा संरचित रहेको छ । यसले ‘जङ्गली’ को कथाविस्तृतिगत लमाइको छोटो तथा मध्यम आयामगत योगदानलाई प्रस्तुत गरेको देखिन्छ । विषयवस्तु प्रयोगका दृष्टिले ‘जङ्गली’ कुनै एक विषयवस्तुमा मात्र सीमित भएका छैनन् । उनले आफ्ना कथाहरूमा सामाजिक, राजनैतिक र आध्यात्मिक विषयवस्तुलाई प्रयोग गरेको देखिन्छ । परिमाणगत दृष्टिले थोरै कथा लेखे पनि त्यसमा उपर्युक्त विषयवस्तुको समावेशीकरणमार्फत् ‘जङ्गली’ ले आफ्ना कथामा वैविध्यपूर्ण विषयवस्तुगत प्रयोगको योगदान दिएको देखिन्छ । त्यसैगरी, पात्रप्रयोगका दृष्टिले पनि ‘जङ्गली’ का कथाहरू समान देखिदैनन् । उनको ‘तारा र माला’ कथामा न्यूनतम तीनजना पात्रको प्रयोग देखिन्छ भने अर्को ‘ऊ फेरि फर्कला ?’ कथामा अधिकतम् तेह्रजना पात्रको प्रयोग गरिएको देखिन्छ । यसमार्फत् ‘जङ्गली’ ले कथागत पात्रप्रयोगको स्वेच्छिक विधानको योगदान दिएको देखिन्छ । भावप्रक्षेषणका दृष्टिले पनि ‘जङ्गली’ का कथाहरू वहुआयामिक देखिन्छन् । उनका अधिकांश कथाले समाजका भित्री गर्तमा लुकेर रहेका विसङ्गतिहरूको पर्दाफास गर्दै स्वच्छ, स्वस्थ र प्रगतिशील समाजनिर्माणको अपेक्षा गरेका छन् । त्यस्तै, केही कथामा राजनैतिक ऐक्यवद्धता र कार्यात्मक सहकारिताका साथै एउटा कथामा भाग्य नै ठूलो हो भन्ने भाग्यवादी दृष्टिकोणको प्रस्तुति गरेका छन् । यसले उनको कथागत वैविध्यपूर्ण भावविधानको योगदानलाई देखाएको छ । ‘जङ्गली’ का अधिकांश कथाहरू ग्रामीणसामाजिक जीवनको यथार्थगत पृष्ठभूमिमा लेखिएका छन् । यस क्रममा उनले यसै अनुरूपको पात्र र विषयसुहाउँदो भाषिकशिल्पको प्रयोग गरेका छन् । उनको भाषिकशिल्पमा ग्रामीणसमाजका कथ्य शब्दहरूको अधिकता देखिनुका साथै गाउँघरमा प्रचलित उखान, टुक्का र सूक्तिवाक्यहरूको अत्याधिक प्रयोग देखिन्छ । छोटा-छोटा अनुच्छेदयोजनामा अविचलित वाक्यविन्यासमार्फत् सहज भावसम्प्रेषणमा योगदान दिनु उनको निजी भाषिक शिल्पगत पहिचान हो । यसै सरल, सहज, बोध्य, रोचक र अभिधेयात्मक भाषिकविन्यासलाई उनको कथाप्रस्तुतिगत भाषाशैलीय योगदानको रूपमा लिन सकिन्छ ।

यसप्रकार, 'जङ्गली' का कथाहरू मात्रात्मक रूपबाट थोरै देखिए पनि तिनमा गुणात्मकताको पुट भने अवश्य पाइन्छ । ग्रामीणयथार्थ, आन्तरिक मनोजगत् र राजनैतिक विषयवस्तुको चित्रण 'जङ्गली' का कथाका त्रि-आयामिक पाटा हुन् । उनका कथाहरू समाजको बाह्यचित्रणमा भन्दा तिनका अँध्यारा गर्तहरू खोतल्नमा उद्यत देखिनुका साथै त्यसमाथि औपदेशिक निर्देशन गर्नुको सट्टा आलोचनात्मक यथार्थवादी चित्रणमै सीमित छन् । न्यूनसङ्ख्यात्मक रचनाका तुलनामा जीवनको बहुआयामिक पक्षको गुणात्मक प्रस्तुति 'जङ्गली' का कथागत सीमा र प्राप्ति हुन् ।

## स्थाननिर्धारण

विभिन्न जातजातिका मौखिकपरम्परामा आधारित लोककथा तथा उपत्यकालगायत अन्य विभिन्न ठाउँका ऐतिहासिक र पुरातात्विक महत्त्वका भवन तथा देवालयहरूका भित्तामा कोरिएका चित्रकथाहरूका पृष्ठभूमिमा कथाविधाको लेख्यपरम्पराको सुरूवात भएको हो । शक्तिवल्लभ अर्ज्यालको 'महाभारत विराटपर्व' (१८२७) लाई हालसम्म प्राप्त प्रथम लिखित कथा मानिन्छ । वि.सं १८२७ देखि सुरू भएर गोरखापत्रको प्रकाशनपूर्व वि.सं १९५७ सम्मको १३० वर्षको समयावधिलाई नेपाली कथाको प्रारम्भिक कालखण्ड मानिन्छ । यस समयावधिमा लोकव्यवहारिक शिक्षा, नीति उपदेश, आदर्शशिक्षा र मनोरञ्जनका लागि संस्कृत, पाली, अङ्जेजी ( बाइबल) तथा फारसी भाषाबाट कथालेखनको अनूदितपरम्परा चलेको देखिन्छ । अतिरञ्जनात्मकता, अतिशय औपदेशिकता, मानवेतर शक्तिको उपस्थापन तथा भाग्यवादको सर्वोपरिताजस्ता प्रारम्भकालीन कथागत पहिचानका सापेक्षतामा 'जङ्गली' का कथाहरू विधागत सचेतता, पूर्णमौलिकता तथा सामाजिक यथार्थबादी पारामा लेखिएका छन् । यसले प्रारम्भकालीन कथाप्रवृत्तिबाट 'जङ्गली' लाई टड्कारो रूपबाट अलग्याएको देखिन्छ ।

वि.सं. १९५८ देखि १९९० सालसम्मको ३२ वर्षको समयावधिलाई नेपाली कथासाहित्यको माध्यमिक काल मानिन्छ । यस अवधिमा कथाकारहरू अनुवाद कथामा मात्र सीमित नरही विधागत सचेतताका साथ मौलिक लेखनतर्फ आकृष्ट भएको पाइन्छ । प्रकाशनको व्यवस्था, पत्रकारिताको सहयोग तथा जातीय एकताको लागि सांस्कुतिक र सामाजिक चेतनाको सचेतप्रयास आदि पक्षहरू माध्यामिककालीन

कथासाहित्यका महत्त्वपूर्ण पक्ष हुन् । आकारगत आयाम प्रायः निश्चित भए पनि घट्नाको बाहुल्य भएका लामा-लामा कथा लेखिनु तथा गद्यमा पद्यांशको मिश्रण गरेर कथा लेख्ने माधयामिककालीन कथापरम्पराका सापेक्षतामा 'जङ्गली' का केही कथामा गद्यमा पद्यांशमिश्रणको प्रवृत्ति देखिएको छ । तापनि घटना र चरित्रको समुचित समायोजन, कथा र यथार्थजीवनबीच निकट सम्बन्धको स्थापना तथा आकारगत सीमितता आदि पक्षहरूले 'जङ्गली' लाई यस परम्पराभन्दा भिन्न कथाकारको रूपमा स्थापित गराएको छ ।

वि.सं. १९९१ देखि हालसम्मको समयावधि नेपाली कथाको आधुनिक कालखण्डको समयावधि हो । यस समयावधिमा परिवर्तित सामाजिक, आर्थिक र राजनैतिक मूल्यका सापेक्षतामा विभिन्न नवीनशिल्प र प्रवृत्तिको नव-नवप्रयोगका साथ कथालेखन गरिएको देखिन्छ । कथागत नवीनप्रवृत्तिका आधारमा प्रारम्भदेखि हालसम्मको ७२ वर्षको आधुनिक कालखण्डलाई यथार्थवादी युग (१९९२-२०१९), नवचेतनावादी युग (२०२०-२०३९) र समसामयिक युग (२०४०-हालसम्म) गरी विभाजन गरिएको देखिन्छ । यसै विभाजित कालखण्डमध्ये नवचेतनावादी युग (२०२०-२०३९) को समयावधिमा सर्वप्रथम 'को होला?' (२०२५) कथामार्फत् कथाकार 'जङ्गली' को उदय भएको हो । तापनि उनको कथाले नवचेतनावादी नवीन मूल्यलाई आत्मसात् गर्न सकेको देखिदैन । यो कथा परम्परागत रैखिक संरचनामा आवद्ध, पुष्ट कथानकता, घट्ना र चरित्रका बीचमा समायोजन, स्थूल परिवेशको चित्रण तथा जीवन र जगत्को यथार्थिक प्रस्तुतिजस्ता सामाजिक यथार्थवादी कथागत प्राप्तिबाट ओतप्रोत बन्न पुगेको देखिन्छ । साथै 'जङ्गली' का अन्य परवर्ती कथाहरूले पनि आधुनिकताका समसामयिक कथागत मूल्यलाई प्राप्त गर्नुको सट्टा यसै प्रवृत्तिलाई अनुसरण गर्न पुगेको देखिन्छ । अतः कथागतमूल्यका विभिन्न अत्याधुनिक मापदण्डका काथागत प्रवृत्ति र कथाकारहरूका सापेक्षतामा 'जङ्गली' को कथाकारिता खरो उत्रन सकेको देखिदैन । यसप्रकार आधुनिक कथापरम्पराको सामाजिक यथार्थवादी घारामा प्रगतिवादको आंशिक सचेचता भएका कथाकारको रूपमा 'जङ्गली' को कथागत स्थाननिर्धारण गर्नु उपयुक्त देखिन्छ ।

## कवि 'जङ्गली' को कवितात्मक योगदान

कवि 'जङ्गली' का १८ वटा कविताहरू उनको 'मिसमासः खिचो र कुराउनी' (२०५६) शीर्षकग्रन्थमा सङ्कलित रूपमा प्रकाशित छन् । वि.सं. २०१९ बाट कवितारचनाका क्षेत्रमा प्रवेश गरेका 'जङ्गली' ले यस ग्रन्थको प्रकाशनसम्ममा नेपाली कविता विधालाई १८ वटा कविताको परिमाणात्मक योगदान पुऱ्याएका छन् । नेपाली साहित्यको कविताविधामा 'जङ्गली' को कवित्व कविताको खण्डकाव्यीय र महाकाव्यीय आयामसम्म विस्तारित नभई मुक्तक र फुटकर कवितात्मक उपविधासम्म मात्रै सीमित भएको देखिन्छ । यसले 'जङ्गली' को कवित्व विस्तारगत सीमित आयामगत योगदानलाई देखाएको छ । 'जङ्गली' का कविताहरूमा जीवनजगत्का वहुआयामिक विषयवस्तुहरूलाई समावेश गरिएको छ । मूलतः उनका कविताहरूमा समाज, राजनीति, अध्यात्म, विज्ञान, तथा भूगोल र आन्तरिक मनोलोकीय संवेगात्मक विषयवस्तुहरूलाई प्रस्तुत गरिएको छ । यसबाट उनले विषयवस्तुप्रयोग तथा भावविधानको विस्तृतिमूलक योगदान दिएको देखिन्छ । 'जङ्गली' का काविताहरूले हास्य रसबाहेक अन्य सबै कवितात्मक रसहरूको सञ्चार गरेका छन् । तीमध्ये वीर, बीभत्स, करुण, रौद्र र शान्त रसको कवितात्मक सिद्धि यी कविताहरूले प्रस्तत गर्न सकेका छन् । यसले 'जङ्गली' को वैविध्यपूर्ण रससञ्चारको कौशललाई देखाएको छ । 'जङ्गली' का कविताहरूमा लयप्रयोगगत विविधता देखिन्छ । उनले मात्रिक लयबाहेकका मुक्तलय, वर्णमात्रिक लय र लोकलयलाई आफ्ना कवितामा प्रयोग गरेका छन् भने मुक्तलयको प्रयोगमा विशेष सफलता पाएका छन् । यसले 'जङ्गली' को वैविध्यपूर्ण लयप्रयोगको योगदानलाई देखाएको छ । 'जङ्गली' को कवितात्मक भाषिकशिल्प त्यति रागात्मक र व्यञ्जक देखिदैन । उनका कवितामा कठोर, शुष्क र कथ्य भाषाका ठेट शब्दहरूको अधिकप्रयोग देखिनुका साथै भावसम्प्रेषणको वाच्यार्थ तहमै अधिकांश कविताहरू प्रकटीकृत भएका छन् । यस्तो भाषिकशिल्पले वीर, बीभत्स र रौद्र रसको कवितात्मक परिपाकमा सघाए पनि शान्त र करुण रसको परिपाकमा दुःश्रवता उत्पन्न गरेका छन् । यसले 'जङ्गली' को भाषिकशिल्पगत प्रयोगको आंशिक सफलतालाई देखाएको छ ।

कवितात्मक परिमाण र गुणवत्ताका दोहोरो कसीमा 'जङ्गली' तुलनात्मक रूपमा सफल देखिन्छन् । उनका कविताहरू लामो समयको नेपाली राजनीतिका बर्बरता र स्खलित राजनैतिक संस्कारलाई उपस्थापित गर्न सक्षम देखिन्छन् । विज्ञान र अध्यात्मजस्ता मानवसमाजका अन्योन्यास्रित पक्षहरूलाई कवितात्मक रूपान्तरणका साथै विसङ्गतिबोधी मानसिक घरातलको सफल प्रकटीकरणमा पनि यी कविताहरू सशक्त देखिन्छन् । कवितारचनाको लामो कालखण्डमा परिमाणात्मक सीमितता तथा जीवन र जगत्को चिन्तनगत अभीष्टको गुणात्मक प्रस्तुति 'जङ्गली' का कवितात्मक योगदानका सीमा र प्राप्ति हुन् ।

## 'जङ्गली' को कवितात्मक स्थाननिर्धारण

विक्रमको एघारौँदेखि अठाह्रौँ शताब्दीसम्मको समयावधि नेपाली कविताको विकासयात्राको पृष्ठभुमिकालको सन्दर्भमा सुवानन्द दासको पृथ्वीनारायण-सम्बन्धी वीरगानको कवित्त वा कविता (वि.सं १८२६ तिर) नै लेख्य नेपाली कवितापरम्पराको उद्घाटक कृति मानिदैँ आएको छ ।[1] वि.सं. १८२६ तिरबाट सुरू भएको नेपाली कविताको प्राथमिक काल वि.सं. १९४० सम्म विस्तारित देखिन्छ । यस समयावधिलाई पनि धारगत प्रवृत्तिका आधारमा पूर्वार्द्ध चरण (१८२६-१८७२) र उत्तरार्ध चरण ( १८७३-१९४०) गरी दुई मुख्य उपचरणमा बाँडिएको देखिन्छ । यस चरणका कविहरूले मूलतः वीरवन्दना, शासकस्तुति, देवस्तुति तथा अध्यात्मदर्शनप्रतिपादनकै सन्दर्भमा कविता-काव्यरचना गरेको देखिन्छ । यस परिप्रेक्ष्यमा 'जङ्गली' का काविताहरू उपर्युक्त प्राथमिककालीन कवितात्मक प्रवृत्तिहरूभन्दा भिन्न प्राप्तिका साथ लेखिएका देखिन्छन् ।

नेपाली कविताका विकासयात्रामा माध्यामिक काल भन्नाले मोटामोटी वि.सं. १९४१-७४ का बीचको लगभग साढे तीन दशकको समयावधिलाई लिइन्छ भने यसका परिचायक टड्कारा प्रवृत्तिगत अभिलक्षणहरूमध्ये कविताका मुद्रण र शृङ्गारिकतालाई मुख्य रूपमा लिन सकिन्छ । यस घाराका केन्द्रीय प्रतिभा मोतीराम भट्ट हुन् भने केन्द्रीय प्रवृत्ति शृङ्गारिकता रहेको दखिन्छ । यस परिप्रेक्ष्यमा 'जङ्गली' का कवितामा शृङ्गारिकता देखिदैन । प्रेम, विरहजस्ता रतिरागात्मक पक्षभन्दा वाहिर गएर

---

[1] वासुदेव त्रिपाठी र अरु (सम्पा)स नेपाली कविता भाग ४,, (चौ. सं.)

समसामयिक राजनैतिक र सामाजिक विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गर्ने क्रममा उनले माध्यामिककालीन प्रवृतिभन्दा भिन्न पहिचान स्थापित गरेको देखिन्छ ।

नेपाली कविताविधाको आधुनिक कालखण्डमा प्रवेशका सम्बन्धमा नेपाली साहित्यसमालोचकहरूमाझ आधुनिकताका मूल्य, प्रवर्त्तक र समयविन्दूका सम्बन्धमा प्रशस्त मतमतान्तर भए पनि वि.सं १९७५ र कविशिरोमणि लेखनाथ पौड्याललाई आधुनिक कविताका प्रवर्तक कवि मान्ने समालोचकहरूको बहुमत उपस्थिति देखिन्छ । यसै समयबिन्दुलाई आधुनिक कविताको उठानविन्दु ठान्दा यो समय हालसम्म लगभग नौ दशक लामो देखिन्छ । यस समयावधिमा विभिन्न धारा र उपधाराहरूको संवहन गर्दै नेपाली कविता अगाडि बढिरहेको देखिन्छ । आधुनिक नेपाली कविताको प्रथम धारा परिष्कारवादी कविता धारा हो भने यस धाराका प्रवर्त्तक लेखनाथ पौड्याल र अन्य अग्रणी कविहरू महानन्द सापकोटा, बालकृष्ण सम आदि हुन् । वि.सं. १९७५ देखि १९९० सम्म केन्द्रीय धाराको रूपमा रहेको यस धाराका सामाजिक-सांस्कृतिक उद्बोधन, राष्ट्रिय चेतनाको अभिवृद्धि, प्रकृति र जीवनजगत्को तन्मयचित्रण, कवितात्मक शिल्पगत उच्च परिष्कार तथा कवितात्मक आदर्शको स्थापना आदिजस्ता मूलभूत प्रवृत्ति हुन् । उपर्युक्त प्रवृत्तिगत केही समानता रहेपनि ‘जङ्गली’ का कविताहरू मुलभूत रूपमा यस धारागत प्रवृत्तिभन्दा भिन्न प्रकारका रहेका छन् ।

वि.सं. १९९१ बाट लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठको सहप्रवर्त्तनमा थालिएको स्वच्छन्दतावादी धाराले वि.सं. २००४ बाट प्रगतिवादी चिन्तनलाई पनि आफैँमा संवरण गर्दै २०१६ सालसम्म केन्द्रीय धाराको रूपमा स्थापित गराएको देखिन्छ । सहज आत्मप्रकाशन, शिल्पगत परिस्कारमा भन्दा भावप्रक्षेपणमा जोड, प्रकृतिको मन्मयचित्रण, मानवतावाद तथा मन र प्रकृतिको सर्वोपरिताजस्ता मूलभूत प्रवृत्ति भएको स्वच्छन्दतावादी धाराका केन्द्रीय प्रतिभा लक्ष्मीप्रसाद देवकोटा हुन् भने अन्य शीर्षस्थ कविहरूमा सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र आदि हुन् । पछिल्ला राजनैतिक ज्वारहरूका सापेक्षतामा नेपाल र नेपाली समाजका यात्राका क्रममा मुख्य रूपमा देखापरेका नेपाली राष्ट्रियता र विकासप्रयास एवम् आधुनिकीकरणका साथै प्रजातान्त्रिक र साम्यवादी सङ्घर्षका उपक्रमका क्रिया-

प्रतिक्रियाहरुको सूक्ष्मप्रभाव यसै अवधिका नेपाली कवितायात्रामा भेटिन्छन ।[२] यसै परिप्रेक्ष्यमा 'जङ्गली' का कवितामा राष्ट्रिय चिन्तन, विकासप्रयास, प्रजातान्त्रिक र साम्यवादी सङ्घर्षका कठिन क्षणहरूको भावाभिव्यक्ति, नेपाली राष्ट्रियता तथा राजनैतिक र प्रशासनिक अस्तव्यस्तताप्रति सचेत भावप्रकाशन गरिएको देखिन्छ । सहज र स्वभाविक शिल्पयोजनामा नेपाली समाजका अर्थव्यवस्था, राजनीति, सामाजिकताजस्ता पक्षहरूका केन्द्रीयतामा लेखिएका उनका कविताले यसै भावधारासँग मूलभूत रूपमा तादात्मीयता राख्न पुगेको देखिन्छ । यसर्थ 'जङ्गली' लाई नेपाली कविताविधामा आंशिक स्वच्छन्दतावादी चेत भएका प्रगतिवादी धाराका एक कविका रूपमा स्थापित गर्न सकिन्छ ।

आधुनिक नेपाली कविताको उत्तरार्धखण्ड (२०१७-हाल) मा प्रयोगवादी धारा ( २०१७-२०२९) र समसामयिक धारा (२०३०-हाल) केन्द्रीय धाराको रूपमा स्थापित भएका देखिन्छन् । २०१७ सालको राजनैतिक परिवर्तनपश्चात् नेपाली साहित्यमाथिको कडा प्रागजाँचका कारण कविहरूका अमूर्तलेखन, जटिल विम्बप्रतीकविधान, स्वचालित लेखनजस्ता प्रवृत्तिले नेपाली कविताविधामा प्रयोगवादी धाराको सूत्रपात गरेका हुन् । यस धाराका केन्द्रीय कवि मोहन कोइरालाका साथै ईश्वरवल्लभ, वैरागी काइँला आदि अग्रणी कविका रूपमा देखिन्छन् । वि.सं २०३० सम्म यस धाराले नेपाली कविताको नेतृत्व गरे पनि त्यसपछि भने क्रमशः धारागत सम्प्रेषणीयता बढ्दै गएको देखिन्छ । साहित्यमा सर्वसाधरण पाठकको सहज पहुँचलाई स्विकार्ने, 'जङ्गली' का कविताहरूले यस प्रयोगवादी धारागत कवितामान्यतालाई पूर्णतया अस्वीकार गरेका देखिन्छन् ।

वि.सं. २०३० को दशकदेखि नेपाली कविताले समसामयिक धारालाई ग्रहण गरेको देखिन्छ । प्रयोगवादी अमूर्त, अवचेनत लेखनबाट क्रमश पर हट्दै पुनः नेपाली कवितालाई सामान्य पाठकवर्गप्रति सम्प्रेषण तुल्याउँदै समसामयिक नेपाली समाज र जीवनका जल्दाबल्दा सामाजिक, राजनैतिक एवम् आर्थिक तथा साँस्कृतिक सन्दर्भका राष्ट्रिय सवालहरूलाई र केही मात्रामा समयसामयिक अन्तर्राष्ट्रिय सन्दर्भलाई पनि कवितामा व्यक्त गर्ने चासो यस धारामा मुख्य रूपमा देखा पर्छ ।[३] हालसम्ममा स्पष्ट रूपमा कुनै वर्तमान कविप्रतिभाले केन्द्रीयता ग्रहण नगरीसकेको यस कविताधारामा

[२] ऐजन पृष्ठ ११६ ।
[३] ऐजन, पृ. ११८ ।

वर्तमान पुस्ताका युवाकविहरूको बाहुल्य रहेको देखिन्छ । विभिन्न साहित्यिक आन्दोलनसँगै नवयुगको खोजीमा निरन्तर प्रवाहित यो धारा 'गणतान्त्रिक कविता महोत्सव' (२०६२) सम्म आइपुगेको छ । खरो-खस्रो व्यञ्जना र व्यङ्ग्यमुद्रामा यस धाराले आम जनजीविकाका सवालहरू, अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको जीवनशैली, जातीय-सङ्घीय स्वशासन, आत्मनिर्णयको अधिकार, सामाजिक, आर्थिक र राजनैतिक रूपले विस्थापितहरूको शासनसत्तागत पहुँच तथा मानवअधिकार आदिजस्ता लोकतान्त्रिक पक्षहरूलाई समेत कवितात्मक रूपान्तरण गर्न सकेको पाइन्छ । यस परिप्रेक्ष्यमा 'जङ्गली' का कविताहरुले यस धारागत मान्यतालाई आंशिक रूपमा संवरण गर्न सके पनि धारागत महत्ता र उचाइलाई प्राप्त गर्न सकेका देखिदैनन् ।

यस प्रकार नेपाली कविताविधाको उपर्युक्त समीक्षात्मक टिप्पणीका सन्दर्भमा कवि 'जङ्गली' लाई नेपाली कविताविधाको आधुनिक कालखण्डअन्तर्गत् पूर्वार्द्ध खण्ड (वि.सं. १९९१-२०१७) मध्ये पछिल्लो उपचरण (२००४-२०१७) का आंशिक स्वच्छन्दतावादी कवित्वचेत भएका एक प्रगतिवादी कविका रूपमा स्थापित गर्नु उपयुक्त देखिन्छ ।

## दोस्रो परिच्छेद

# साहित्यकार कमल 'जङ्गली' आचार्यको जीवनी

### २.१ जन्म र जन्मस्थान

कमल 'जङ्गली' आचार्यको जन्म वि.सं. १९९८ साल फाल्गुण ७ गते सोमबारका दिन पूर्वी नेपालको मेची अन्चलअन्तर्गत् पाँचथर जिल्ला चुचुरे गा.वि.स. वडा नं ७ यासोकमा पिता रामलाल आचार्य र माता बसुन्धरा आचार्यको कोखबाट भएको हो ।[४] जन्मसङ्ख्याका दृष्टिले उनका दाजुभाइ दिदीबहिनीको सङ्ख्या चौध भए पनि धेरैको बाल्यावस्थामै निधन भयो ।[५] जन्मका हिसाबले उनी तेह्रौं सन्तान भए पनि दोस्रा जीवित पुत्र हुन् । उनका एक दाजु र दुई दिदीहरू छन् ।[६]

पूर्वीपहाडी जिल्ला पाँचथर प्रचुर सौन्दर्यमय र पर्यटकीय दृष्टिले आकर्षक भए पनि जीवनयापनका दृष्टिले कष्टकर नै रहेको छ । जटिल भूबनावट र पर्याप्त विकासनिर्माणको अभावले जीवनयापनका बहुविध सम्भावनाहरू यस जिल्लामा अत्यन्त न्यून छन् । कृषिव्यवसाय नै बहुसङ्ख्यक जिल्लावासीहरूको साझा व्यवसाय हो । यसै परिवेशमा खेतीपाती र पशुपालन नै गरेर जीवननिर्वाह गरिरहेका रामलाल आचार्यको निम्नमध्यम वर्गीय कृषकपरिवारमा 'जङ्गली' को जन्म भएको हो ।[७] उनको परम्परागत विधिद्वारा एघारौं दिनमा पुरोहित महानन्द गर्तौलाले न्वारन गरी 'कमलप्रसाद' नाम राखेका हुन् ।[८] यो नाम 'जङ्गली' उपनाम थपेर हाल कमल 'जङ्गली' का रूपमा परिचित र चर्चित रहेको छ ।

### २.२ वंशपरम्परा

कमल 'जङ्गली' आचार्यका तीन पुस्ता अघिका वंशज यज्ञनिधि हुन् । उनी उपयुक्त बासस्थानको खोजी गर्दै खोटाङबाट पाँचथरसम्म आइपुग्छन् र खेतीयोग्य

---

[४] शोधनायकबाट प्राप्त जानकारी ।
[५] ऐजन ।
[६] ऐजन ।
[७] ऐजन ।
[८] ऐजन ।

जमीन र वनको समेत सुविधा भएको चुचुरे-७, यासोकमा स्थायी बसोबास गर्न थाल्छन् । यसै स्थानमा धेरै वर्ष व्यतीत गरेको आचार्य वंशमा कमल 'जङ्गली' को जन्म भएको हो । उनको पितृवंशपरम्परा यस प्रकारको रहेको छ । [९]

## २.३ बाल्यकाल र स्वभाव

कुनै पनि मानिसको बाल्यकालीन प्रकृति वा स्वभाव क्रीडाजगत्तिर उन्मुख हुनु हो । तर यस प्रकृतिप्रदत्त बालशुलभ क्रीडाजगत्को अनुभव कमल 'जङ्गली' ले पूर्ण रूपमा गर्न पाएनन् । 'जङ्गली' जन्मिएको चार वर्ष हुँदा नहुँदै आमाको निधन भएकाले उनको बाल्यकाल दुःखद रूपमा नै वितेको थियो । उनी मातृस्नेहबाट वञ्चित भएर हुर्किएका थिए । वि.सं. २००६ सालमा व्रतबन्ध भएर कर्म चलेपछि उनले घरायसी चुलो-चौकाको काममा सहभागी हुनुपरेको थियो । जाँतोमा मकै, कोदो, पिँध्नुपर्ने, ढिकीमा धानको चामल-चिउरा बनाउनु पर्ने, आमा नभएको घरमा क्रमशः सम्पूर्ण कार्यसम्पादन गर्न उनले त्यसै बेलादेखि नै अनिवार्य रूपमा अग्रसर हुनुपरेको थियो ।[१०] यसका साथ-साथै उनको औपचारिक अध्ययनको क्रम पनि यसै अवस्थादेखि नै सुरू भएको देखिन्छ । उनले २००५ सालबाट 'श्री जयनारायण आदर्श विद्यालय'

---

[९] ऐजन ।

[१०] 'जुही' वर्ष २२, अङ्क १, २०५९, पृ. १४ ।

मेहेल्बोटे, पाँचथरबाट अक्षरारम्भ गरेको देखिन्छ ।[११] अध्ययनका लागि उनले घरायसी कामधन्दा सकेर जानुपर्ने बाध्यता भए पनि उनले निकै अभिरूचि र उत्साहका साथ आफ्नो पढाइलाई निरन्तरता दिइरहेका थिए । तर यसबीचमा वि.सं. २००७ साल माघमा पिता रूखबाट लडेर सख्त घाइते हुनपुगे । छ महिनासम्म ओछ्यान परेर घरायसी उपचार गराइरहेका पिताको मरणासन्न अवस्थाले 'जङ्गली' को बाल्यकालीन स्मृतिमा नराम्रो ठक्कर दिनपुग्यो । यसरी उनको बाल्यकाल एकपछिको अर्को ठक्करले प्रताडित र झन् कष्टकर हुँदै गएको देखिन्छ । उनको २००८ सालमा जयकलाका साथ बालविवाह पनि भएको देखिन्छ ।[१२] कमल 'जङ्गली' सानैदेखि एकान्तप्रेमी थिए । उनी बाल-दौतरीहरूसँग खेल्न-चल्नको सट्टा घरनजिकैको रानीवनमा एक्लै विचरण गर्न रूचाउँथे । बालशुलभ चञ्चलता उनमा थिएन । फुर्सदका क्षणहरूमा पनि उनमा एकान्तमा चुपचाप गम्भीर भएर बस्ने बानीको विकास भईसकेको थियो । [१३]

## २.४ पितृ-मातृवियोग

कमल 'जङ्गली' की आमा वसुन्धरा आचार्यको निधन असमयमा नै भएको देखिन्छ । वि.सं. २००२ सालमा उनको निधन हुँदा कान्छो छोरा 'जङ्गली' को उमेर चार वर्षको मात्र थियो । कलिलो उमेरमै मातृस्नेह गुमाएका 'जङ्गली' ले यसपछि आफ्नो दुई दिदी र एक दाजुको स्नेह पाएका थिए ।[१४] आमाको सान्निध्यलाई चाँडै गुमाएका 'जङ्गली' सँग हाल आमाको रातोरातो अनुहार भएको अलि-अलि सम्झना मात्र रहेको छ ।

पिता रामलाल आचार्यको वि.सं. २०५२ सालमा निधन भएपछि 'जङ्गली' लाई पितृवियोगको अर्को चोट आइपर्छ । यो चोट मातृवियोगको ५० वर्षपछि उनले खप्नुपरेको देखिन्छ । 'जङ्गली' का पिताले लामो जीवन पाए पनि क्रियाशीलताका दृष्टिले भने सक्रिय जीवन बिताएनन् । वि.सं. २००७ सालमा रूखबाट लडेर सख्त

---

[११] शोधनायकबाट प्राप्त जानकारी ।
[१२] ऐजन ।
[१३] ऐजन ।
[१४] ऐजन ।

घाइते भई अपाङ्ग भएको ४५ वर्षपछि उनको निधन भएको देखिन्छ । यसबाट 'जङ्गली' लगायत उनको परिवारले निरन्तर ४५ वर्षसम्म अपाङ्ग पिताको सेवा-शुश्रूषा गरेको देखिन्छ ।

## २.५ शिक्षा- दीक्षा

कमल 'जङ्गली' आचार्यको औपचारिक शिक्षारम्भ वि.सं २००५ सालबाट 'श्री जयनारयण आदर्श विद्यालय' मेहेल्बोटे, पाँचथरबाट भएको हो ।[१५] तत्कालीन समयमा शिक्षा लिन आजको जस्तो शुलभ थिएन । पहाडको बसोबास अहिलेजस्तो बिजुलीबत्ती, कल-कारखाना, पढ्ने स्कुल, कलम-कापीको अभावमा धुलौटोमा 'क, ख .....' चिन्नुपर्ने, बाँसको खवटामा अँगार, सिमीको पातबाट बनाइएको मसीले लेख्नुपर्ने, मकैका ढोड बालेर पढ्नुपर्ने स्थिति थियो ।[१६] यिनै अप्ठ्यारा पक्षहरूका बीचबाट 'जङ्गली' ले सोही विद्यालयबाट २०१३ सालमा कक्षा ८ उत्तीर्ण गरेका हुन् । यसपछि आफ्नो कमजोर आर्थिक अवस्थाका कारण उनी आफ्नो पढाइ रोकेर केही वर्ष शिक्षक भई जागिर खान थाल्छन् । तर उनलाई मा.वि. शिक्षा पूरा गर्ने विचार आएकाले २०१६ सालमा विराटनगर झरे पनि पुनः भोजपुर पुग्छन् र 'विद्योदय मा.वि.' मा भर्ना भएर कक्षा ९ उत्तीर्ण गरी घर फर्कन्छन् ।[१७] भोजपुर टाढा भएकोले उनी अलि नजिकैको आठराई तेह्रथुमस्थित 'श्री त्रिमोहन हाइस्कुल' मा कक्षा १० मा भर्ना भए । उनले यस विद्यालयमा अध्ययनार्थ सचिव जनार्दन सिटौलाबाट निःशुल्कता र के.वी. दानीबाट मासिक रू १५।- पाउँछन् र पाटीमा बसेर आफ्नो पढाइ सुचारू गर्दछन् ।[१८] तर अर्ध-वार्षिक परीक्षा दिईसक्नासाथ उनी सिकिस्त विरामी हुन पुगे र उपचारका लागि तेह्रथुमको स्वास्थ्य केन्द्रमा लगिए । यहाँ उनको बिमार तुरून्तै निको नहुने भएकाले उनले यही भएको 'श्री सिंहवाहिनी मा.वि.' मा नाम लेखाए र कक्षासाथी अभि सुवेदी र जीवनाथ रिजालका साथ पढ्न थाले ।[१९] उनले यसै विद्यालयबाट

---

[१५] ऐजन ।

[१६] 'जुही' पूर्ववत् ।

[१७] ऐजन ।

[१८] ऐजन ।

[१९] ऐजन ।

सेन्टअप परीक्षा पास गरे । तर तत्कालीन समयमा त्यहाँ कतै पनि एस.एल.सी. केन्द्र नभएकाले उनले एस.एल.सी. दिन धरान आउनुपर्‍यो । उनी 'धरान पब्लिक मा.वि.' बाट २०१८ सालको प्रवेशिका परीक्षामा सामेल भए ।[२०] तर यसपटक उनी असफल भए । उनले विभिन्न केन्द्रबाट प्रवेशिका परीक्षा दिँदै गए । अन्ततः २०२२ सालमा 'पद्मोदय मा.वि.' इलामबाट दिएको परीक्षामा सफलता प्राप्त गरे ।[२१] यस सफलताले उनको एस.एल.सी. पास गर्ने उत्कट अभिलाषालाई पूरा गरेको देखिन्छ ।

उच्चशिक्षाको अवसर त्यतिबेला त्यस ठाउँमा थिएन त्यसैले 'जङ्गली' ले पट्ना युनिर्भसिटीबाट निजी विद्यार्थीको रूपमा २०२८ सालमा आई. ए. र २०२७ सालमा वी.ए. उत्तीर्ण गरे । [२२]

जङ्गलीको वि.सं. २००६ सालमा घरमै व्रतबन्धसमारोह भएको हो । उनले गुरु ब्रह्मलाल भटराईबाट गायत्री दीक्षा लिएका हुन् ।[२३]

## २.६ विवाह र सन्तान

कमल 'जङ्गली' को विवाह वि.सं. २००८ साल फागुन २० गते रानीगाउँ-६, पाँचथर निवासी गङ्गाराम खतिवडा र अयोध्या खतिवडाकी माइली छोरी जयकलासँग परम्परागत विधिद्वारा सम्पन्न भएको हो ।[२४] यतिबेला दुवैजनाको उमेर १० वर्षको मात्र भएकाले यसलाई बालविवाह नै मानिन्छ । तत्कालीन सामाजिकप्रचलन र आफ्नो आमाविहीन पारिवारिक स्वरूपका कारणले उनको बालविवाह भएको हो । बाल्यावस्थामा अरूद्वारा नै छानिएर विवाह भएको भए पनि पछि दुवैजनाको मन मिलेको देखिन्छ । हालसम्ममा 'जङ्गली' को दाम्पत्य जीवनले ५५ वर्षको सहयात्रा पार गरिसकेको छ । एक अर्काप्रति पूर्णविश्वास, आपसी प्रेम र पूर्णवफादारीका साथ आफूहरूले सहजीवन बिताएको दुवैजनाको अनुभव रहेको छ ।

---

[२०] ऐजन ।।

[२१] शोधनायकबाट प्राप्त जानकारी ।

[२२] ऐजन ।

[२३] ऐजन ।

[२४] ऐजन ।

वैवाहिक सम्बन्धस्थापना भएको ५० वर्ष पूरा गरी ५१ औं वर्षप्रवेशको अवसरमा 'जङ्गली' ले 'स्वर्णविवाहोत्सव' मनाएका छन् ।[२५] आफ्ना अभिभावकहरूले लगन जुराएर विधिपूर्वक बाँधिदिएको जोडीसँग नै ५० वर्षको लामो सफल दाम्पत्य-जीवन बिताउन सकेको उपलक्ष्यमा यो विवाहोत्सव मनाइएको हो ।[२६] यसका लागि २०५८ साल माघ १६ गते चन्द्रगढी गा.वि.स. को सभाभवनमा भएको साहित्यकार-सम्मान समारोहको कार्यक्रममा यो जोडीले स्वयंवरको नाटक गरेर दर्शकहरूलाई आफ्नो विवाहोत्सवको जानकारी गदाउँदै निमन्त्रणासमेत गरेको थियो ।[२७] यो विवाहोत्सव २०५८ साल फागुन ७ गते परिवार, आफन्त, छरछिमेक, कवि, कलाकार, प्राध्यापक आदि गरी करिव ५०० जनाको उपस्थितिमा 'जीवन स्मृति प्रतिष्ठान गृह' दमकः १० झापामा उल्लासमय वातावरणमा सम्पन्न भएको थियो ।

सन्तानप्रप्तिका दृष्टिले पनि 'जङ्गली' को दाम्पत्यजीवन सफल देखिन्छ । उनीहरूका दुई छोरा र एक छोरी रहेका छन्:

**जीवन आचार्यः** यिनी 'जङ्गली' का जेठा छोरा हुन् । उनको जन्म वि.सं. २०१५ चैत २० गते भएको हो । यिनले ललितकलामा स्नातकोपाधि (२०३९) हासिल गरेका छन् । यी राष्ट्रियस्तरमा स्थापित साहित्यकार र कलाकार हुन् । यिनका 'अन्तहीन शुरूवात' र 'जीवनका धूनहरू' दुई कवितासङ्ग्रह प्रकाशित छन् । तर दुर्भाग्यवश वि.सं. २०४६ साल वैसाख २३ गते हृदयघातका कारण ३१ वर्षको अल्पायुमै उनको देहावसान हुनगयो । तापनि छोटो जीवनका महत्त्वपूर्ण कार्यले उनलाई मर्न भने दिएको छैन । उनी लेखक, कविहरूका मनमा, साहित्यका पाठकहरूका आस्थामा, कला र साधकहरूका निष्ठामा बाँचेका छन् ।[२८] मरणोपरान्त उनको नाममा दमक- १० झापामा 'जीवन स्मृति प्रतिष्ठान' (२०५८) खोलिएको छ ।[२९] त्यसैगरी त्रि.वि.वि. नेपाली केन्द्रीय विभागद्वारा उनको जीवनी व्यक्तित्व र कृतित्वमा शोधपत्र (२०६०) पनि तयार भइसकेको छ ।

---

[२५] ऐजन ।

[२६] ऐजन ।

[२७] 'यथार्थ कुरा' वर्ष ७, अङ्कः १, पूर्णाङ्क ३५, सम्पादक्यौली, पृष्ठः २ ।

[२८] लीला उदासी, 'जीवन आचार्य चुचुरेदेखि प्रतिष्ठानसम्म' जीवन स्मृति प्रतिष्ठानः एक झलक (२०५९), पृष्ठ १ ।

[२९] जीवन स्मृति प्रतिष्ठानः एक झलक (२०५९) ।

**टङ्क आचार्य:** कमल 'जङ्गली' का कान्छा छोराका रूपमा उनको जन्म वि.सं. २०१८ साल भाद्र १८ गते भएको हो । स्नातकसम्मको अध्ययन गरेका आचार्य हाल 'मोडेल उच्च मा.वि.' दमकमा लेखापलाको रूपमा कार्यरत छन् ।[३०] साहित्यसृजनाको पारिवारिक अनुवांशिक छाप यिनमा पनि स्पष्ट रूपमा देखिएको छ । उनको हालसम्ममा 'फेरि एउटा अर्को कुरुक्षेत्र' (२०६१) नामक कवितासङ्ग्रह प्रकाशित छ ।[३१]

**राधा आचार्य:** यिनको जन्म वि.सं. २०२३ माघ १९ गते भएको हो । यिनी 'जङ्गली' की एकमात्र छोरी हुन् । हाल यिनी श्रीमान र दुई छोरीका साथ गैह्रीधारा, काठमाडौंमा बस्छिन् । स्नातकसम्मको अध्ययन पूरा गरेकी राधा 'एडभान्स एड मिडिया सर्भिस' बागबजार, काठमाडौंकी प्रबन्ध निर्देशिका हुन् ।[३२]

दुई छोरा र एक छोरीका पिता कमल जङ्गली आफ्ना सन्तानहरूले बाँचेको गुणस्तरीय जीवनदेखि सन्तुष्ट छन् । कवि र कलाकारको रूपमा परिचित जेष्ठपुत्रको निधनले मर्माहत भए पनि त्यसलाई नियतिको खेल सम्झी स्वीकार्न विवश पनि छन् । समय क्रमसँगै पुत्रशोकले पारेको गहिरो घाउमा क्रमशः खाटा लागेको पनि देखिन्छ ।

## २.७ कार्यक्षेत्रमा प्रवेश

कमल 'जङ्गली' को घरायसी आर्थिक अवस्था कमजोर थियो । त्यसैले उनलाई अध्ययनका साथ-साथ अर्थापार्जन गर्नुपर्ने बाध्यता पनि थियो । त्यसैले वि.सं. २०१३ सालमा कक्षा ८ उत्तीर्ण गरेपछि उनी शिक्षक भएर कार्य गर्नथाले । यहीँबाटै उनी आफ्नो कार्यक्षेत्रमा प्रवेश गरेका हुन् । त्यसपछि उनले वि.सं २०१३ देखि २०२३ सम्म १० वर्षजति शिक्षणसेवामा र २०२३ देखि २०४० सम्मका १७ वर्षजति स्वास्थ्य-सेवामा जागिरे भएर कार्य गरेका छन् । यसलाई अलग-अलग उपशीर्षकमा यस प्रकार देखाउन सकिन्छ :

---

[३०] टङ्क आचार्यसँगको भेटवार्ता ।

[३१] टङ्क आचार्य; 'फेरि एउटा अर्को कुरुक्षेत्र' मुक्त अभियान; विराटनगर (२०६१) ।

[३२] जयकला आचार्यबाबट प्राप्त जानकारी ।

### २.७.१ शिक्षणपेशा

कमल 'जङ्गली' पहिलोपल्ट शिक्षक भएर आफ्नो कार्यक्षेत्रमा प्रवेश गरेका हुन् । उनले वि.सं. २०१३ सालमा कक्षा आठ पास गरेर वि.जि.सि.नि. अनन्तराम दहालबाट स्कुलप्रशासनमा लेखा राख्ने र पढाउने कुरामा तालिम लिई 'त्रिभुवन प्रा वि.' सिमराह पाँचथरमा शिक्षणारम्भ गरेका हुन् ।[३३] यहाँ शिक्षक भएर कार्य गरेवापत उनी मासिक रू. ३०।- तलब पाउथे ।[३४] तर उनले यस विद्यालयमा लामो समयसम्म काम गरेनन् । २०१४ को मङ्सिरमा भाइटीका थाप्न बहिनीको घर खान्द्रुङमा गएको बेला उतै मासिक रु ४०।- खान पाउने शर्तमा उनले 'शहिद शुक्रराज प्रा.वि.' बाँझगरा, आरुबोटे पाँचथरमा शिक्षण गराउन थाले ।[३५] यस विद्यालयमा अध्यापन गराएवापत उनको अर्थोपार्जनमा मासिक रू. १० का दरले बढोत्तरी भएर रू. ४०।- पुगेको देखिन्छ । यस विद्यालयमा १ वर्षसम्म कार्य गरेपश्चात् उनलाई विद्यालयीय शिक्षा पूरा गर्ने रहर जागेर आएको देखिन्छ । त्यसैले उनले शिक्षकको जागिर छोडेर दुई वर्षसम्म कक्षा ९ र १० अध्ययन गरेको देखिन्छ । वि.सं. २०१८ सालमा पहिलोपल्ट एस.एल.सी. परीक्षामा सामेल भएपछि उनी ताप्लेजुङ आए र थुम्बेदिनस्थित डिस्ट्रिक सोल्जर बोर्डबाट सञ्चालित 'शारदा प्रा.वि.' मा प्र.अ. भई कक्षा ५, ६ र ७ सम्म सञ्चालन गर्न थाले ।[३६] यतिबेला उनको मासिक रू. १६०।- थियो ।[३७] तर यस विद्यालयमा कक्षा ८ खोल्ने विषयमा मतैक्यता नहुँदा उनले यस विद्यालयलाई छोडे ।[३८] यसपछि उनी गृहजिल्ला पाँचथर आए र २०२२ साल वैसाखमा यासोकमा 'श्री सिद्धदेवी जनता हाइस्कुल' (पृथ्वी मा.वि.) को स्थापना गरी मेची अञ्चलादीश दिगम्वर झाबाट उद्घाटन गराई सञ्चालन गर्नथाले ।[३९] यस विद्यालयमा

---

[३३] कमल जङ्गली, 'जीवन यात्रा' 'जुही ' वर्षः २२, अंङ्क १, पूर्णाङ्क ४९ (२०५९), पृ. १४ ।
[३४] ऐजन ।
[३५] ऐजन ।
[३६] 'यथार्थ कुरा' वर्षः ७ अंकः १, पूर्णाङ्क ३८, (२०५८) पृष्ठ ८ ।
[३७] कमल 'जङ्गली' 'जीवन यात्रा' 'जुही' पूर्ववत् ।
[३८] ऐजन ।
[३९] यथार्थकुरा पूर्ववत् ।

उनले डेढ वर्षसम्म कार्य गरे । यतिबेला उनको तलब रू. ६५।- मात्र थियो ।[४०] यो रकम उनको अघिल्लो विद्यालयमा कामगर्दाको भन्दा रू. ९५।- ले घटेको देखिन्छ । यसले उनको पैसामोहलाई भन्दा सेवामोहलाई उजागर गरेको छ । किनभने पाँचथर यासोकमा पहिलोपल्ट माध्यामिक विद्यालयको स्थापना भएको थियो र यस क्षेत्रका विद्यार्थीले विद्यार्जनका निम्ति 'जङ्गली' को जस्तो अन्यत्र जानुपर्ने बाध्यताको अन्त्य भएको थियो । यतिखेरसम्ममा 'जङ्गली' ले एस.एल.सी. पास गरिसकेका र उनको उमेर पनि २५ वर्षको परिपक्व अवस्थामा पुगिसकेको थियो । फलस्वरूप घरबाट टाढा गई पेशान्तर गरी जागिर खाने इच्छाको प्रादुर्भाव पनि उनमा भईसकेको थियो ।

### २.७.२ स्वास्थ्यसेवा

वि.सं. २०२३ साल पुसमा 'जङ्गली' जागिर खोज्न पाँचथरबाट काठमाडौं आए र औलो उन्मूलन सङ्घद्वारा गोरखापत्रमा माग गरिएको सिनियर मलेरिया इन्स्पेक्टरको पदमा अन्तर्वाता दिए । उनको नाम एक नम्बरमा निस्किएकाले उनी तालिम लिन भनी काठमाडौबाट भैरहवा पुगे ।[४१] यहाँबाट उनले ४५ दिनको तालिम लिएपश्चात् फिल्डट्रेनिङको लागि उनी तानसेन (पाल्पा) स्थित अर्गली दरबारमा रहेको शाखा कार्यालयमा पुगे ।[४२] यहाँ उनले तीन महिलनाको फिल्डट्रेनिङ लिएको देखिन्छ । यसबेला उनले कालीगण्डकीका खोंच-खोंचमा व्याप्त मलेरियाग्रस्त क्षेत्रमा डि.डि.टी. छर्कने तथा औलो परजीवीप्राप्त रोगीहरूलाई ओषधोपचार गर्ने कार्य गरेको देखिन्छ ।[४३] यसरी उनले तीन महिलनाको फिल्डट्रेनिङ सफलतापूर्वक सम्पन्न गरेपछि उनी जिल्ला औलो कार्यालय पोखरा सरूवा भए । यसको एक हप्तापछि उनी गोरखा गए र त्यहाँको लुइटेल बजारमा शाखा प्रमुख भई सो क्षेत्रका आँपडाँडा, गाईखुर, बोहरागाउँ, तारकुघाट आदि स्थानमा सुपरभिजन गरी औलो उन्मूलनकार्यमा युद्धस्तरमा लागिपरे ।[४४] २०३४ साल भदौंमा उनले गृहजिल्ला पाँचथरमा सरूवा पाए र पाँचथरस्थित जोरसालेमा कार्यलयप्रमुख भई पाँचथर र ताप्लेजुङका औलोग्रसित क्षेत्रमा

---

[४०] कमल 'जङ्गली' 'जीवनयात्रा' 'जुही' पूर्ववत् ।
[४१] ऐजन ।
[४२] ऐजन ।
[४३] ऐजन ।
[४४] 'यथार्थ कुरा' पूर्ववत् ।

२ वर्ष कार्यसम्पादन गरे ।[४५] यसपछि उनले वि.सं. २०२६ देखि २०२७ सम्म धनकुटाको धारापानीमा र २०२७ देखि २०२८ सम्म सप्तरी जिल्लाको फत्तेपुर शाखाअन्तर्गत् त्रिजुगाखोंचमा कार्यसम्पादन गरेको देखिन्छ । २०२८ देखि २०२९ असारसम्म उनले मोरङका मधुमल्ला, विराटनगर र रङ्गेलीक्षेत्रका अमरदह, गोविन्दपुर रङ्गेली, कुलभ्फोडा, राजधाट तथा भ्फुर्किया आदि गा.वि.स.मा डि.डि.टी छर्कने र औलोपरजीवीप्राप्त व्यक्तिलाई औषधि गर्ने कार्य गरे ।[४६] २०२९ श्रावणदेखि उनी भ्फापामा प्रवेश गरे र भ्फापाका अत्यन्त औलोप्रभावित क्षेत्रमा कार्यरम्भ गरे । उनले भ्फापाका शनिश्चरे, बाहुनडाँगी, पृथ्वीनगर, तोपगाछी, गौरादह, कोरोबारी, गौरीगञ्ज, कोहवरा आदि गा.वि.स. मा कुशलता पूर्वककार्य गरे ।[४७] यसै क्रममा २०३९ फागुनमा उनी मलेरिया सुपरिटेन्डेन्ट पदमा बढुवा पनि भए ।[४८] उनले यस पदमा बसेर २०४० माघसम्म कार्य गरे । यतिखेर सम्ममा औलोउन्मूलन भईसकेकोले सरकारले औलो उन्मूलन भईसकेको घोषण गऱ्यो । यसबेला कमल 'जङ्गली' ले नोकरीबाट स्वतः अवकाश लिनुपऱ्यो ।[४९]

यस प्रकार 'जङ्गली' ले स्वास्थ्य सेवामा १७ वर्षको अविच्छिन्न सेवा प्रदान गरेपनि २० वर्ष नपुगेकोले निवृत्तिभरण पाउनबाट बञ्चित भएको देखिन्छ ।

## २.८ गाउँ र जिल्लामा गरेका कार्यहरू

मानिस सामाजिक प्राणी हो । ऊ समाजभित्र नै तदाकार भएर बाँचेको हुन्छ । उसले त्यसै समाजबाट शिक्षा र संस्कार पाएर हुर्केकोबढेको हुन्छ । जुन व्यक्तिले आफ्नो समाजबाट असल शिक्षा र संस्कार पाएको हुन्छ उसले आफ्ने समाजमा केही सकारात्मक योगदान दिन चाहेको हुन्छ । समसामयिक युगबोध र चेतनायुक्त व्यक्तिले आफ्नो ठाउँ र समाजको वर्तमान स्थितिलाई नजिकैबाट नियालिरहेको हुन्छ । उसले त्यस समाजका समस्या र व्यवधानहरूलाई राम्ररी केलाइरहेको हुन्छ । तसर्थ समाजलाई अग्रगति र विकासतिर डोऱ्याउँन ठोस पाइला चाल्दछ । फलस्वरूप त्यो समाज उक्त व्यक्तिबाट प्रशस्त लाभान्वित हुन सक्तछ । यस्ता कर्मठ र कर्तव्यशील

---

[४५] ऐजन ।

[४६] ऐजन ।

[४७] ऐजन ।

[४८] ऐजन ।

[४९] कमल 'जङ्गली' 'जीवनयात्रा' 'जुही' पूर्ववत् ।

व्यक्तिहरू जुन समाजमा जति धेरै हुन्छन्, त्यहाँको समाज त्यति नै छिटो उन्नति र विकासले चुलिएको हुन्छ ।

कमल 'जङ्गली' आचार्य पनि पूर्वीपहाडी जिल्ला पाँचथरका एक यस्तै असल शिक्षा र संस्कारले युक्त कतर्व्यशील व्यक्ति हुन् । उनले आफ्नो गाउँ र जिल्लामा विद्यालय, पुस्तकालय खोल्नेजस्ता महत्त्वपूर्ण कार्य गरेका छन् । उनले गरेका कार्यहरूलाई कालक्रमिक रूपबाट यसप्रकार उल्लेख गर्न सकिन्छ :[५०]

- वि.सं. २०१३ सालमा सिमराह, पाँचथरमा 'श्री त्रिभुवन स्मारक प्राथमिक विद्यालय स्थापना गरी त्यसको संस्थापक प्रधानाध्यापक भएर कार्य सञ्चालन गरेको,
- वि.सं. २०१४ सालमा बाँझगरा, पाँचथरमा 'श्री शहीद शुक्रराज प्राथमिक विद्यालय' स्थापना गरी त्यसको संस्थापक प्रधानाध्यापक भएर कार्य सञ्चालन गरेको,
- वि.सं. २०२२ सालमा यासोक, पाँचथरमा 'श्री वीरेन्द्र पुस्तकालय' खोली संस्थापक सचिव भएर पुस्तकालय सञ्चालन गरेको,
- वि.सं. २०३८ सालमा 'दमक बहुमुखी क्याम्पस' को स्थापनार्थ संस्थापक सदस्य्य भएर महत्त्वपूर्ण भूमिका निर्वाह गरेको,
- वि.सं. २०४२ सालमा 'दमक बहुमुखी क्याम्पस' को निम्ति ३-०-६ (तीन बिगाह छ धुर) जग्गाको सङ्कलनमा सक्रिय सहयोग गरी निर्माण समितिको सचिव भएर उक्त जग्गाको महाविद्यालयीय व्यवथापन र भवननिर्माणकार्य सञ्चालन गरेको,
- वि.सं. २०५३ मा संस्थापक अध्यक्ष भएर 'दमक मोडेल उच्च मा.वि. को स्थापन र सञ्चालन गरेको,
- संस्थापक अध्यक्ष भएर 'नागरिक समाज दमक' (२०६१) को गठन तथा कार्य प्रारम्भ गरेको आदि ।

---

[५०] शोधनायकबाट प्राप्त जानकारी ।

जनस्तरमा ज्ञान र चेतना अभिवृद्धिका दृष्टिले तात्कालिक र दूरगामी महत्त्व राख्ने 'जङ्गली' का उपर्युक्त कार्यहरू महत्त्वपूर्ण कार्यका रूपमा देखिन्छन् ।

## २.९ सामाजिक-साहित्यिक गतिविधिसँगको संलग्नता

कमल 'जङ्गली' ले विभिन्न सामाजिक र साहित्यिक सङ्घसंस्थामा आवद्ध भएर विभिन्न कार्यहरू गरेका छन् । उनी संलग्न भएर कार्य गरेका विभिन्न सङ्घसंस्थाहरूको विवरण यस प्रकार रहेको छ :[५१]

निर्देशक - 'एडभान्स एड् मिडिया सर्भिस' (२०४८), काठमाडौं,

सल्लाहकार - 'मदन स्मृति प्रतिष्ठान' (२०५०), उर्लाबारी, मोरङ,

आजीवन सदस्य- 'साहित्य कला सङ्गम' (२०५३), दमक, झापा,

सचिव - 'प्रलेस झापा' (२०५३), बिर्तामोड, झापा,

सल्लाहकार - 'साहित्य चौतारी' (२०५६), झापा,

सल्लाहकार - 'बुद्धजीवी परिषद झापा' (२०५६), झापा,

अध्यक्ष - 'जीवन स्मृति प्रतिष्ठान' (२०५८), दमक, झापा,

संरक्षक - 'जनमत मासिक' (२०५८), काभ्रे,

सदस्य - 'प्रतिभा निकेतन' (२०६०), दमक, झापा,

सल्लाहकार - 'नेपाल बहुउद्देश्यीय सहकारी संस्था प्र.का.' (२०६१), झापा

आजीवन सदस्य- 'प्रा.डा. नरेन्द्र चापागाईं स्मृति प्रतिष्ठान'(२०६१),मोरङ आदि।

उपर्युक्त विभिन्न सामाजिक र साहित्यिक सङ्घसस्थामा आवद्ध भएर 'जङ्गली' ले आफ्नो सामाजिक र साहित्यिक क्षेत्रको सक्षम र दक्ष संलग्नतालाई प्रस्तुत गरेका छन् ।

## २.१० राजनीतिमा प्रवेश

कमल 'जङ्गली' आचार्यले वि.सं २०१८ सालमा वामपन्थी कार्यकर्ता नन्दकुमार प्रसाईसँगको भेटबाट प्रभावित भएर नेपालको वामपन्थी राजनीतिमा प्रवेश गरेका

---

[51] ऐजन ।

हुन् ।[५२] तर प्रगतिशील विचारधाराको वीजाङ्कुरण भने उनमा केही वर्ष अघिबाटै भएको देखिन्छ । वि.सं. २०१२ सालमा जनजागरणका गीत गाउँदै हिँडेका जनकवि गोकुल जोशीले सार्वजनिक स्थलमा गाएको गीत-

"कति बस्छै दिदी-बहिनी पिर लुकाएर
प्रगतिको बाटो हिँड शिर उठाएर
प्रगतिशील युवकले दियो बालेका छन्
थपिदेऊ तेल-वत्ती उज्यालो होला भन्न् ।"

भन्ने सुनेपछि उनमा प्रगतिशील युवक हुनुपर्ने रहेछ भन्ने छाप परेको देखिन्छ तथा मार्क्स र लेनिनका प्रगतिशील लेखरचनाहरूको अध्ययनले प्रगतिशील विचारधारातिर अभिप्रेरित भएको देखिन्छ ।[५३]

यसरी २०१८ सालदेखि नेपालको वामपन्थी राजनीतिमा प्रवेश गरेका जङ्गलीको राजनैतिक विचारधारागत निरन्तरता अविच्छिन्न रहेको पाइन्छ । पञ्चायती सरकारको स्वास्थ्यसेवामा कर्मचारी भएर औलोउन्मूलन कार्यमा जनताका घरदैलामा पुगेका बेला पनि उनले मार्क्सवाद र लेनिनवादको सिद्धान्तअनुसार सर्वसाधरण जनतामा राजनैतिक चेतना जगाएको देखिन्छ ।[५४] वि.सं. २०४६ सालको जनआन्दोलनमा डटेर लागेका 'जङ्गली' दमक क्षेत्रबाट निरङ्कुशताको विरोधमा जुर्मुराएर उठ्नुका साथै यसबेला उनी शिक्षक नभए पनि शिक्षकसङ्गठनको लामो आन्दोलनमा प्रत्यक्षरूपले लागेको देखिन्छ ।[५५] जनआन्दोलनको अघि र पछि नेताहरूले जनतामा गरेका बोलकबोल, जनवादी भावना, प्रजातान्त्रिक समाजवादका मीठा कल्पना गरी शोषणरहित् नेपाली समाजनिर्माण गर्ने विचार राखी जनतामा गएकोमा भोट जितेर गएका नेताहरूले आफ्नो प्रतिज्ञा, राजनैतिक आस्था र वैचारिक धरातललाई आँखा चिम्म गरी जोरलात्ती हानेको कुरा उनले आफ्ना लेख-रचनाहरूमा व्यक्त गर्दै आएका छन् ।[५६] प्रजातन्त्रको पुनर्वहालीपश्चात् राजनैतिक नेतृत्त्वतहको

[52] शोधनायकबाट प्राप्त जानकारी ।
[53] 'यथार्थकुरा' पूर्ववत्, पृष्ठ - ३ ।
[५४] 'यथार्थकुरा' पूर्ववत्, पृष्ठ - ९ ।
[५५] 'यथार्थकुरा' पूर्ववत्, पृष्ठ - ३ ।
[५६] ऐजन ।

नैतिकविचलनप्रति क्षुब्ध र आक्रोशित बनेका जङ्गली यस्तो कवितात्मक उद्गार पोख्छन् -

"हिजो झुप्रोमा बस्ने उडुस र उपियाँहरू
आज पाँच तले महलमा बढुवा भएका छन्
हिजो हाँड र छाल चुस्न नपाएकाहरू
आज बोसो र रगतमा डुबेका छन् ।"[५७]

प्रजातन्त्रपुनर्बहालीका धेरै वर्षहरू निराशावादी रहे पनि वर्तमानको बद्लिँदो राजनीतिप्रति 'जङ्गली' आशावादी देखिन्छन् । मार्क्सवाद, लेनिनवाद र माओवादले मुलुकलाई अग्रगति प्रदान गर्न सक्छ भन्ने उनको ठहर रहेको देखिन्छ ।[५८]

## २.११ भ्रमण र रूचि

यासोक कै वनपाखामा घुमेर बाल्यकाल बिताएका 'जङ्गली' ले पूर्वाञ्चलका विभिन्न पहाडी जिल्लाहरूको भ्रमण विद्यार्थी छँदा नै गरिसकेको देखिन्छ । वि.सं. २०२३ सालमा जागिर खोज्न काठमाडौं आउँदा उनले धनकुटा, सुनसरी मोरङ हुँदै भारतको जोगवनीदेखि रक्सौलसम्म भारतीय रेलमार्गबाट र वीरगञ्जदेखि काठमाडौंसम्मको वसयात्रा गरेको देखिन्छ ।[५९] नेपाल सरकारको स्वास्थ्यसेवामा कार्यरत रहँदा 'जङ्गली' ले पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चलका विभिन्न जिल्ला गरी नेपालका २५ जिल्लाहरूको भ्रमण गरेका छन् ।[६०] उनको यो भ्रमण स्वेछिक भ्रमणभन्दा पनि कामको शिलशिलामा गरिएको भ्रमण देखिन्छ । जङ्गलीको अन्तर्राष्ट्रिय भ्रमण हालसम्म भारतसम्म मात्र सीमित रहेको छ । उनले भारतका विभिन्न राज्यप्रदेशहरूको भ्रमण गरेका छन् । सिलाङ, गोहाटी, डिब्रुगढ, आसाम, दार्जिलिङ, सिक्किम, कालिम्पोङ तथा वनारस आदि उनले भ्रमण गरेका भारतीय क्षेत्र हुन् ।[६१]

---

[५७] 'मिसमासः खिच्रो र कुराउनी' पृष्ठः १४७ ।
[५८] शोधनायकबाट प्राप्त जानकारी ।
[५९] 'यथार्थकुरा' पूर्ववत्, पृष्ठ - ८ ।
[६०] शोधनायकबाट प्राप्त जानकारी ।
[६१] ऐजन ।

कमल जङ्गलीको प्रमुख रूचि साहित्यसृजना नै हो । समाजसेवा, अध्ययन-मनन र यात्रा-भ्रमण पनि उनका रूचि भएका क्षेत्रहरू हुन् । सर्ट-पाइन्ट र टोपीको साधरण सुहाउँदिलो पहिरनमा हिँड्ने 'जङ्गली' खानाको रूपमा सादा खानालाई नै मन पराउँछन् ।[६२] सामान्य जीवनशैलीमा समसामयिक युगबोधका साथ बाँच्न चाहने उनको मान्यताले 'सादा जीवन उच्च विचार' को मर्मलाई नै चरितार्थ गर्दछ । कार्ल मार्क्स, मेक्सिम गोर्की, श्यामप्रसाद शर्मा र कमल दीक्षित उनका मनपर्ने व्यक्तित्व हुन् ।[६३] ठाउँका रूपमा भने उनलाई आफ्नै जन्मक्षेत्र र कर्मक्षेत्र यासोक र दमक मन पर्छन् ।[६४]

## २.१२ सम्मान र पुरस्कार

कमल 'जङ्गली' आचार्य बहुआयमिक प्रतिभासम्पन्न व्यक्तित्त्व हुन् । उनले सामाजिक, साहित्यिक र शैक्षिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । सामाजिक सेवका बहुविध क्षेत्रमा उनले पुऱ्याएका योगदानको कदर गर्दै थुप्रै सङ्घसंस्थाहरूले उनलाई पुरस्कृत र सम्मानित गरेका छन् । उनले पाएका पुरस्कारहरूको विवरण यस प्रकार रहेको छ :[६५]

प्रथम पुरस्कार - 'मेची अञ्चलस्तरीय कविगोष्ठी (२०१९), इलाम,
सम्मानपत्र - 'श्री शारदा मा.वि.' (२०२१) ताप्लेजुङ्ग,
जनसेवा पदक - नेपाल सरकार स्वास्थ्यसेवा विभाग, (२०३७),
आदरपत्र - 'देवकोटा स्मृति भवन' (२०५२), झापा,
प्रशंसापत्र - 'राष्ट्रिय जनसांस्कृतिक मञ्च', (२०५३),
सम्मानपत्र - 'पत्रकार मञ्च, पुनर्जीवन सांस्कृतिक परिवार र नौलो आयाम' (२०५७),
सम्मानपत्र - 'श्री सिंहदेवी पुस्तकालय' (२०५७), झापा,
कदरपत्र - 'साहित्य कला सङ्गम' (२०५८), झापा,

---

[६२] ऐजन ।
[६३] 'मिसमासः खिचो र कुराउनी' अन्तिम पृष्ठबाट ।
[६४] ऐजन ।
[६५] शोधनायकबाट प्राप्त जानकारी ।

सम्मानपत्र - 'घनश्याम स्मृति प्रतिष्ठान' (२०५८) झापा,

अभिनन्दन - 'कञ्चन साहित्य समाज परिवार' (२०६०), पाँचथर,

प्रमाणपत्र - 'बृहत् साहित्यिक एवम् सांस्कृतिक कार्यक्रम' (२०६०),

सम्मानपत्र - 'चन्द्र सूर्य सीप विकास संस्था' (२०६१),

प्रशंसापत्र - 'यथार्थ कुरा' (२०६१), झापा,

सम्मानपत्र - 'दमक बहुमुखी क्याम्पस रजत महोत्सव' (२०६२), आदि ।

## २.१३. स्मरणीय सुख-दुःखका क्षणहरू

मान्छे मूलतः मानवीय संवेदनायुक्त सामाजिक प्राणी हो । जीवनभोगाइका क्रममा उसले कहिले नियतिबाट र कहिले समाजबाट विशेष परिस्थिति अनुभूत गर्दछ । यी अनुभुतिहरूनै मानवीय जीवनमा कहिले सुखात्मक र कहिले दःखात्मक भएर चिरस्मरणीय बनेर रहेका हुन्छन् ।

कमल 'जङ्गली' को आफूले एस.एल.सी. पास गरेको क्षण र आफ्नो साधरण अपाङ्ग जेठो छोराले बी.ए. पास गरेको दिन सुखको स्मरणीय क्षण हो भने कवि, कलाकार र पत्रकारको रूपमा परिचित जेष्ठ सुपुत्र जीवन आचार्यको हृदयघात भई अचानक निधन भएको वि.सं २०४६ वैसाख २३ को दिन चरम दुःखको स्मरणीय क्षण हो ।[६६]

## २.१४ लेखन

### २.१४.१ लेखनका लागि प्रभाव र प्रेरणा

बाल्यकालदेखि नै लेख्न र पढ्न रूचाउने 'जङ्गली' लेखनका लागि प्राथमिक प्रेरणास्रोतका रूपमा जनकवि गोकुल जोशीलाई लिन्छन् ।[६७] जोशीसँग उनको भेट २०१२ सालमा बाटामा आकस्मिक रूपमा भएको थियो । ती बटुवाले 'जङ्गली' सँग पूर्वतिर बग्ने खोलाको नाम, पश्मितिरको डाँडाको नाम, दक्षिणतिरको फाँटको नाम र उत्तरतिरको वनको नाम सोधेर तत्काल यस्तो कविता लेखेर सुनाइदिए[६८] -

---

[६६] ऐजन ।
[६७] ऐजन ।
[६८] ऐजन ।

"पूर्वतिर निभुखोला खुलुलुलु बग्छिन्
पश्चिमतिर सिद्धदेवी मुसुमुसु हाँस्छिन्
उत्तरतिर देउरालीमा लालीगुराँस फुल्छ
दक्षिणको वेशीफाँटमा धानको बाला झुल्छ ।"

यसरी आफूले पहिल्यैदेखि देखीरहेको ठाउँ र दृष्यलाई टिपेर आफ्नै आँखाअगाडि तत्काल यति मीठो गीतिलयको कविता लेखेर सुनाइदिएपछि 'जङ्गली' उनीबाट अत्यन्त प्रभावित हुनपुगे । उनलाई आँखाअगाडिका सामान्य विषयलाई लिएर पनि कविता लेख्न सकिन्छ  भन्ने ज्ञान पनि भयो । यसरी उनी साहित्यसृजनातिर उन्मुख हुन पुगेको देखिन्छ । पछि समाजवादी दर्शन तथा म्याक्सिम गोर्की र श्यामप्रसाद शर्माजस्ता साहित्यकारका कृतिहरूको अध्ययनबाट पनि उनी साहित्य-सृजनामा प्रेरित र प्रभावित भएको देखिन्छ ।[६९]

## २.१४.२ लेखनप्रारम्भ र प्रकाशनको थालनी

साहित्यकार कमल 'जङ्गली' ले वि.सं २०१२ सालबाट साहित्यिक लेखनको प्रारम्भ गरेका हुन् । तर तत्काल ती रचनाहरू प्रकाशित हुन नसकेकाले हाल उपलब्ध छैनन् । उनका रचनाहरूको प्रकाशन वि.सं. २०१९ सालबाट सुरू भएको हो । उनको सर्वप्रथम प्रकाशित रचना 'मनलाग्यो' कविता हो र यो 'मेची पाक्षिक' (२०१९) पत्रिकामा प्रकाशित रहेको छ ।[७०] यसपछि 'जङ्गली' का विभिन्न पत्रपत्रिकाहरूमा प्रशस्त लेख रचनाहरू प्रकाशित हुँदै आएका छन् ।

## २.१४.३ लेखनकार्य र प्रकाशित रचनाहरूको सूची

किशोरावस्थादेखि नै नेपाली साहित्यसिर्जनामा प्रवेश गरेका जङ्गली हालसम्मको वृद्धावस्थासम्म पनि यसै क्षेत्रमा सृजनारत रहेका छन् । उनको लेखनकार्य विशेषतः रात्रीकालीन सुनसान समयमा हुने गर्दछ ।[७१] उनले मुख्यतया नेपाली

---

[६९] ऐजन ।
[७०] ऐजन ।
[७१] श्रीमती जयकला आचार्यबाट प्राप्त जानकारी ।

साहित्यका कथा र कविता विधामा विशेष कलम चलाएको देखिन्छ । यसका अतिरिक्त उनको कलम संस्मरण, आलेख, स्थान/व्यक्तिचिनारी आदि विधामा पनि चलेको देखिन्छ । उनका विभिन्न समयमा विभिन्न पत्रिकाहरूमा प्रकाशित सम्पूर्ण रचनाहरूको एकत्रित रूप 'मिसमासः खिचो र कुराउनी' (२०५६) शीर्षकग्रन्थ सङ्कलित रूपमा प्रकाशित छ । त्यसैगरी 'मोतीका बिन्दु' कथासङ्ग्रह तथा 'कमल 'जङ्गली' का कविताहरू' कवितासङ्गह र यात्रासंस्मरण प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।[७२]

## २.१५ जीवनदर्शन र साहित्यिक मान्यता

कमल 'जङ्गली' माताविहीन असहज पारिवारिक स्वरूपमा हुर्किएका थिए । त्यसैबेला पिताको अपाङ्गताले उनको परिवार झन् कष्टकर अवस्थामा पुगेको थियो । उनको परिवार आर्थिक रूपले पनि सम्पन्न थिएन । यस्तो प्रतिकूल परिस्थितिमा पढाइप्रति तीव्र रूचि भएका 'जङ्गली' ले धेरै यत्नपूर्वक आफ्नो पढाइ सुचारू गर्नुपरेको थियो । कक्षा आठ उत्तीर्ण हुनेबित्तिकै अर्थोपार्जनका निम्ति उनले शिक्षक भएर जागिर खानु परेको थियो जसले उनको पढाइलाई खण्डिततताका साथ पूरा गर्न विवश तुल्याएको थियो । त्यसैगरी पछि स्वास्थ्य सेवामा जागिर खाँदा पनि उनले मलेरियाग्रस्त जिल्लाहरूमा कष्टपूर्वक कार्यसञ्चालन गर्नुपरेको थियो । तसर्थ 'जङ्गली' जीवनलाई एउटा सङ्घर्ष ठान्छन् ।[७३] सङ्घर्षै-सङ्घर्षको कठघरमा उभिएर मानिसले आफ्नो वैयक्तिक व्यक्तित्वलाई उच्चा बनाउन प्रयत्नरत रहनुपर्छ भन्ने उनको जीवनदर्शन रहेको छ ।[७४] उनी विश्रामरहित जीवनशैलीलाई मन पराउँछन् ।

'जङ्गली' साहित्यलाई जीवनको साथी मान्छन् ।[७५] उनको विचारमा जीवन र साहित्यको सम्बन्ध अन्योन्यास्रित हुन्छ ।[७६] उनी तरकारीमा नुनसरह मानवजीवनमा साहित्यको अपरिहार्यता स्विकार्छन् ।[७७] उनले साहित्यलाई मानवजीवनको एउटा दर्शन

---

[७२] शोधनायकको बायोडाटाबाट प्राप्त जानकारी ।
[७३] शोधनायकबाट प्राप्त जानकारी ।
[७४] ऐजन ।
[७५] ऐजन ।
[७६] ऐजन ।
[७७] ऐजन ।

नै ठानेको देखिन्छ । 'जङ्गली' वामपन्थी कार्यकर्ता पनि हुन्  तसर्थ उनी प्रगतिशील भएर जीवनजगत्लाई हेर्छन् । उनको विचारमा साहित्य पनि प्रगतिशील हुनुपर्दछ र त्यसले निम्नवित्तीय समाजको प्रतिबिम्बन गर्नुपर्दछ ।[७८] त्यसैगरी उनी साहित्य अभिजात वर्गको नभई बहुसङ्ख्यक सर्वसाधारण जनताको हुनुपर्ने अभिमत प्रकट गर्दछन् ।[७९] जसले साहित्यकारलाई पनि सामाजिक परिवर्तनको संवाहक र मानवीय विकासको गतिलाई अघि बढाउने कारक व्यक्तिको रूपमा समेत उपस्थापित गराएको देखिन्छ ।

[७८] ऐजन ।
[७९] ऐजन ।

## तेस्रो परिच्छेद

# साहित्यकार कमल 'जङ्गली' आचार्यको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिको व्यक्तित्वले नै उसका विशेषताहरूलाई झल्काइरहेको हुन्छ । सतत् सक्रिय व्यक्तिका व्यक्तित्वका आधारमा उसमा निहित विशेषतालाई ठम्याउन सकिन्छ । सामान्यतया व्यक्तित्व बाह्य र आन्तरिक गरी दुई प्रकारको हुन्छ । बाह्यव्यक्तित्व शारीरिक बनोट, रूप, रङ आदिसित सम्बन्धित हुन्छ भने आन्तरिकव्यक्तित्व व्यक्तिमा अन्तर्निर्हित गुण वा विशेषतासित सम्बन्धित हुन्छ । बाह्यव्यक्तित्व र आन्तरिकव्यक्तित्वको मेलबाट नै कुनै पनि व्यक्तिको पूर्ण व्यक्तित्व उपस्थापित भएको हुन्छ । यस किसिमको यिनको व्यक्तित्वलाई यसरी हेर्न सकिन्छ :

## ३.२ शारीरिक सामान्य व्यक्तित्व

कमल 'जङ्गली' को शारीरिक व्यक्तित्व सुहाउँदिलो देखिन्छ । बाल्यकालमा पहाडको एक कुनामा जन्मेको बालक पौष्टिक आहारको कमीको कारण दुब्लो, पातलो र खियाउटे शरीर[८०] भए पनि हाल उनी हृष्टपुष्ट र सुहाउँदिलो शरीरका धनी देखिन्छन् । गोलो अनुहारको गहुँगोरो रङ, ठूलो नाक, ठूला आँखा, चौडा निधार र मसिनो-पातलो फुलेको कपाल उनको परैबाट देखिने रूप हो । करिव ६२ के.जी. तौल र ५.४'' जति उचाइ भएका 'जङ्गली' हाल बृद्धावस्थामा पनि हट्टा-कट्टा र फूर्तिला नै देखिन्छन् । बुढयौली उमेरमा प्रवेश गरेपनि उनको युवाकालीन उत्साह र केही गरौं भन्ने भावनामा केही कमी नआएको धारणा श्रीमती जयकलाको रहेको छ । तापनि स्थिति यस्तो मात्र देखिदैंन । उनको शरीरमा रोगले प्रवेश गरिसकेको छ । हाल उनी मधुमेह रोगबाट ग्रसित छन्[८१] र चिकित्सकको सल्लाहबमोजिम नियमित औषधिसेवन र खानपिनमा परहेज-बन्देजका साथ रोगसित लडिरहेका छन् । तर पनि उनको जीवनमा नैराश्य छाएको छैन । सरल, मिलनसार र धीर स्वभावका धनी 'जङ्गली' जीवनका जटिल क्षणहरू पनि धैर्य, संयम र सन्तुलन नगुमाईकन कर्तव्यपथमा क्रियाशील रहिरहने व्यक्तित्व हुन् ।

---

[८०] शोधनायकबाट प्राप्त जानकारी ।

[८१] ऐजन ।

### ३.३. व्यक्तित्वका विभिन्न पाटाहरू

कुनै पनि मानिसको व्यक्तित्व उसका जीवनको आरोह-अवरोह, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया र जीवनभोगाइमा नै निर्भर हुन्छ । व्यक्तिको व्यक्तित्वनिर्माणमा उसको पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक एवम् राजनैतिक पृष्ठभूमिले निर्णायक भूमिका खेलेको हुन्छ । यसका अतिरिक्त शिक्षा-दीक्षा, रूचि, पेशा र जीवनजगतप्रतिको दृष्टिकोण पनि व्यक्तित्वनिर्माणका सहायक तत्त्वका रूपमा रहेको हुन्छ । यिनै कुराहरूको आधारमा कमल 'जङ्गली'को समष्टिव्यक्तित्वलाई हेर्दा उनको व्यक्तित्व बहुआयामिक देखिन्छ । 'जङ्ली' का बहुआयामिक व्यक्तित्वका विभिन्न पाटालाई यस प्रकार वर्गीकरण गरी चर्चा गर्न सकिन्छ :

#### ३.३.१ साहित्यिक व्यक्तित्व

कमल 'जङ्गली' को प्रमुख व्यक्तित्व नै साहित्यिक व्यक्ति हो । वि.सं २०१२ सालदेखि नै साहित्यानुरागी बनेका 'जङ्गली' आजसम्म पनि साहित्यसृजना मै संलग्न रहेका छन् । सर्वप्रथम २०१९ सालमा 'मन लाग्यो' प्रकाशित कविता लिएर साहित्यजगत्मा प्रवेश गरेका 'जङ्गली' को कलम नेपाली साहित्यका विविध विधामा चल्मलाएको देखिन्छ । यिनको साहित्यिक व्यक्तित्व विशेषतः द्रष्टाभन्दा स्रष्टाव्यक्तित्व मै विशेष सबल देखिन्छ ।

यसरी स्रष्टा व्यक्तित्वका रूपमा 'जङ्गली' कवि, कथाकार निबन्धकार र सम्पादक व्यक्तित्वका रूपमा देखिएका छन् । उनका यिनै साहित्यिक व्यक्तित्वलाई यसरी चर्चा गरिन्छ :

### ३.३.१.१ कथाकार व्यक्तित्व

साहित्यकार कमल 'जङ्गली' को साहित्यिक जीवनको एक विशिष्ट पाटो कथाकारिता हो । उनले विभिन्न शीर्षकमा पाँचवटा उत्कृष्ट कथाहरू लेखेका छन् । यी कथाहरू उनको 'मिसमासः खिच्रो र कुराउनी' (२०५६) शीर्षकग्रन्थमा सङ्कलित रहेका छन् । ग्रामीण सामाजिक जनजीवनमाथि प्रकाश पार्ने यी कथाहरू छोटा - मझौला आयामका छन् । जसले ग्रामीण समाजका अन्धविश्वास, रूढि, जातीय विभेद र तिनले निम्त्याएका समस्याहरूलाई देखाएका छन् । कथाले ती समस्याहरूको निराकरणका लगि व्यवहारोपयोगी प्रगतिशील चेतको पनि अभिव्यक्ति गरेका छन् । 'जङ्गली' का कथा यौन समस्यासँग पनि सम्बन्धित छन् । यो समस्या बालविवाहबाट सृजित छ । धर्मको नाममा सानैमा विवाह गरिएका बालिकाहरू युवावस्थामा प्रवेश गर्दासम्म विविध कारणले पतिविहीन हुनपुगेका छन् । स्वभाविक यौनचाहनाको परिपूर्तिमा व्यवधान पुगेपछि उनीहरू कुण्ठित हुन पुगेका छन् र कुण्ठित युवतीबाट यौनतृष्णा मेटन समाजका वरिष्ठदेखि कनिष्ठसम्म लागिपरेका छन् । जसबाट उत्पन्न सामाजिक विकृतिलाई 'जङ्गली' का कथाले स्पष्ट रूपले देखाएका छन् । यसर्थ कामुक सत्यकथाझैं यथार्थवादी कुरा उनका कथामा[८२] भेटिएका छन् ।

''उनका कथाहरू आफैँले भोगीराखेको आफ्नै आँखाअगाडिको समाजलाई प्रतिनिधित्व गर्नेगरीका पात्रहरू लिएर लेखिएको देखिन्छ । कथामा कुनैपनि कल्पनाशील कुराहरू छैनन् । कथा यथार्थमा उभिएका छन ।[८३] यसर्थ समाजिक यथार्थवादी कथाकारको रूपमा 'जङ्गली' सवल र सशक्त देखिन्छन् ।

### ३.३.१.२ कविव्यक्तित्व

नेपाली साहित्यका फाँटमा 'मनलाग्यो' शीर्षकको कविताद्वारा २०१९ सालमा प्रवेश गरेका 'जङ्गली' अनवरत रूपमा साहित्यसाधनारत देखिन्छन् । कवि 'जङ्गली'

[८२] 'मिसमासः खिच्रो र कुराउनी' पूर्ववत् पृष्ठ ६ ।
[८३] लीला अदासीको मन्तव्यः शोधनायकको डायरी पृ. ३२ बाट ।

को औपचारिक कवितायात्रा 'मन लाग्यो' शीर्षक कविताबाट सुरू भए यता उनले थुप्रै कविताहरूको रचना गरेका छन् । उनका कविताहरू 'मिसमासः खिच्रो र कुराउनी' (२०५६) शीर्षग्रन्थमा सङ्कलित छन् । यहाँ सङ्कलित कविताहरूले नै उनको कविव्यक्तित्वलाई चिनाएका छन् ।

कवि 'जङ्गली' ले मुख्य रूपमा मुक्तछन्दमै आफ्नो कवित्वको प्रस्फुटन गरेका छन् । राष्ट्रभक्तिप्रति ओतप्रोत हुँदै आफ्ना कवितामा 'जङ्गली' ले उच्च राजनैतिक चिन्तनको व्याख्या गरेका छन् । दिनप्रतिदिनको स्खलित राजनीतिप्रति तीव्र रोषप्रकट गर्दै उनका कविताले समुन्नत नेपालको निम्ति जीवनाहुति गर्ने सहिदहरूको पनि उच्च महिमागायन गरेका छन् । उनले व्यक्तिगत सम्झना शुभेच्छालाई पनि कवितात्मक अभिव्यक्ति दिएका छन् । उनले सुशासन र सन्तुलनका लागि सतर्क र होशियार हुन सबैमा कवितात्मक आह्वान पनि गरेका छन् । उनले शोषित-पीडितहरूका मर्महरूलाई कवितात्मक अभिव्यक्ति दिँदै शोषक-पीडकहरूलाई घोच्नसम्म घोचेका छन् तर सम्बन्धितहरू त्यो घोचाइसित पनि अटेर छन् । तसर्थ 'जङ्गली' का कविता आजका नेपालका प्रतिविम्ब हुन् । उनी तिनमा सत्य उराल्छन् तर सुन्नेका कानमा तेलमात्र हालिएको होइन, ठेडी नै मारिएको छ । आवाज भित्रसम्म ठ्याम्मै पस्तैन ।[८४] तर 'जङ्गली' ले यद्यपि घोच्न भने छाडेका छैनन् ।

'जङ्गली' का कविताहरूमा शैलीगत सरलता, भावगत गम्भीरता र वैचारिक प्रखरता भेट्न सकिन्छ । प्रगतिवाद, राष्ट्रियता र समाजसुधारको चाहना कविका मुलभूत वैशिष्ट्य हुन् ।

### ३.३.१.३ सम्पादक व्यक्तित्व

कमल 'जङ्गली' लाई सम्पादक व्यक्तित्वका रूपमा पनि देख्न सकिन्छ । उनले 'आस्था' (२०३६-३७), 'आकुञ्चन' (२०३८), 'डोली' (२०३८-३९), र 'क्षितीश-दर्पण' (२०४६-५१) आदि पत्रिकाको सम्पादक भएर आफ्नो कुशल सम्पादनक्षमताको परिचय

[८४] 'मिसमासः खिच्रो र कुराउनी' पूर्ववत् पृष्ठ ४ ।

दिएका छन् ।[८५] त्यसैगरी उनले विभिन्न पत्र-पत्रिकाहरू जस्तैः 'मेची पाक्षिक', 'जनजागृति साप्ताहिक', 'युगज्ञान', 'साप्ताहिक विचार', 'दृष्टि', 'प्रकाश', 'प्रजातन्त्र', 'स्वाधीन सम्वाद', 'मधुपर्क', 'समाचारपत्र', 'मधुपर्क', 'शैक्षिकमञ्च', 'यथार्थकुरा', 'जुही', 'प्रतिभा', 'सङ्गम', 'रसरङ्ग', 'जस्केलो', सन्देश, 'जनमत' आदि पत्रिकामा पनि सम्पादनसहयोग गरेको देखिन्छ ।[८६] उनले सम्पादकमण्डलको सदस्य भएर विभिन्न संस्था तथा व्यक्तिहरूको स्मारिका ग्रन्थको सम्पादनकार्य गरेका छन् । ती हुन्: 'स्मारिका जेसिस दमक' (२०४४)[८७], तथा 'दमक बहुमुखी क्याम्पस स्मारिका - १' ( २०५२), 'मदनस्मृति स्मारिका' (२०५३), 'नरेन्द्रप्रधान स्मृति स्मारिका' (२०५५) तथा 'घनश्याम स्मृति स्मारिका' (२०५३) आदि ।[८८]

यसप्रकार उल्लिखित पत्रिका तथा स्मारिकाहरूको कुशलसम्पादन तथा सम्पादनमा सहयोग गरेको देखिनुले उनमा पर्याप्त मात्रामा सम्पादनक्षमता रहेको प्रमाणित गर्दछ । यसले उनमा भएको सम्पादक व्यक्तित्वलाई चिनाएको छ ।

### ३.३.१.४ निबन्धकार व्यक्तित्व

कमल 'जङ्गली' ले विधागत सचेतताका साथ निबन्धको रचना गरेको देखिदैन । तर निबन्धात्मकताको अंश रहने थुप्रै नियात्रा, संस्मरण, व्यक्ति/स्थान परिचय, चिठी/सन्देश तथा आलेख आदिको रचना गरेका छन् । उनको 'सुन्दर शान्त शिलाङ' शीर्षकको नियात्रामा निबन्धात्मकता प्रवल भेटिन्छ । यसमा उनले शिलाङका बाटा, स्थानीय भाषा र संस्कृतिको विश्लेषणात्मक रूपमा वर्णन गरेका छन् । जसले उनमा रहेको आंशिक निबन्धकारिताको सूचना मात्र दिएको देखिन्छ ।

यसरी हेर्दा जङ्गली' ले निबन्धका क्षेत्रमा खासै योगदान पुऱ्याएको देखिदैन । उनले आफ्नो निबन्धकार व्यक्तित्वलाई माथि उठाउन सकेका छैनन् ।

---

[८५] शोधनायकबाट प्राप्त जानकारी ।
[८६] 'यथार्थकुरा' पूर्ववत् पृष्ठ ९ ।
[८७] 'मिसमासः खिच्रो र कुराउनी' पूर्ववत् पृष्ठ २ ।
[८८] 'यथार्थकुरा' पूर्ववत् पृष्ठ ९ ।

### ३.३.२ साहित्येत्तर व्यक्तित्व

### ३.३.२.१ सामाजिक-सांस्कृतिक व्यक्तित्व

किशोरावस्थादेखि नै सामाजिक-सांस्कृतिक गतिविधिमा संलग्न 'जङ्गली' ले आफ्नो गाउँ तथा जिल्लामा सामाजिक, सांस्कृतिक क्रियाकलापसँग सम्बन्धित भएर कार्य गरेको देखिन्छ । आफ्नो गाउँमा विद्यालय स्थापना गर्ने, पुस्तकालय खोल्ने, बाटाबाटा आदिको निर्माण गर्ने आदिजस्ता सामाजिक कार्यमा यिनले प्रशस्त योगदान दिएको देखिन्छ । यिनी आफू जन्मेको गाउँ र जिल्लामा चेतनाअभिवृद्धि गर्ने, अन्याय-अत्याचारका भण्डाफोर गर्ने तथा जाली र फटाहाको अन्त्य गर्ने आदि कार्यतर्फ अग्रसर भएको देखिन्छ । उनले समाजमा रहेका बेठ-बेठीप्रथादेखि लिएर अन्य कुरीति र कुसंस्कारहरूको विरुद्धमा पनि जोडदार आवाज उठाएको देखिन्छ । त्यसैगरी समाजमा परम्परागतरूपबाट चलिआएका विविध सांस्कृतिक र धार्मिक परम्पराहरूको अन्धानुकरण गर्नेभन्दा तीमध्ये समाजोपयोगी र वैज्ञानिकताको अंश रहने संस्कारहरूलाई मात्र ग्रहण गर्नुपर्छ भन्दै सर्वसाधारणहरूको चेतनाको अभिवृद्धि गर्ने कार्यसमेत गरेको देखिन्छ ।

कमल 'जङ्गली' ले विभिन्न सङ्घ-संस्थामा आवद्ध भएर पनि विविध सामाजिक-सांस्कृतिक कार्य गरेका छन् । उनको संलग्नता रहेका ती सङ्घ-संस्थाहरू यसप्रकार छन्:[८९]

'सामाजिक सेवा समिति दमक' झापाको सल्लाहकार (२०५६),
'मदन स्मृति प्रतिष्ठान' उर्लाबारी, मोरङको सल्लाहकार (२०५८),
'प्रा.डा. नरेन्द्र चापागाईं स्मृति प्रतिष्ठान' मोरङको आजीवन सदस्य,
'एमनेष्टी इन्टरनेशनल नेपाल ग्रुप-६५' को सल्लाहकार (२०६०),
'नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. झापा' को सल्लाहकार (२०६१),
'राष्ट्रिय बुद्धिजीवी प्रतिष्ठान' को सल्लाहकार (२०६२) आदि ।

[89] शोधनायकबाट प्राप्त जानकारी ।

कमल 'जङ्गली' झापाका एक प्रखर बुद्धिजीवी, समाजसुधारक, शैक्षिक जागरणका खम्बा, राष्ट्रसेवक, नेपाली भाषासाहित्यका विविध विधाका सफल लेखक तथा अन्धविश्वासविरोधी र मार्क्सवादीदर्शनका अनुयायी हुन् ।[९०] उनले विभिन्न व्यक्तिका स्मृति प्रतिष्ठानका आजीवन सदस्य तथा विभिन्न सामाजिक सांस्कृतिक सङ्घ-संस्थाका सदस्य भएर यस क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । उनका यिनै विविध कार्यहरूबाट 'जङ्गली' लाई सामाजिक, सांस्कृतिक व्यक्तित्वका रूपमा चिन्न सकिन्छ ।

### ३.३.२.२ राजनैतिक व्यक्तित्व

कमल 'जङ्गली' को राजनैतिक व्यक्तित्व सामान्य रूपमा नै रहेको देखिन्छ । विद्यार्थी जीवनदेखि नै राजनैतिक गतिविधिमा संलग्न हुँदै आएका 'जङ्गली' ले अध्ययनलाई निरन्तरता दिँदै वामपन्थी राजनीतिप्रति झुकाव राख्दै आएका हुन् । २०१८ मा वामकार्यकर्ता नन्दकुमार प्रसाईसँगको भेटपश्चात् उनी खुलेर नै राजनीतिक गतिविधिमा लागेको देखिन्छ । २०२३ देखि स्वास्थसेवामा जागिरे छँदासमेत उनले यस गतिविधिलाई निरन्तरता दिएको देखिन्छ । निरङ्कुश पञ्चायती शासनको विरोध गरेवापत पटक-पटक प्रहरी हिरासतमा परेका 'जङ्गली' २०४६ सालको जनआन्दोलनमा डटेर लागेको बताउँछन् । उनले पार्टी र जनप्रतिनिधिको नेतृत्वदायी ठाउँमा निम्नानुसारले संलग्नता देखाएका छन्:[९१]

ने.क.पा. एमाले जिल्ला पार्टी सङ्गठनका सल्लाहकार सदस्य,

राष्ट्रिय जनसांस्कृतिक मञ्च झापाका अध्यक्ष,

दमक न.पा. वडा नं. १० का तत्कालीन निर्वाचित सदस्य ।

झापाली वामआन्दोलनमा आजसम्म सक्रिय रहँदै आएका 'जङ्गली' ले पदमा नबसीकन पनि सँधै कुनै न कुनै माध्यमबाट सार्वजनिक सेवाका कार्य गर्दै आएको पाइन्छ ।[९२] सँधै जनता र राष्ट्रको विकास हुनुपर्छ भन्ने 'जङ्गली' प्रजातन्त्रको

---

[९०] 'मिसमासः खिचो र कुराउनी' पूर्ववत् पृष्ठ १० ।
[९१] शोधनायकबाट प्राप्त जानकारी ।
[९२] 'यथार्थकुरा' पूर्ववत् पृष्ठ ४ ।

पुनर्वहालीपश्चात् पनि प्रजातन्त्रको प्रतिफल लक्षित समुदायसम्म नपुगेकोमा खिन्न छन् । वुर्जुवाहरूकै पृष्ठपोषणमा अल्मलिएको प्रजातन्त्रलाई देखेर उनी दिक्दारी पोख्छन् -

"प्रजातन्त्र ठूला र धनीहरूको भोजभतेरमा अलमस्त भएको छ
प्रजातन्त्र गुम्सिरहेछ, धूर्तहरूको मुट्ठीभित्र गएको छ"[९३]

प्रजातन्त्रको यस्तो अवस्थाप्रति 'जङ्गली' क्रुद्ध देखिन्छन् । तसर्थ प्रजातन्त्रलाई मुट्ठीभरहरूको हातबाट खोसेर विपन्नहरूका झुप्रासम्म पुऱ्याउन उनी आह्वान गर्छन् -

"त्यसैले हिम्मत हुने वीर नेपालीहरू
उठ ! बिहानको रक्तिम सूर्यले
तिम्रो कर्तव्य पर्खिरहेछ"[९४]

कुर्सीमोहलाई छोडेर नीतिप्रति वफादरीव्यक्त गर्ने 'जङ्गली' गरिबहरूका पक्षमा बोलिरहेका देखिन्छन् । राजनैतिक नेतृत्वतहमा पुगेर दिग्भ्रमित हुनुभन्दा दिग्भ्रमित नेतृत्वलाई सजग तुल्याउन उनी मनपराउँछन् । बदलिँदो समसामयिक राजनैतिक परिवेशमा पनि 'जङ्ली' राष्ट्रका सपुतहरूलाई सजक तुल्याईरहेका देखिन्छन् -

"राष्ट्रवादीहरू ! होशियार हुनुपर्छ
सूर्यमा ग्रहण लाग्न सक्छ ।"[९५]

कमल 'जङ्गली' को लामो जीवन अनुभवले परिपूर्ण रहेको छ । भुक्तभोगी 'जङ्गली' साधरण रहे-सत्तामुखी रहेनन् । सामाजिक रहे-व्यक्तिवादी बनेनन् र रहेनन् ।[९६] उनले यसरी नै आफ्नो राजनैतिक जीवन बिताइरहेका छन् । यसले उनको राजनैतिक व्यक्तित्वलाई माथि उठाएको छ ।

---

[९३] 'मिसमासः खिच्रो र कुराउनी' पूर्ववत् पृष्ठ १४७ ।
[९४] ऐजन ।
[९५] ऐजन पृष्ठ १४९ ।
[९६] ऐजन पृष्ठ ७ ।

### ३.३.२.३ शिक्षकव्यक्तित्व

स्नातकसम्मको उच्चशिक्षा आर्जन गरेका 'जङ्गली' ले विभिन्न विद्यालयहरूमा शिक्षक भएर कार्य गरेका छन् । उनले सर्वप्रथम २०१३ सालदेखि पाँचथर सिमराहस्थित 'श्री त्रिभुवन स्मारक प्रा.वि.' को प्रधानाध्यापक भएर आफ्नो शिक्षकजीवनको सुरूवात गरेका हुन् । यस विद्यालयमा उनले करिब डेढ वर्षजति अध्यापन गराएको देखिन्छ । यसपछि 'जङ्गली' ले आरुबोटे पाँचथरमा रहेको 'श्री सहिद स्मारक प्रा.वि.' मा लगभग दुई वर्षजति अध्यापन गराएको देखिन्छ । २०१६ देखि २०१८ सम्म 'जङ्गली' ले अध्यापन छोडेर आफूले अध्ययन गरेको देखिन्छ । २०१८ मा पहिलोपल्ट एस.एल.सी. परीक्षामा सामेल भएपश्चात् उनी ताप्लेजुङ आइपुग्छन् र थुम्बेदिनस्थित 'श्री शारदा प्रा.वि.' मा प्रधानाध्यापक भएर पुनः अध्यापन कार्य सुरू गर्छन् । तर यस विद्यालयमा पनि उनले लामो समयसम्म कार्य गर्दैनन् । २०२२ सालमा उनी पाँचथर आइपुग्छन र यासोक बजारमा 'श्री सिद्धदेवी जनता मा.वि.' (पुथ्वी मा.वि.) खोल्न सहयोग गरी यसै विद्यालयमा शिक्षक भएर कार्य गर्न थाल्छन् । यस विद्यालयमा उनले डेढवर्षजति अध्यापन गराएको देखिन्छ ।

'जङ्गली' को शिक्षक जीवन वि.सं २०१३ देखि २०२३ सम्मगरी जम्मा दस वर्षको समयावधिसम्म विस्तारित रहेको देखिन्छ । यस समयावधिमा उनले विभिन्न चारवटा विद्यालयमा अध्यापन गराएको देखिन्छ । जसले उनको एकै विद्यालयमा दीर्घसेवाको अभावलाई देखाएको छ । तत्कालीन समयमा शिक्षणसंस्थाहरूको अभाव थियो । त्यसकारण एकै विद्यालयमा अध्यापन गराएर बस्नुभन्दा विभिन्न स्थानहरूमा विद्यालयमा खोल्नु तत्कालीन समयको माग थियो । यही युगीनआवश्यकतालाई बुझेर नै 'जङ्ली' ले पनि शिक्षाक्षेत्रमा बिताएको दश वर्षलाई शिक्षणकार्यका साथ-साथ विभिन्न स्थानमा विद्यालयस्थापना गरी शिक्षाप्रसारमा समेत खर्चेको देखिन्छ । यसरी विभिन्न शिक्षणसंस्थाहरूको स्थापना साथ केही समय शिक्षणसमेत गरी त्यस विद्यालयको उठान गर्नुले उनको शिक्षाप्रेमलाई अभिव्यक्त गर्दछ । यसका साथै 'जङ्गली' ले हाल 'दसजोड दुई' क्याम्पसको स्थापनमा आर्थिकसाझेदारीसाथ प्रशासकीय निर्देशन गरिरहेको देखिन्छ । यसले जीवनावधिको उत्तरार्धखण्डमा उनको नाफामूलक शैक्षिक लगानिप्रतिको आकर्षणलाई देखाएको छ ।

### ३.३.२.४. जागिरेव्यक्तित्व

निम्नमध्यम वर्गीय आर्थिकस्वरूप भएका 'जङ्गली' ले अध्ययन-अध्यापनको क्रममा पूर्वीपहाडका धेरै ठाउँ भौतिरिँदाभौतारिँदै २०२३ सालतिर जागिर खोज्न भनी काठमाडौं प्रवेश गरेको देखिन्छ । आर्थिकअवस्था कमजोर भएका 'जङ्गली' ले पढ्नका लागि पढाउँदै खर्च जुटाएको देखिन्छ । सानैदेखि मेहनती र अध्ययनमा लगनशील भएकोले २०२३ सालमा नेपाल सरकारको स्वास्थसेवामा सिनियर मलेरिया इन्स्पेक्टरको पदमा यिनी प्रवेश गर्न सफल हुन्छन् । यही पदमा बसेर यिनले विभिन्न औलोग्रस्त जिल्लाहरूमा गएर औलोउन्मूलन कार्य कुशलतापूर्वक सञ्चालन गर्दछन् । उनले यसरी नै अविच्छिन्न रूपमा यस क्षेत्रमा १८ वर्षसम्म कार्य गर्दछन् । अनुशासित, कर्तव्यनिष्ठ र कार्यकुशल 'जङ्गली' ले यस क्षत्रमा उत्कृष्ट सेवाप्रदान गरेवापत् नेपाल सरकारको तर्फबाट 'जनसेवा पदक' (२०३८) पनि प्राप्त गरेको देखिन्छ । उच्च मनोबल, क्षमता र इमान्दारीपूर्वक आफ्नो कर्तव्यनिर्वाह गरेका 'जङ्गली' ले २०४० सालमा मलेरिया इन्स्पेक्टरबाट मलेरिया सुपरिटेन्डेन्टको पदमा समेत बढुवा भएर कार्य गरेको देखिन्छ । यसरी उनको जागिरेव्यक्तित्व निकै सफलतापूर्वक बढोत्तरी हुँदै गए पनि नेपाल सरकारले २०४० सालमा औलो उन्मूलन भएको घोषणा गर्दै औलोउन्मूलन सङ्घलाई स्वास्थ्य मन्त्रालयमा गाभेपछि उनले स्वतः अवकास प्राप्त गरेको देखिन्छ ।

कमल 'जङ्गली' ले आफ्नो जागिरेजीवन कर्तव्यनिष्ठ र उत्तरदायीपूर्ण रूपले बिताएको देखिन्छ । जसको कारण उनी जनस्तरबाट र सरकारी स्तरबाट पनि सम्मानित र प्रशंसित देखिन्छन् । तापनि अविच्छिन्न १८ वर्षसम्मको सरकारी सेवाप्रदान गरेका 'जङ्गली' थप दुई वर्षको अभावमा हाल निवृत्तिभरण पाउनबाट भने वञ्चित छन् । यो उनको वर्तमानको गुनासो बनेर रहेको देखिन्छ ।[९७]

## ३.४ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनबीचको अन्तर्सम्बन्ध

साहित्यकार कमल 'जङ्गली' आचाईको साढे छ दशक लामो जीवनावधिलाई हेर्दा उनको जीवनचक्र विभिन्न सम र विषम परिवेशका माझबाट गुज्रेको देखिन्छ । पूर्वबाल्यावस्थामै मातृस्नेहबाट वञ्चित हुनपुगेका 'जङ्गली' को जीवन दुर्घटनावश

[९७] शोधनायकबाट प्राप्त जानकारी ।

हुनगएको पिताको अशक्तावस्थाका कारण असहज र झन् कष्टकर बन्न पुगेको देखिन्छ । पारिवारिक आर्थिक अवस्था कमजोर भएका 'जङ्गली' ले जटिल र कठिन परिस्थितिका माझबाट स्नातकसम्मको उच्चशिक्षा हासिल गर्नुका साथै भरपर्दो जीविकाको खोजीका सन्दर्भमा कहिले यता र कहिले उता भौंतारिनु परेको देखिन्छ । यही सङ्घर्षपूर्ण जीवनको सुरूवातका क्षणमा २०१२ सालमा जनकवि गोकुल जोशीसँगको भेटपश्चात् उनको कलम साहित्यसृजनामा प्रवेश गर्न पुगेको देखिन्छ । जोशीका गीतिलयका जनवादी कविताले उनमा साहित्यप्रतिको अनुराग र आकर्षण बढाएकाले यो भेट 'जङ्गली' को जीवनीको महत्त्वपूर्ण घट्नाप्रसङ्गका रूपमा स्थापित भएको देखिन्छ । वि.सं २०१८ मा 'जङ्गली' को दोस्रो महत्त्पूर्ण भेट स्थानीय वामपन्थी नेता नन्दकुमार प्रसाईसँग भएको देखिन्छ । यस भेटले उनमा कम्युनिष्ट विचार, मार्क्सवादी दर्शन र प्रगतिशील साहित्यतर्फ झुकाव बढाएको देखिन्छ । यसपछि उनले जालीझेली, शोषक-सामन्ती र वर्गीय असमानताप्रति तीव्र कवितात्मक विद्रोह गर्दै 'मन लाग्यो' (२०१९) प्रथम प्रकाशित कविताको रचना गरेको देखिन्छ । सामन्ती र ठालूप्रवृत्तिको घज्जी उडाउँदै सर्वहारा वर्गको पक्षपोषणमा लेखिएको उनको यो कविता 'मेची अञ्चलस्तरीय कविगोष्ठी' मा प्रथम भई पुरस्कृतसमेत भएको देखिन्छ । साहित्यसृजनाको प्रारम्भिक चरणमै प्राप्त यस्तो हौसलाले 'जङ्गली' मा साहित्यरचनाका निम्ति आत्मविश्वास जगाउनुका साथै औपचारिक कवितालेखन र प्रकाशनको क्रम पनि सुरू भएको देखिन्छ ।

वि.सं २०१९ सालबाट कविताविधामार्फत् नेपालीसाहित्यमा प्रवेश गरेका 'जङ्गली' नेपाली साहित्यको कविताविधामा मात्र सीमित बनेका छैनन् । उनको कलम नेपाली कविताका साथै कथा, संस्मरण, चिठ्ठी/सन्देश आदि विधामा पनि चलको देखिन्छ । यिनै साहित्यिक विधामार्फत् अघि बढेका 'जङ्गली' हाल नेपाली साहित्यका कवि, कथाकार र सम्पादक व्यक्तित्वका रूपमा स्थापित पनि भएका छन् । उपर्युक्त सबै विधामा उनको जीवनी र व्यक्तित्वको आंशिक प्रभाव परे पनि त्यसको सवैभन्दा ज्यादा प्रभाव कविताविधामा परेको देखिन्छ । मार्क्सवादी दर्शनका अनुयायी 'जङ्गली' ले आफ्ना अधिकांश कवितामा मार्क्सवादी चिन्तनलाई प्रस्तुत गरेका छन् । निडर, निर्भीक र जुझारु 'जङ्गली' का प्रायः कविताले सामाजिक, राजनैतिक र प्रशासनिक अस्तव्यस्तता र विसङ्गतिप्रति व्यङ्ग्यप्रहार गरेका छन् । हाल बृद्धावस्थामा प्रवेश

गरेका 'जङ्गली' ले पराश्रित दीन बृद्ध-बृद्धाका याचनालाई पनि 'शान्तिका दूत' शीर्षककवितामा प्रस्तुत गरेका छन् भने आफ्नो पुत्रवियोगको भावविह्वलतालाई 'जीवनको सम्झना' शीर्षकमा कवितात्मक रूपान्तरण गरेका छन् । त्यस्तै, 'जङ्गली' को साहित्येत्तर व्यक्तित्व पनि प्रवल बनेर रहेको छ । उनको साहित्येत्तर व्यक्तित्वका विभिन्न पाटाहरू पनि उत्कृष्ट नै देखिन्छन् । तर पनि तिनले उनको साहित्यिक व्यक्तित्वलाई नै सघाउ पुऱ्याएका छन् । उनको साहित्येत्तर व्यक्तित्वको तुलनामा साहित्यिक व्यक्तित्व नै अखण्डित रहनुले पनि यसै कराको पुष्टि गर्दछ । राजनैतिक रूपमा कम्युनिष्ट विचारधारालाई ग्रहण गरेका 'जङ्गली' ले साहित्यलाई सर्वहाराको सम्पत्ति ठान्दै यसले उनीहरूकै पक्षपोषण गरेको हुनुपर्ने मान्यता राखेको देखिन्छ । साहित्यले अभिजात र कुलीन वर्गको नभई निम्नवित्तीय समाजको प्रतिविम्बन गर्नुपर्छ भन्ने उनको धारणा रहको छ । उनी आफूले पनि त्यसै अनुरूपको साहित्यरचना गरेका छन् भने यसले उनको राजनैतिक चेत र साहित्यसृजनाका बीचको समन्वयलाई देखाएको छ ।

साहित्यकार 'जङ्गली' जीवनका हरेकक्षण साहित्यसृजनामा लागिरहने धारणा प्रस्तुत गर्दछन् । लेखन र साहित्यसृजनाकै क्षेत्रमा साढेचार दशकको समयावधि बिताएका 'जङ्गली' हाल बृद्धावस्थामा प्रवेश गरिसकेका छन् । तापनि शिथिलता, आलस्यता र जिम्मेवारीपराङ्मुख भावनाजस्ता कमजोरीहरू उनमा अहिलेसम्म पनि देखापरेका छैनन् । तर विडम्बना ! यस्ता 'जङ्गली' यी पछिल्ला दिनहरूमा एकपछिका अर्का दैवीप्रहारबाट प्रताडित बन्न पुगेका छन् । जीवनावधिको यस वार्धक्यमा उनले पुत्रशोकको मर्मान्त पीडाका साथै पत्नीवियोगको आलोचोट पनि सहनु परेको देखिन्छ । परिवारजनको वियोगका गह्रुँगा चोट बोके पनि उनी कमजोरहरूलेझैँ आलापविलाप नगरी गम्भीरतापूर्वक सामाजिक तथा साहित्यिक क्रियाकलापमा क्रियाशील रहिरहेका छन् ।[९८] उनले आफ्ना धेरै पीडाहरूलाई साहित्यसृजनाका माध्यमबाट शमन गरेको देखिन्छ । जीवनका सुख-दुःखका सवै क्षणहरूमा साहित्यसेवा गरिरहने 'जङ्गली' एक धीर, संयम र अनुकरणीय व्यक्तित्व हुन् । जीवनका सम र विषम सवै परिस्थितिका घात र प्रतिघातका माझबाट पनि उनको कलम चलिरहेको पाइन्छ ।

[९८] 'यथार्थकुरा', पूर्ववत् पृ. १२ ।

# चौथो परिच्छेद

# कथाकार कमल 'जङ्गली' का कथाहरूको विश्लेषण

कमल 'जङ्गली' नेपाली कथासाहित्यका क्षेत्रमा साधनारत कथाकार हुन् । उनले वि.सं २०२५ सालबाट कथालेखनको क्षेत्रमा प्रवेश गरेका हुन् । हालसम्म पनि उनी यस क्षेत्रमा साधनारत देखिन्छन् । कथा लेखनका क्षेत्रमा लगभग चारदशकको समयावधि व्यतित गरेका 'जङ्गली' ले 'को होला ?', 'ऊ फेरि फर्कला ?', 'पुर्परो बलियो भएपछि' 'तारा माला' र पूर्णिमा' जस्ता विभिन्न शीर्षकमा पाँचवटा कथा लेखेका छन् । यी कथाहरू उनको 'मिसमास: खिच्रो र कुराउनी' (२०५६) शीर्षकग्रन्थमा सङ्कलित रूपमा प्रकाशित रहेका छन् । उनको 'मोतीका बिन्दु' नामका कथासङ्ग्रह हाल प्रकाशोन्मुख रहेको छ ।

यसप्रकार, 'जङ्गली' का उपयुक्त पाँचवटा कथाहरूलाई नै यस शोधग्रन्थमा कथातत्त्वहरूका आधारमा विश्लेषण गरिन्छ :

## ४.१ 'को होला ?' कथाको विश्लेषण:

### १. कथावस्तु

यस कथामा ग्रामीणसमाजको सामाजिक सेरोफेरोको विषयवस्तुलाई कथावस्तुको रूपमा प्रयोग गरिएको छ । तत्कालीन अशिक्षित ग्रामीणसमाजमा हुने बालविवाह र त्यसबाट उत्पन्न सामाजिक समस्यालाई कथामा देखाइएको छ । यस समस्यालाई कथामा रैखिकढाँचामा क्रमिकविन्यास गरिएको पाइन्छ । रैखिकढाँचाको आदि, मध्य र अन्त्ययुक्त संरचनामा यस कथाको कथावस्तु यसरी शृङ्खलित भएको देखिन्छ:

### अ. आदिभाग

यस कथाको प्रारम्भ नै "रूपौलीको के दोष !" बाट भएको छ । यसबाट कथामा प्रस्तुत गर्न खोजिएको समस्याको पृष्ठभूमि तयार पारिएको देखिन्छ । बालविवाह गरिएकी रूपौलीको दुलाहा 'ख्याउटे' बिहे गरेको भोलिपल्टैदेखि गाउँघरबाट

बेपत्ता भएको छ । धेरै समय बितिसक्दा पनि लोग्ने फर्कदैन, यता सासूससुरा पनि मरेकाले रूपौली एक्लै जीवनयापन गरिरहेकी हुन्छे । एक्लै जीवनयापन गरिरहेकी यौवनमत्त रूपौलीमाथि समाजका धेरै पुरुषहरूले गिद्देदृष्टि लगाउँन थाल्छन् भने ऊ पनि आतुर भएर लोग्नेको चाहना गरिरहेकी हुन्छे तर उसको लोग्ने पनि अप्राप्य नै भईरहेको हुन्छ । यसै कुरालाई कथाको प्रारम्भमा घटनाको क्रमद्वारा मिलाइएको छ । यहाँ रस, गन्ध, स्पर्श, शब्द र रूपले परिपूर्ण यौनातुर रूपौली र बाउन्नेका बीच स्थापित अवैध यौनसम्बन्धसम्मको कथांशलाई यस कथाको आदिभाग मान्न सकिन्छ ।

**आ. मध्यभाग**

यस खण्डमा १९ वर्षपछि जोगीको भेषमा ख्याउटेको आगमनलाई देखाइएको छ । ऊ रूपौलीको लोग्ने नै भएको पक्का भएपछि समाजले रूपौलीलाई उसको जिम्मा लगाएको देखिन्छ भने ऊ चाहिँ रूपौलीको विगतको चरित्रको अनुसन्धान गर्दैरहेको हुन्छ । यसै क्रममा ऊभित्र द्वन्द्वले तीव्ररूप लिनु यस कथाको मध्यभाग हो । यस भागले सम्पूर्ण कथाको आगामी कथांशका लागि पाठकलाई उत्सुक बनाएको हुँदा आफ्नो शङ्कामा ख्याउटेले के कस्तो यथार्थता पाउन सक्दछ भन्ने कुराको जिज्ञासा पाठकहरूमा पनि पर्न गएको देखिन्छ । यस मनोद्वन्द्वमा ख्याउटेले जुन प्रकारको परिणाम पाउँदछ, त्यसले कथाको उत्कर्षका लागि भूमिका पनि तयार पारेको देखिन्छ ।

**इ. अन्त्यभाग**

ख्याउटेले रूपौलीको पूर्वसमयदेखि नै बाउन्ने जेठोसित यौनसम्पर्क रहेको पक्का गरी घर छोडेर हिँड्नु यस कथाको उत्कर्ष भाग हो । यस भागमा ख्याउटेले छोडेको नौ महिनापछि रूपौलीबाट छोरो जन्मिनु र त्यसको बाबु ख्याउटे नै घोषित हुनु तर छोराको अनुहारचाहिँ ख्याउटे, बाउन्ने कसैसँग नमिली नजिकैको स्कुलमास्टरसँग मिल्न पुगेको सम्मको कथांशलाई प्रस्तुत गरिएको छ । यसले एउटी कामेच्छु युवतीका कामानुरागलाई समाजका रूढनियमहरूले नियमन गर्न नसक्ने तथा त्यसले वास्तविक बाबुसमेतको पहिचान हुन नसक्ने कतिपय युगीन विसङ्गतिका परिप्रेक्ष्यमा ‘को होला ?’ भन्ने यस कथाको शीर्षकसामञ्जस्यलाई पनि देखाएको छ ।

यस प्रकार प्रस्तुत कथा 'को होला ?' को कथावस्तु पूर्ण रैखिकढाँचामा अघि बढेको देखिन्छ । यस कथामा पात्रहरू र घट्नाहरूका बीचको तारतम्यलाई कलात्मकताका साथ कसिलो संरचनामा सुगठित गरिएको देखिन्छ ।

## २. चरित्रचित्रण

प्रस्तुत कथामा सातजना मानवीय पात्रहरूको प्रयोग गरिएको छ । यी पात्रहरूका गुण-दोष, आचार-विचार आदिलाई कथाकार आफैँले वर्णन गर्दै वर्णनात्मक पद्धतिद्वारा परिचय गराएका छन् । यसै परिचयको आधारमा यस कथामा प्रयुक्त पात्रहरूलाई यसरी तालिकाबद्ध गरी विश्लेषण गरिन्छ :

| | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेत | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पात्रनामहरू** | **स्त्री** | **पुरुष** | **प्रमुख** | **सहायक** | **गौण** | **अनुकूल** | **प्रतिकूल** | **गतिशील** | **स्थिर** | **व्यक्तिगत** | **वर्गीय** | **नेपथ्य** | **मञ्चीय** | **बद्ध** | **मुक्त** |
| रूपौली | स्त्री | - | प्रमुख | - | - | - | प्रतिकूल | गतिशील | - | - | वर्गीय | - | मञ्चीय | बद्ध | - |
| ख्याउटे | - | पुरुष | प्रमुख | - | - | अनुकूल | - | गतिशील | - | - | वर्गीय | - | मञ्चीय | बद्ध | - |
| बाउन्ने जेठो | - | पुरुष | - | सहायक | - | - | प्रतिकूल | - | स्थिर | - | वर्गीय | - | मञ्चीय | बद्ध | - |
| रमला | स्त्री | - | - | - | गौण | अनुकूल | - | - | स्थिर | व्यक्तिगत | - | नेपथ्य | - | - | मुक्त |
| कृष्णा | - | पुरुष | - | - | गौण | अनुकूल | - | - | स्थिर | व्यक्तिगत | - | नेपथ्य | - | - | मुक्त |
| स्कुलमास्टर | - | पुरुष | - | - | गौण | - | प्रतिकूल | - | स्थिर | व्यक्तिगत | - | नेपथ्य | - | - | मुक्त |
| नवजात शिशु | - | पुरुष | - | - | गौण | अनुकूल | - | - | स्थिर | व्यक्तिगत | - | नेपथ्य | - | - | मुक्त |

## ३ संवाद

यस कथाका पात्रहरूका बीचमा संवाद आएको छैन । पात्रहरूका गुण-दोष, आचार-विचार, भावना र प्रवृत्ति आदिलाई कथाकार आफैँले वर्णन गरेका छन् । कथाकारकै वर्णनबाट उनीहरूको परिचय खुल्नुका साथै यस कथाको कथानक पनि अघिबढेको छ । अतः संवादात्मकताका दृष्टिले यो कथा सामान्य देखिन्छ । यसमा प्रत्यक्ष वर्णन गरिएको संवादको उपयोग भएको छ ।

## ४. परिवेश

प्रस्तुत कथाको परिवेशको रङ्ग स्थानीय किसिमको रहेको छ । कथाको भौतिकजगत् पूर्वीपहाडी जिल्ला पाँचथर र यसको आसपासका क्षेत्रहरूसँग सम्वन्धित रहेको छ । पाँचथर जिल्लाका काबेली खोलाको गढतीर, सालबारी, बगर, ओडार तथा च्याङ्थापु डाँडा र सीमापारी दार्जिलिङ बजार आदिक्षेत्रहरूका प्राकृतिक पर्यावरणहरू यस कथामा स्पष्ट रूपमा आएका छन् । त्यसै गरी गुहाटी, सिलाङ, मुम्बई तथा दिल्ली आदि भारतीयक्षेत्रहरू पनि यस कथामा सूच्यात्मक रूपबाट आएका देखिन्छन् । यसै भौतिक पर्यावरणभित्र संरचित सामाजिक संरचनाको २०३० को दशकको सामाजिक चित्रलाई कथाकारले समयको रूपमा उल्लेख गरेका छन् । वि.सं. २०२० सालदेखि नै नेपालमा मुलुकी ऐनको लागू गरिएको भए पनि शिक्षा, सञ्चार र यातायातको कमीको कारण चेतनाको स्तर माथि उठीनसकेको समाजमा छिटपुट रूपमा बालविवाहको अवशेष बाँकी नै रहेको तत्कालीन समयको सामाजिक स्वरूपलाई कथाले उजागर गरेको देखिन्छ । यसैगरी तत्कालीन सामन्तवादी सामाजिक संरचनामा ख्याउटेजस्ता निरीह पात्रले सामाजमा प्रतिष्ठाका साथ बाँच्न नसकी पलायन हुनुपर्ने र आफ्नी श्रीमती समाजका कथित् वरिष्ठहरूको भोग्या हुन विवश हुनुपर्ने तत्कालीन समाजको दुःखद वातवरणलाई कथाले चित्रण गरेको देखिन्छ ।

## ५. भाषाशैली

प्रस्तुत 'को होला ?' कथाको भाषाशैली सरल, सहज र स्वभाविक किसिमको रहेको छ । यस कथामा कथाकारले शब्दाडम्वर र कलात्मक अभिव्यक्तिले भाषालाई

आलङ्कारिक बनाउनुको सट्टा ग्रामीणसमाजमा प्रयोग गरिने पद, पदावली, उखान-टुक्का र कथ्यभाषाको चयन गरी सहज भावसम्प्रेषणमा ध्यान पुऱ्याएको देखिन्छ । यस कथामा तत्सम, तद्भव, आगन्तुक र अनुकरणात्मक गरी चारै शब्दस्रोतका चलनचल्तीमा रहेका बोध्य शब्दहरूको सहजप्रयोग भएको देखिन्छ । 'लीला', 'मृग', प्राण', 'कन्यादान', 'पूजा' र 'अग्नि' आदिजस्ता बहुप्रचलित तत्सम शब्दहरूको प्रयोग यस कथामा गरिएको छ । त्यसैगरी 'उकालो', 'प्यारासाइड' 'स्कुल' र 'मास्टर' जस्ता आगन्तुक शब्द तथा 'ढकमक्क', 'खासखुस', 'ट्याक्कजस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग पनि यस कथामा भएको देखिन्छ । यसका साथै पशुनाम 'फुर्की', पारिश्रमिक, 'दर्मा' तथा 'लगनगाँठो' 'डण्डिबियो', 'हुतिहारा' जस्ता कथ्यभाषाका शब्दको प्रयोगले पनि यस कथामा ठेट नेपाली परिवेशको झलक दिएको पाइन्छ । कथाकारले आवश्यकतानुसार 'पल्केको तिल्के घरी-घरी मिल्के', 'आवश्यकताले आविष्कार गर्छ', किंमकर्तव्यविमूढ' जस्ता उक्ति र सूक्तिको प्रयोग पनि कथामा यथास्थानमा गरेको देखिन्छ । यसले कथाको भाषालाई थप तीव्र र मुखर तुल्याउन सहयोग पुऱ्याएको छ । यस कथामा छोटा - छरिता र अविचलित वाक्यविन्यास र कम्तिमा दुई हरफदेखि बढीमा बाह्रहरफसम्मका छोटा र मध्यम आयामका एघारवटा अनुच्छेदको योजना गरिएको छ । यस किसिमको भाषिकप्रयोग गरिएको यस कथामा उच्चको सट्टा सामन्य र अलङ्कृतको सट्टा स्वभाविक प्रस्तुतिशैलीको प्रयोग भएको देखिन्छ ।

## ६. उद्देश्य

यस कथामा कथाकारले बालविवाह र त्यसबाट उत्पन्न हुने सामाजिक समस्यालाई देखाउनुका साथै ठालुसंस्कृति हावी भएको परम्परागत सामाजिक संरचनामा 'ख्याउटे' जस्ता निरीह पात्रको पलायनवादिताको दयनीय चित्र कोरेका छन् । सामन्तीसंस्कृतिले गरिबहरूमा ल्याउने पारिवारिक विखण्डन र उनीहरूका अवला श्रीमतीका एकाकीपन र युवासुलभ यौनचाहनाको पृष्ठपोषणमा समाजका कथित् वरिष्ठहरूद्वारा गरिने यौनशोषणलाई यस कथाले छर्लङ्ग्याएको छ । अतः समाजमा गुप्त रूपले हुने अवैध यौनशोषण र त्यसलाई आफ्नो सामाजिक हैसियतले तिरोहित गर्नखोज्ने सामन्तवादी सामाजिक संरचनाका खल्पात्रहरूका यौनजन्य अपराध र चरित्रहीनताको भण्डाफोर गर्नु नै यस कथाको प्रमुख उद्देश्य देखिन्छ ।

## ४.२ 'ऊ फेरि फर्कला ?' कथाको विश्लेषण

### १. कथावस्तु

यस कथाको कथावस्तु आदि, मध्य र अन्त्यको रैखिकसंरचनामा यसरी अगाडि बढेको छः

### अ. आदिभाग

आकाश सीपमूलक व्यवसाय भएको दर्जीको छोरो भएकाले उसले कडा शारीरिक परिश्रम गर्नुपरेको छैन । तसर्थ उसलाई किशोर अवस्थामै लक्काजवान भएको देखाउँदै यस कथाको कथावस्तुको प्रारम्भ गरिएको छ । यसले आकाशलाई पछिबाट लाहुरेको रूपमा प्रस्तुत गर्नको लागि पृष्ठभूमि तयार पारेको देखिन्छ । आकाश कसैलाई थाहै नदिई घरबाट विदेशिनु, उसको स्थिति अज्ञात हुनु, उसको वियोगमा श्रीमती बिरामी पर्नु, सासू-ससुराले धामी-झाँक्री लगाउनु र भाकल गर्नु आदि यस प्रारम्भ भागका घट्नाक्रमहरू हुन् । यो प्रारम्भभाग उसकी श्रीमतीले देहत्याग गरेसम्मको स्थितिलाई उल्लेख गरेर अन्त्य भएको छ । यस भागमा तत्कालीन समयमा युवाहरूको मुगलान पस्ने परम्परा, आजजस्तो सञ्चारमाध्यमको अभाव र आत्मीय व्यक्तिको वियोगमा मानसिक रूपले कुण्ठित हुँदै प्रियजनले मृत्युवरणसम्म गर्नपुग्ने दुःखद परिवेशलाई चित्रण गरिएको छ ।

### आ. मध्यभाग

अज्ञात स्थितिमा बसेको आकाशको पत्रको आगमनसँगै यस कथाको मध्यभाग सुरू भएको छ । यसले आकाशको अवस्थाको बारेमा ज्ञात गराउँदै प्रत्युत्तरमार्फत् उसलाई घरको दुःखद अवस्थाको बारेमा जानकारी गराउन सक्ने स्थिति सृजना भएको छ । श्रीमती मरेको खवर पाएपछि आकाश घर फर्किनु, बाटामा जुनेलीसँग भेट हुनु, जुनेलीले दोस्रो पतिको रूपमा आकाशलाई वरण गर्नु, आकाश कथित् दलित भएको भन्दै उसले गैह्रदलित पातालसँग विवाह गर्नु तथा पातालको गरिबीमा रमाउन नसक्दा पुनः लाहुरे आकाशसँग नै जानु आदि यस भागका प्रमुख घट्नाक्रम हुन् । यो भाग आकासकोजुनेलीसँगको दोस्रो सहजीवनको सुरूवातसँगै पुनः जागिरथाम्न लाहुरतिर प्रस्थान गर्नुसम्म विस्तारित देखिन्छ । यस भागले विवाहका सम्बन्धमा हलुका धारणा, जातीय उँच-नीचको भावना तथा तत्कालीन समयको निरक्षरतालाई देखाएको छ ।

इ. **अन्त्यभाग:**

तीन वर्षपछि छ महिने छुट्टीमा घर आउँदा आकाशले बाटामा सेर्पाको होटलमा बास बसेको प्रसङ्गबाट यस कथाको अन्त्य भागको सुरू भएको छ । यस बसाइले उसको सेर्पेनी केटी तारासँगको बहुविवाहको वातावरणलाई तयार पारेको देखिन्छ । ताराले आकाशसँग नै जान्छु भन्ने जिद्धी गर्नु, आकाशले पनि ग्रहण गर्दै नयाँ श्रीमतीसहित घर फर्किनु, छुट्टीअवधि सकिएपछि जागिरमा फर्कनु, दुवै श्रीमतीले जुम्ल्याहा सन्तान जन्माउनु आदि यस भागका प्रमुख घट्नाप्रसङ्ग हुन् । घरपरिवारले पछि निरन्तर सम्पर्कप्रयास गरिरहे पनि आकाशको स्थिति अज्ञात बन्नु यस कथाको अन्त्य भाग हो । ऊ कहाँ छ ? के गर्दैछ ? मऱ्यो वा जिउँदै छ ? कसैलाई पनि थाह हुँदैन । तर उसका परिवारजनले उसको प्रतिक्षा गरिरहेको उल्लेख गर्दै उसको आगमनप्रति कथाकारले पनि शङ्का व्यक्त गरेका छन् । यसै घट्नाप्रसङ्गका साथ 'ऊ फेरि फर्कला ?' भन्ने कथाको शीर्षक पनि यस भागमा आइपुग्दा सार्थक बन्न पुगेको देखिन्छ ।

## २. चरित्रचित्रण

यस कथामा प्रयुक्त पात्रहरूको चरित्रचित्रणलाई यसप्रकारले तालिकाबद्ध गरी विश्लेषण गरिन्छ :

| | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेत | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पात्रनामहरू** | **स्त्री** | **पुरुष** | **प्रमुख** | **सहायक** | **गौण** | **अनुकूल** | **प्रतिकूल** | **गतिशील** | **स्थिर** | **व्यक्तिगत** | **वर्गीय** | **नेपथ्य** | **मञ्चीय** | **बद्ध** | **मुक्त** |
| आकाश | - | पुरुष | प्रमुख | - | - | - | प्रतिकूल | गतिशील | - | - | वर्गीय | – | मञ्चीय | बद्ध | - |
| कलौरी | स्त्री | - | - | सहायक | - | अनुकूल | - | - | स्थिर | व्यक्तिगत | - | नेपथ्य | - | - | मुक्त |
| हुलाकी | - | पुरुष | - | - | गौण | अनुकूल | - | - | स्थिर | व्यक्तिगत | - | नेपथ्य | - | - | मुक्त |
| मास्टर | - | पुरुष | - | - | गौण | अनुकूल | - | - | स्थिर | व्यक्तिगत | - | नेपथ्य | - | - | मुक्त |
| जुनेली | स्त्री | - | प्रमुख | - | - | - | प्रतिकूल | गतिशील | - | - | वर्गीय | - | मञ्चीय | बद्ध | - |
| पाताल | - | पुरुष | - | सहायक | - | अनुकूल | - | गतिशील | - | व्यक्तिगत | – | - | मञ्चीय | बद्ध | - |
| तारा | स्त्री | - | - | सहायक | - | - | प्रतिकूल | - | स्थिर | व्यक्तिगत | - | - | मञ्चीय | बद्ध | - |
| पाजु | - | पुरुष | - | - | गौण | अनुकूल | - | - | स्थिर | व्यक्तिगत | - | नेपथ्य | - | - | मुक्त |
| आजु | - | पुरुष | - | - | गौण | अनुकूल | - | - | स्थिर | व्यक्तिगत | - | नेपथ्य | - | - | मुक्त |
| च्यान्टे | - | पुरुष | - | - | गौण | अनुकूल | - | - | स्थिर | व्यक्तिगत | - | नेपथ्य | - | - | मुक्त |
| भुन्टी | स्त्री | - | - | - | गौण | अनुकूल | - | - | स्थिर | व्यक्तिगत | - | नेपथ्य | - | - | मुक्त |
| जवरे | | पुरुष | - | - | गौण | अनुकूल | - | - | स्थिर | व्यक्तिगत | - | नेपथ्य | - | - | मुक्त |
| च्याङ्ग्री | स्त्री | - | - | - | गौण | अनुकूल | - | - | स्थिर | व्यक्तिगत | - | नेपथ्य | - | - | मुक्त |

## ३. संवाद

यस कथामा मुख्यतया प्रत्यक्ष वर्णन गरिएको संवादको उपयोग गरिएको छ । पात्रहरूका गुण, दोष, आचार-विचार भावना र प्रवृत्तिलाई कथाकार आफैँले वर्णन गरेका छन् । कथाकार कै वर्णनका आधारमा उनीहरूको परिचय खुलेको देखिन्छ । अतः संवादात्मकताका दृष्टिले यो कथा सामन्य देखिन्छ ।

## ४. परिवेश

यस कथामा विस्तृत परिवेशको उपयोग गरिएको छ । पूर्वीपहाडी जिल्ला पाँचथर र इलामका विभिन्न क्षेत्रहरूका साथै सीमापारी मिरिक, दार्जिलिङ, गारुहिल आदिका भौतिक परिवेशहरू यस कथामा ठाउँका रूपमा आएका छन् । यसैगरी समयको रूपमा कथाले २०२० को दशकको समाजको चित्रलाई प्रस्तुत गरेको छ । स्वदेशमा रोजगारीको अभावमा गरिबीको मारबाट ग्रस्त युवाहरू आर्थिक उपार्जनको निम्ति मुगलान भासिएर लाहुरे बन्ने चलनलाई कथाले देखाएको छ । कार्यक्षेत्रमा जस्तोसुकै हण्डर र ठक्कर खानुपरे पनि घर फर्कदा लाहुरेहरूले देखाउने रोवरवाफ र त्यसै रवाफलाई यथार्थ ठानी उनीहरूका सामु युवतीहरूका भावुक आत्मसमर्पणलाई पनि कथाले उजागर गरेको छ । भोगको जीवनजिउँन उनीहरूका सहधर्मिणी बन्न पुगेका युवतीहरू मुगलानमा आफ्ना पतिहरू बेखवर बनेपछि आँसुको सागरमा डुवेर कसरी सीमारहित पर्खाइ पर्खिरहन्छन् भन्नेजस्तो दःखद वातावरणलाई नै यस कथाले आफ्नो परिवेशभित्र समेटेको देखिन्छ ।

## ५. भाषाशैली

यस कथाको भाषशैली सरल, सहज र बोध्य किसिमको रहेको छ । कथाकारले शब्दाडम्बर र कलात्मक अभिव्यक्तिले भाषालाई आलाङ्करिक बनाउनुको सट्टा सरल र प्रचलित शब्दहरूको चयन गरी सहज भावसम्प्रेषणमा ध्यान पुऱ्याएको देखिन्छ । गाउँघरमा प्रचलित बोलीचालीको भाषाप्रयोग गर्ने क्रममा कथाकारद्वारा यथास्थानमा 'बालीघरे', जायजन्म', 'मास्टरसाना', 'संजोग', 'टाटी', 'तीनखोले' आदिजस्ता कथ्यभाषाका शब्दहरूलाई सन्दर्भ मिलाएर प्रयोग गरिएको छ । त्यसैगरी कथामा भाषिक स्वभाविकता ल्याउनका लागि 'खुटुटु', 'चटक्क', 'खस्याकखुसुक', 'फुरुङ्ग', 'टुप्लुक्क', आदिजस्ता अनुकरणात्मक शब्दहरूका साथै 'लुगाफाटो' 'चिन्तन-मनन्',

'ससम्मान', 'खानपान', 'तर्कवितर्क' जस्ता द्वित्व शब्दहरूको पनि प्रयोग कथामा देख्न सकिन्छ । त्यसैगरी यस कथामा प्रशस्त मात्रामा उखान र टुक्काहरूको प्रयोग गरिएको छ । 'जसको सुन खोटी उसको हिया ढुक्', 'जे हुनु भइगो काया मेरो गइगो', 'मूर्खका अगाडि दैव डरे' आदिजस्ता उखान र 'कलेजो फाट्नु', 'मुख फोर्नु', जिब्रो टोक्नु' जस्ता टुक्काहरूको पनि प्रयोग देखिन्छ । त्यसैगरी 'मौनम् स्वीकृति लक्षणम्' 'पुनर्मुषिकोभवः', 'मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन', जस्ता सूक्तिहरूको प्रयोग पनि यस कथामा देखिन्छ । उपयुक्त उक्ति, सक्ति र टुक्काको प्रयोगले यस कथाको भाषालाई मुखर र ओज प्रदान गरेको देखिन्छ । वाक्यगठनका दृष्टिले यस कथामा सरल वाक्यहरूकै बाहुल्य देखिन्छ । संयुक्त तथा मिश्र वाक्यहरू पनि सरल रूपबाट प्रयोग भएका छन् । छोटा-मझौला गरी उन्नाइस वटा अनुच्छेदको योजना यस कथामा देखिन्छ । शब्दस्रोतका आधारमा तत्सम स्रोतका 'विवाह', 'वस्त्र', 'जीवन' आदि तद्भव स्रोतका 'लोग्ने' 'खसी' 'कालो' तथा आगन्तुक स्रोतबाट 'टिकट' 'इण्डियन' 'प्रस्ताव' जस्ता शब्दहरूको प्रयोग भएको छ । यी शब्दहरू चलनचल्तीका र सहज बोध्य किसिमका छन् । यस किसिमको भाषिक कौशललाई कथाकारले आफ्नै शैलीमा प्रस्तुत गरेका छन् । अलङ्कृतको सट्टा स्वभाविक र प्रस्तुतीकरणका दृष्टिमा मध्यम शैली उनको निजी शैली हो ।

## ६. उद्देश्य

यस कथामा कथाकारले एउटा लाहुरेको जीवनको निरशतालाई देखाएका छन् । काम र मामको खोजीमा मुगलान पसेर लाहुरे हुनपुगेका युवाहरूको मुगलानमा उनीहरूको स्थिति अज्ञात बनेपछि उनीहरूका परिवारजनको विचल्ली र शोकलाई कथामा प्रस्तुत गरिएको छ । त्यसैगरी कथित् दलित र गैह्रदलित युवा-युवतीका बीचमा विवाह गराएर समाजमा विद्यमान जातीय सङ्कीर्णतामाथि पनि कथामा प्रहार गरिएको छ । समष्टिमा जातीय उँचनीचको भावना र लाहुरे बनेर स्वदेश र स्वजनलाई चटक्क छाडेर विदेशिने प्रवृत्तिप्रति व्यङ्ग्यभाव प्रकट गर्नु नै कथाकारको कथागत उद्देश्य देखिन्छ ।

## ४.३ 'पुर्परो बलियो भएपछि . . .' कथाको विश्लेषण

### १. कथावस्तु

यस कथामा स्पष्ट र सवल कथावस्तुको प्रयोग गरिएको छैन । त्यसैले घट्नाक्रमहरूको आदि, मध्य र अन्त्ययुक्त रैखिकसंरचना पनि यस कथामा देख्न सकिदैन । व्यक्तिको भाग्यको निर्धारण प्रारब्धले नै गर्छ, त्यसमा व्यक्तिले रत्तिभर पनि परिवर्तन गर्न सक्दैन भन्ने पूर्वीय आध्यात्मिक भावनालाई कथामा प्रस्तुत गरिएको छ । त्यसको उदाहरणको लागि पौराणिक शास्त्रका राम, युधिष्ठिर, राजा हरिश्चन्द्र, लौकिक जगत्का महात्मा गान्धी, मदन भण्डारी, रकफेलर आदिका जीवनकथांशहरू नै यस कथाका विषयवस्तु बनेर आएका छन् । अतः कथानकको पूर्णतया अभाव रहेको र भाग्यवादी उपदेशात्मक सूक्ति र उदारणीय पात्रहरूको मात्र बहुल प्रस्तुति गरिएको यो कथा विषयवस्तु प्रयोगको दृष्टिले कमजोर देखिन्छ ।

### २. चरित्रचित्रण

सवल कथानक नभए जस्तै प्रमुख नायक र नायिका पात्रको अभाव यस कथामा देखिन्छ । यसमा उनको भाग्यवादी विचार नै प्रमुख भएर आएको हुँदा उनले यसै विचारलाई पौराणिक, धार्मिक र लौकिक जगत्का महापुरुषका जीवनगाथाको उदाहरणमार्फत् स्पष्ट पार्ने कोशिस गरेका छन् । यसै क्रममा आएका विविध बहुल व्यक्तित्वहरूलाई नै यस कथाका अप्रत्यक्ष पात्र मान्न सकिन्छ । अतः चरित्रचित्रणगत सामन्यता यस कथामा देख्न सकिन्छ ।

### ३. संवाद

यस कथामा संवादात्मकता भेटिदैन । मान्छे भाग्यद्वारा नै निर्देशित हुन्छ भन्ने तर्कमा लागि कथाकार आफैंले धेरै विवरणहरू जुटाएका छन् । अतः यस कथामा कथाकार आफैंद्वारा प्रत्यक्ष वर्णन गरिएको संवादको उपयोग भएको देख्न सकिन्छ ।

### ४. परिवेश

परिवेशगत विस्तृतता यस कथामा देख्न सकिन्छ । कुनै निश्चित ठाउँ विशेषमा मात्र सीमित नरहेर कथाकारले भौतिक परिवेशको व्यापकतालाई कथामा समावेश

गरेका छन् । विविध अनुकरणीय व्यक्तित्वका विडम्बनायुक्त जीवनी खोज्दै कथाकार कथामा नेपाल, भारतलगायत बेलायत, अमेरिका र स्विट्जरलैण्डसम्म पुगेकाले परिवेशको देशगत पक्ष फराकिलो बन्न पुगको हो । यो सूच्यात्मक रूपबाट कथामा प्रकट भएको छ । त्यस्तै परिवेशको कालगत आयाम पनि कथामा धेरै लामो देखिन्छ । वैदिक युगका व्यास, पौराणिक युगका राम, युधिष्ठिर, नल आदिदेखि लिएर आजपर्यन्तका  विभिन्न व्यक्तित्वका जीवनांशहरूलाई समेटिएकाले परिवेशको कालगत पक्ष पनि लामो रहेको छ भन्न सकिन्छ । मान्छे पूर्णतया भौतिकवादी बनेर रहन सक्दैन । उसका अन्तर-कुन्तरमा भाग्यवादी अवधारणाहरू रहेकै हुन्छन् । 'भाग्य नै बलियो हुन्छ' भन्ने तिनै मान्छेका आन्तरिक मनोजगत्लाई नै यस कथाले वातावरणको रूपमा प्रस्तुत गरेको छ । यसप्रकार परिवेशचित्रणमा यो कथा सफल देखिन्छ ।

## ५. भाषाशैली

यस कथाको भाषा केही जटिल किसिमको रहेको छ । यसमा संस्कृतका शब्दहरूको बहुलताका साथै 'विधाताविहित पद्यन्तरलङ्घ्यं सुरासुरै' जस्ता सूक्ति वाक्यहरूको अत्याधिक प्रयोगले यस कथाको भाषालाई जटिल बनाएका हुन् । अझ कथामा विभिन्न पौराणिक पात्रहरूका छोटा प्रसङ्ग र इतिहासप्रसिद्ध व्यक्तिहरूको नामोल्लेखले कथाको अर्थबोधमा कठिनाई ल्याएको छ । विभिन्न पौराणिक शास्त्रहरूको अध्ययन र ती इतिहासप्रसिद्ध व्यक्तिहरूको जीवनीको जानकारीविना यस कथाको अर्थबोध हुनसक्ने देखिदैन । अतः यस कथाले बौद्धिक र पठित पाठकको अपेक्षा गर्नुका साथै सामन्य साक्षरसमूहका लागि यो कथा अबोध्य हुनपुगेको छ । कथाप्रस्तुतिको सहज, सरल र प्रवाहमय शैली भएका 'जङ्गली' को यस कथामा भिन्नप्रयोग देखिएको छ । उनले गद्यका बीचमा एक श्लोक लेखनाथीय पद्यलाई उद्धृत गर्नुका साथै अङ्ग्रेजी वर्णमै एक वाक्यको पनि मिसावट गरेका छन् । यसले भावसम्प्रेषणमा सघाए पनि कथाको शैलीगत शोभालाई भने घटाएको छ ।

## ६. उद्देश्य

यो व्यक्तिको सफलता र असफलताको सम्पूर्ण श्रेय पुर्पुरोलाई नै दिएर लेखिएको कथा हो । मान्छेले जन्मदा नै आफ्नो भाग्य लिएर जन्मिएको हुन्छ र उसले जस्तो भाग्य लिएर आएको हुन्छ यहाँ त्यस्तै जीवन भोगेर जान्छ भन्ने कुरालाई नै यस

कथामा प्रस्तुत गरिएको छ । सफलता र सम्वृद्ध जीवनको लागि जस्तो मेहनत गरे पनि मान्छेले अपेक्षित सफलता नपाउन पनि सक्छ । अतः जस्तो भविष्य हात लागे पनि त्यसलाई भाग्यको फलको रूपमा स्विकार्न मान्छेले विवश हुनै पर्छ भन्ने भाग्यवादी विचारको प्रस्तुति गर्नु नै यस कथाको प्रमुख कथागत उद्देश्य देखिन्छ ।

## ४.४ 'तारा, माला' कथाको विश्लेषण

### १. कथावस्तु

यो एउटा प्रतीकात्मक कथा हो । शीर्षकमा अङ्कित 'तारा' र 'माला' शब्दले नेपाली राजनीतिका दुई शीर्षस्थ पार्टी, नेपाली काङ्ग्रेस र ने.क.पा. एमालेको प्रतीकात्मक अभिव्यक्ति गरेका छन् । यिनै दुई पार्टीका स्थापना कालदेखि २०५३ सम्मका क्रियाकलापलाई कथाकारले व्यक्तिकीकरण गर्दै यस कथाको रचना गरिएको छ । आदि, मध्य र अन्त्यको रैखिक संरचनामा यो कथा यसरी अगाडि बढेको छः

### अ. आदिभाग

यस कथाको आदि भागको प्रारम्भ 'तारा र माला' जम्ल्याहा सन्तान थिए' बाट भएको छ । यसले जम्ल्याहा सन्तानको रूपमा उनीहरूलाई एउटै आमाका सन्तानको रूपमा प्रस्तुत गर्दै उनीहरूका प्रायः सबै पहिचान, सुख-दुःख र अनुभवहरूलाई एकै प्रकारका हुनसक्ने तथ्यलाई उजागर गरेको छ । उमेर सँगसँगै शिक्षा, संस्कार र चेतनाले युक्त तारा र मालाले आमाका दुःख पीरहरूलाई आत्मसात् गर्दै त्यसबाट उन्मुक्तिको लागि एकीकृत प्रयास गरिरहेको प्रसङ्गसम्म यस भागको विस्तृति रहेको छ । समान दुःखका स्थितिमा एकीकृत प्रयासले नै दुःखबाट छुटकारा मिल्नुका साथै परस्परमा मेल नै मानवोचित विवेकता हो भन्ने कुरालाई यस प्रारम्भभागमा देखाइएको छ ।

### आ. मध्यभाग

मतभिन्नताका कारण तारा र माला परस्परमा छुट्टिएर बस्न थालेको प्रसङ्गबाट कथामा मध्यभाग सूरू भएको छ । छुट्टिएर बसे पनि आफ्नै तरिकाले एउटै कार्यक्षेत्रमा लागि पर्नु, अथक परिश्रमको कारण सप्तर्षिको रूपमा २००७ साल उदाउनु, एघार वर्षपछि सप्तर्षिलाई कालो बादलले छोप्दै ०१७ साल घटित हुनु, नेपालीका ३६

व्यञ्जनमा एकतास्वरूप २०३६ सालको राजनैतिक उठान हुनु आदि यस भागका अन्य प्रमुख घटनाक्रम हुन् । यो भाग तारा र मालाको पुनः एकतास्वरूप ०४६ सालको प्रजातन्त्रको पुनर्बहालीसम्म पुगेर अन्त्य भएको छ । परस्परमा फुटका कारण उत्पन्न सङ्कटको चर्चा गर्दै आपसमा मेल र एकता नै मानवको अपरिहार्य आवश्यकता हो भन्दै राजनैतिक शक्तिको एउटै लक्ष्य र गन्तव्यले नै मुलुकलाई अघि बढाउन सकिन्छ भन्ने तथ्यलाई नै यस भागमा देखाउन खोजिएको छ ।

**इ. अन्त्यभाग:**

वि.सं २०४६ सालको राजनैतिक परिवर्तनपश्चात् तारा र मालाको एकता भङ्ग भएको प्रसङ्गबाट कथामा अन्त्यभाग सुरू भएको छ । ताराको स्वप्रकाश्य शक्ति क्षीण हुनु र मालाले मखमली फूलको सट्टा लज्जावती झारको बनी मरिचजस्तै चाउरिनु यस भागका अन्य प्रमुख घटनाक्रम हुन् । अपेक्षित राष्ट्रोन्नति गर्न नसक्दा तारा र मालाले आपसी फुटप्रति आत्मग्लानी गरेको प्रसङ्गसम्म यो भाग विस्तारित देखिन्छ । निर्णायक मोडमा व्यक्तिगत दम्भ र अहङ्कार हावी भएमा अन्ततः त्यो सम्पूर्ण रूपमा घातक र पश्चतापको विषय बन्छ भन्ने कुरालाई नै यस भागमा मुख्य रूपमा देखाइएको छ ।

## २. चरित्रचित्रण

पात्रप्रयोगका दृष्टिले यो कथा 'जङ्गली' को सबभन्दा थोरै पात्रको प्रयोग गरिएको कथा हो । यस कथामा तीन जना मात्र पात्रको प्रयोग गरिएको छ । विभिन्न आधारहरूबाट उपर्युक्त पात्रहरूको चित्रण यस प्रकारले गर्न सकिन्छ :

| | **लिङ्ग** | | **कार्य** | | | **प्रवृत्ति** | | **स्वभाव** | | **जीवनचेत** | | **आसन्नता** | | **आवद्धता** | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पात्रनामहरू** | **स्त्री** | **पुरुष** | **प्रमुख** | **सहायक** | **गौण** | **अनुकूल** | **प्रतिकूल** | **गतिशील** | **स्थिर** | **व्यक्तिगत** | **वर्गीय** | **नेपथ्य** | **मञ्चीय** | **बद्ध** | **मुक्त** |
| तारा | - | पुरुष | प्रमुख | - | – | - | प्रतिकूल | गतिशील | - | - | वर्गीय | – | मञ्चीय | बद्ध | – |
| माला | - | पुरुष | प्रमुख | - | – | - | प्रतिकूल | गतिशील | - | - | वर्गीय | – | मञ्चीय | बद्ध | – |
| आमा | स्त्री | - | - | - | गौण | अनुकूल | - | - | स्थिर | स्थिर | – | नेपथ्य | – | – | मुक्त |

## ३. संवाद

यो पनि 'जङ्गली' को संवादविहीन कथा हो । यस कथाका घट्नाक्रमहरू पात्रहरूका कथोपकथनका आधारमा विकसित भएका छैनन् । कथाका घट्नाक्रमहरूलाई कथाकार आफैँले वर्णन गरेका छन् । अतः यस कथामा कथाकारद्वारा नै प्रत्यक्ष वर्णन गरिएको संवादको उपयोग भएको देख्न सकिन्छ ।

## ४. परिवेश

यस कथामा बृहत् परिवेशको उल्लेख भएको छ । तारा र मालाका सम्पूर्ण क्रियाकलापहरू नेपाल अधिराज्यमा घटित् भएकाले नेपालको सम्पूर्ण भूमिलाई कथाले भौतिक परिवेश बनाएको छ । त्यस्तै समयावधिको रूपमा पनि कथाले लामो कालखण्डलाई ओगटेको छ । मूलतः राणाशासनका अन्त्यतिर देखि २०५३ सालसम्मका समयावधिमा यस कथाका घट्नाक्रमहरू घटित् भएकाले यस कथाको कालावधि ५० वर्ष लामो देखिन्छ । राणाशासन र पञ्चायती शासनजस्ता नेपाली राजनीतिका दुई चरम तानाशाही शासनव्यवस्थाका आमनागरिकहरूका शैक्षिक राजनीतिक र आर्थिक क्षेत्रका कठिनाईपूर्ण भोगाइलाई कथाले वातावरणको रूपमा उल्लेख गरेको छ । यस दृष्टिले कथाको वातावरण दुःखद र त्रासदका साथ-साथ वलिदानी र क्रान्तिकारी किसिमको पनि देखिन्छ ।

## ५. भाषाशैली

यस कथामा स्तरीय बोध्य भाषाको प्रयोग गरिएको छ । कथाकारले अतिशय शब्दाडम्बर नगरी प्रचलित शब्दहरूको चयनमार्फत् सहज भावसम्प्रेषणमा ध्यान पुऱ्याएको देखिन्छ । गाउँघरमा प्रचलित शब्दहरूको प्रयोग गर्ने क्रममा कथाकारद्वारा यथास्थानमा 'टालो', 'जाकिनु', 'जम्ल्याहा' आदिजस्ता कथ्यभाषाका शब्दहरूलाई सन्दर्भ मिलाएर प्रयोग गरिएको छ । यस कथामा तद्भव स्रोतका 'आमा', 'रातो', 'कोठा', तत्सम स्रोतका 'विद्या', 'भूमि', 'सप्तर्षि' आदि तथा आगन्तुक स्रोतका 'हरेश', 'व्यवधान', 'जेल' आदिजस्ता शब्दहरूको प्रयोग गरिएको देखिन्छ । यसले कथाकारको तीनै शब्दस्रोतबाट शब्दचयनको कौशललाई देखाएको छ । त्यसैगरी यस कथामा 'टुकु-टुकु', 'टुलु-टुलु' जस्ता अनुकरणात्मक; 'खान-पान', 'आ-आफ्नो', 'अलग-अलग'

आदिजस्ता द्वित्व शब्दहरूको प्रयोग गरिएको छ । यस्ता शब्दहरूको प्रयोगले कथामा भाषिक स्वभाविकतालाई झल्काएको छ । लालझण्डाको रूपमा 'रातो टालो' र निरङ्कुशताको रूपमा 'राहु' जस्ता प्रतीकात्मक अर्थ बोकेका शब्दको प्रयोगका साथै 'सप्तर्षि उदाउनु' र 'सप्तर्षिलाई कालो बादलले छोप्नु' जस्ता विम्बात्मक भाषाको प्रयोग पनि कथामा भएको देखिन्छ । यसले कथाकारको सफल विम्ब-प्रतीकप्रयोगको सामर्थ्यलाई पनि झल्काएकै छ । त्यसै गरी कथामा 'संघेशक्ति कलौ युगे', 'विनासकाले विपरीत बुद्धि', 'मरिच चाउरिएझैँ चाउरिनु आदिजस्ता सूक्ति, उक्ति र टुक्काको पनि प्रयोग गरिएको पाइन्छ । यस्तो भाषिककौशलले कथालाई सहजसम्प्रेष्य र रोचक बनाउन सघाउ पुऱ्याएको देखिन्छ । यो कथा छोटा-छोटा पाँच अनुच्छेदयोजनामा एक पृष्ठगत लमाइमा विस्तारित देखिन्छ ।

सरल र सुबोध भाषिककौशलमा रूपविन्यासको संवृत शैली यस कथामा भेटिन्छ । साहित्यिक अलङ्करणको सट्टा स्वभाविक र प्रस्तुतीकरणको मध्यम शैलीमा यस कथाको रचाना भएको देखिन्छ ।

### ६. उद्देश्य

एकतालाई जोड दिएर यस कथाको रचना गरिएको हो । आपसमा एक भएर लागि परे जस्तोसुकै कठिन अभीष्ट पनि प्राप्त गर्न सकिने तर आपसी फुट भएमा अभीष्टपूर्तिको त कुरै छोडौँ आफ्नो निजत्वसमेत गुम्ने कुरालाई यस कथामा छर्लङ्ग्याइएको छ । अतः सबैले एउटै चिन्तन, एउटै लक्ष्य र एउटै गन्तव्यका साथ अघि बढदै हिँडेमा मात्र व्यक्ति, समाज र राष्ट्रको कल्याण हुन्छ भन्ने सुधारवादी सन्देश दिनु नै यस कथाको कथागत उद्देश्य देखिन्छ ।

## ४.५ 'पूर्णिमा' कथाको विश्लेषण

### १. कथावस्तु

रैखिक संरचनामा यस कथामा कथानकको विकास भएको छ । कथामा प्रयुक्त आदि, मध्य र अन्त्यको संरचनालाई यसरी विश्लेषण गर्न सकिन्छः

### अ. आदिभाग

सात वर्षको बाल्यावस्थामै पूर्णिमाको विवाह भएको प्रसङ्गबाट यस कथाको प्रारम्भ भएको छ । सामाजिक विकृतिको रूपमा रहेको बालविवाहलाई कथाकारले कथाको प्रारम्भमै उठाएर पछि सिर्जना हुन सक्ने घटनाक्रमहरूको लागि पृष्ठभूमि तयार पारेको देखिन्छ । महिनावारीको सुरूवातसँगै पूर्णिमा कर्म घर फर्कनु, ऊ गर्भवती हुनु, नवगर्भावस्थाका असजिला, खट्कँदा पक्षहरूबाट त्रसित र लज्जित बन्दै माइतमा खवर पठाउनु, छोरीको घरमा बा-आमा आउनु आदि यस भागका प्रमुख घट्नाक्रम हुन् । यो भाग पूर्णिमाले दोस्रो सन्तानको रूपमा छोरीको जन्म दिएको प्रसङ्गमा पुगेर अन्त्य भएको छ । मानसिक रूपले अपरिपक्व अवस्थामै गर्भधारण गर्नुपर्दा एक ग्रामीण युवतीमा हुने त्रास, लज्जा र निरीहतालाई यस भागमा मूल रूपमा देखाइएको छ ।

### आ. मध्य भाग

पूर्णिमा विधवा भएको प्रसङ्गबाट कथावस्तुले मध्यभागमा प्रवेश गरेको छ । यस प्रसङ्गले पूर्णिमाको रङ्गीन जीवनमा तुषारापात गर्दै उनको जिन्दगीलाई बर्बादीको खाडलतर्फ डोऱ्याएको छ । एउटी विधवा ब्राह्मणीको रूपमा रामायण, महाभारतका श्लोकहरू लय हालेर वाचन गर्दै दिन विताउन अभ्यस्त हुनु यस भागको अन्य घट्नाक्रम हुन् । विधवा पूर्णिमाले पाण्डव-दौपदी, कुन्ति-कर्ण, कृष्ण-गोपिनी आदिका प्रसङ्गमा आलोचनात्मक दृष्टिकोण राख्न थालेको प्रसङ्गसम्म यस भागको विस्तृति रहेको छ । धार्मिक पुस्तकको अध्ययनले नै युवासुलभ यौनचाहनालाई तिरोहित गर्न सक्दैन भन्ने कुरालाई यस भागमा प्रमुख रूपमा देखाइएको छ ।

### इ. अन्त्यभाग

रूपवती पूर्णिमाको रूप-लावण्यमा छिमेकी चतुरे लोभिएको प्रसङ्गबाट यस कथामा अन्त्यभागको प्रारम्भ भएको छ । यस आकर्षणले कथालाई नयाँ मोड प्रदान गर्दै पूर्णिमाद्वारा सामाजिक मर्यादाको भङ्ग हुने पृष्ठभूमिलाई तयार पारिएको छ । पूर्णिमा र चतुरेका बीचमा अवैध यौनसम्बन्धको स्थापना, समाजद्वारा त्यसको चियो-चर्चो र निन्दा, अवैध गर्भको गोप्य अवतरणका लागि पूर्णिमाको तीर्थाटनको निहुँमा

गाउँबाट पटक पटकको पलायन आदि यस अन्त्यभागका प्रमुख घट्नाक्रम हुन् । यो भाग पूर्णिमाले आफ्नो अवैध सन्तान कहाँ र कसरी अवतरण गराई कसैलाई अत्तो-पत्तो नभएको प्रसङ्गसम्म पुगेको छ । यस भागमा एउटी विधवा युवतीका माध्यमद्वारा यौन जैविक आवश्यकता भएकाले त्यसको सहजपूर्तिमा कुनै रीति-थिति र नियम-कानुनका बन्देज लागाईनु हुँदैन यदि लगाइएमा यौनेच्छाले वक्रमार्ग अवलम्बन गर्न पुग्ने र त्यसले समाजलाई झन् भ्रष्ट र दुषित बनाउँछ भन्ने कुरालाई देखाइएको छ ।

## २. चरित्रचित्रण

यस कथामा प्रयुक्त पात्रहरूलाई यस प्रकारले तालिकीकृत गरी विश्लेषण गरिन्छः

| पात्रनामहरू | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेत | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **स्त्री** | **पुरुष** | **प्रमुख** | **सहायक** | **गौण** | **अनुकूल** | **प्रतिकूल** | **गतिशील** | **स्थिर** | **व्यक्तिगत** | **वर्गीय** | **नेपथ्य** | **मञ्चीय** | **बद्ध** | **मुक्त** |
| पूर्णिमा | स्त्री | - | प्रमुख | - | - | - | प्रतिकूल | गतिशील | - | - | वर्गीय | - | मञ्चीय | बद्ध | - |
| पुष्प | - | पुरुष | - | - | गौण | अनुकूल | - | - | स्थिर | व्यक्तिगत | - | नेपथ्य | - | - | मुक्त |
| आमा | स्त्री | - | - | - | गौण | अनुकूल | - | - | स्थिर | व्यक्तिगत | - | नेपथ्य | - | - | मुक्त |
| बाबु | - | पुरुष | - | - | गौण | अनुकूल | - | - | स्थिर | व्यक्तिगत | - | नेपथ्य | - | - | मुक्त |
| दर्जी साइँलो | - | पुरुष | - | - | गौण | अनुकूल | - | - | स्थिर | व्यक्तिगत | - | - | मञ्चीय | बद्ध | - |
| गोथे मारलो | - | पुरुष | - | सहायक | - | अनुकूल | - | - | स्थिर | व्यक्तिगत | - | - | मञ्चीय | बद्ध | - |
| चतुरे | - | पुरुष | प्रमुख | - | - | - | प्रतिकूल | - | स्थिर | - | वर्गीय | - | मञ्चीय | बद्ध | - |

## ३. संवाद

यस कथामा सामान्य संवादको उपयोग गरिएको छ । पिछडिएको ग्रामीणसमाजबाट टिपिएका पात्रहरूका बीचमा स्तरसुहाउँदो संवादको प्रयोग यस कथामा देखिन्छ । कथाकी प्रमुख नारीपात्र पूर्णिमा र दर्जीसाइँलाका संवादबाट यस कथाका घट्नाक्रमहरू अघि बढेका छन् । यस संवादले तत्कालीन समाजको चित्रलाई उजागर गरेको देखिन्छ । जस्तैः 'बजार पुगेर तैले ... छिमेकीहरूलाई भए पनि दिनू''[९९] भन्ने पूर्णिमाको भनाइमा तत्कालीन समयमा बजार जाने र फर्कने मानिसहरूले नै सम्पर्क माध्यमको काम गर्ने गरेको देखिन्छ । त्यसै गरी 'मालिक ... बिर्सदैननि हजुर''[१००] भन्ने दर्जीसाहिलाका अभिव्यक्तिमा हाम्रा समाजका प्रतिआशा तथा आश्वासन दिनेले पछि बिर्सिदिने तर आश्वास्तहरूले चाहिँ सम्झिरहने जस्तो विडम्वनापूर्ण पक्षलाई देखाएको छ । यसप्रकार कथामा प्रयुक्त संवाद तत्कालीन समाजको चित्र उपस्थापित गर्न सक्षम देखिनुका साथै पात्रको सामाजिक, शैक्षिक र आर्थिक पृष्ठभूमिको चित्रण गर्न सक्षम रहेको छ भन्न सकिन्छ । संवादात्मक्ताका दृष्टिले यो कथा 'जङ्गली' का अन्य कथाका तुलनामा उत्कृष्ट देखिन्छ ।

## ४. परिवेश

यस कथाका घटनाक्रमहरू पूर्वीपहाडी जिल्ला पाँचथरका विभिन्न क्षेत्रहरूमा घटित् भएका छन् । रानीवन, तोक्मे डाँडा, पाथीभराको जङ्गलक्षेत्र आदि यस कथाका प्रमुख भौतिकपरिवेश हुन् । झापाको केचनाकल तथा भारतका बद्री, केदार कामक्षा र सिलाङ आदि क्षेत्रहरू पनि सूच्यात्मक रूपबाट कथामा आएका छन् । यस दृष्टिले कथामा विस्तृत भौतिक परिवेशको उल्लेख भएको देखिन्छ । कथामा बालविवाहको प्रसङ्ग भएबाट नेपालमा मुलुकी ऐन (२०२०) लागु हुनुपूर्वको समयलाई यस कथाले देखाएको छ । बालविवाहको परम्परा कति लामो रह्यो निश्चित गर्न नसकिए पनि समाजमा बालविवाहको चलन रहेसम्मको लामो कालिक चित्रलाई कथाले प्रस्तुत गरेको छ । यसै तत्कालीन समाजका रुढिग्रस्त मानसिकतालाई कथाले आफ्नो

---

[९९] 'मिसामासः खिच्रो र कुराउनी; पूर्ववत् पृष्ठ २२ ।

[१००] ऐजन, पृष्ठ २३ ।

वातावरण क्षेत्रभित्र समेटेको छ । पिछडिएको अशिक्षित समाजका 'छोरीले पढ्नु हुँदैन', 'सातै वर्षमा कन्यादन दिए धर्म हुन्छ' जस्ता धार्मिक र सामाजिक अन्धविश्वासले ग्रस्त मानिसहरूका मानसिक अवस्थितिलाई देखाइनुका साथै विधवाविवाहले सामाजिक र कानुनी मान्यता नपाएको तत्कालीन अवस्थामा जैविक यौनाकाङ्क्षाले गुप्तमार्ग अनुसरण गर्न पुग्दा उत्पन्न दुषित सामाजिक वातावरणलाई कथाले देखाएको छ । यस प्रकार निश्चित क्षेत्रबाट हाम्रो समाजको लामो कालिक चित्र उपस्थापन गर्न यस कथाको परिवेशचित्रण सफल देखिन्छ ।

## ५. भाषाशैली

यस कथाको भाषाशैली सरल, सहज र बोध्य किसिमको रहेको छ । कथाकारले शब्दाडम्बर र कलात्मक अभिव्यक्तिले भाषालाई आलङ्कारिक बनाउनुको सट्टा सरल र प्रचलित शब्दहरूको चयनमार्फत् सहज भावसम्प्रेषणमा ध्यान पुऱ्याएको देखिन्छ । गाउँघरमा प्रचलित बोलीचालीको भाषा प्रयोग गर्ने क्रममा कथाकारद्वारा यथास्थानमा 'लगनगाँठो', 'छापा', 'तिहुन', 'पावरवाला' आदिजस्ता कथ्यभाषाका शष्दहरूलाई सन्दर्भ मिलाएर प्रयोग गरिएको छ । कथामा 'आफ्नो', 'माटो', 'नभएको', आदिजस्ता तद्भव स्रोतका; 'पुष्प', 'वैतरणी', 'धर्म', आदिजस्ता तत्सम स्रोतका तथा 'डक्टर', 'खवर', 'वचपन' आदिजस्ता आगन्तुक स्रोतका शब्दको चयनले शब्दस्रोतका तीनवटै आधारहरूको प्रयोग गरिएको देखिन्छ त्यसैगरी कथामा 'ढकमक्क', 'भताभत', 'धपधप' आदि जस्ता अनुकरणात्मक र 'आवत-जावत', 'भिजाई-भिजाई' आदिजस्ता द्वित्व शब्दहरूको पनि प्रयोग देखिन्छ । यस्तो भाषिक प्रयोगले कथामा भाषिक स्वभाविकतालाई बढाएको छ । त्यसै गरी कथामा 'पल्केको तिल्के घरीघरी मिल्के', 'सर्प गयो गोहो कुटेर के लाभ ?' तथा 'भुइँ न भाँडामा हुनु', 'अति सर्वत्र वर्जयेत', 'पुनर्मुषिको भवः' जस्ता उखान, टुक्का र सूक्ति वाक्यहरूको प्रयोग भएको छ । यसले भाषिक शिल्पलाई उजिल्याउनुका साथै कथाको भावसम्प्रेषणलाई प्रभावकारी बनाएको छ । कम्तिमा दुई हरफदेखि बदीमा १४ हरफसम्मका १८ वटा अनुच्छेदको योजना यस कथामा देखिन्छ ।

सरल र सुबोध भाषिक कौशलका साथ रूपविन्यासको संवृत शैलीमा यस कथाको रचना गरिएको छ । अलङ्कृतको सट्टा स्वभाविक र प्रस्तुतीकरणको मध्यम शैलीमा यस कथालाई प्रस्तुत गरिएको देखिन्छ ।

### ६. उद्देश्य

यस कथामा हाम्रो तत्कालीन समाजमा हुने गरेका बालविवाह र त्यसबाट उत्पन्न समस्यालाई देखाइएको छ । विधवाविवाहले कानुनी र सामाजिक मान्यता पाइनसकेको त्यस समाजमा कानुनका दफा र समाजका रूढ नियमहरूले विधवा युवतीहरूका कामानुरागलाई मेटाउन सक्दैनन् । फलस्वरूप आफ्नो यौनक्षुधा मेटाउन उनीहरू गुप्तमार्ग अनुसरण गर्न पुग्छन् । यसले समाजमा विविध अपराधपूर्ण सामाजिक विकृतिलाई निम्त्याउँछ । यसर्थ समाजमा गुप्त रूपले हुने अवैध यौनसम्बन्ध र त्यसबाट सृजित सामाजिक विकृतिलाई छर्लङ्ग्याउनु नै यस कथाको प्रमुख उद्देश्य देखिन्छ ।

पाचौं परिच्छेद

# कमल 'जङ्गली' का कविताहरूको विश्लेषण

## ५.१ पृष्ठभूमि

कमल 'जङ्गली' नेपाली कविताविधाका क्षेत्रमा सिर्जनारत कवि हुन् । उनले 'मन लाग्यो' (२०१९) शीर्षककविताामार्फत् औपचारिक रूपमा यस क्षेत्रमा प्रवेश गरेका हुन् । हालसम्म पनि उनी यसै क्षेत्रमा सिर्जनारत देखिन्छन् । कविताारचनाका क्षेत्रमा करिब साढे चार दशकको समयावधि व्यतित गरेका 'जङगली' का सत्रवटा कविताहरू प्रकाशित रूपमा उपलब्ध छन् । यी कविताहरू उनको 'मिसमासः खिच्रो र कुराउनी' (२०५६) शीर्षकग्रन्थमा सङ्कलित रूपमा प्रकाशित रहेका छन् । उनको 'कमल 'जङ्गली' का कविताहरू' नामक कविताासङ्ग्रह हाल प्रकाशोन्मुख रहेको छ । यहाँ यसबाहेक 'जङ्गली' को प्रकाशित ग्रन्थ 'मिससमासः खिच्रो र कुराउनी' (२०५६) सा सङ्कलित कविताहरूको अध्ययन-विश्लेषण प्रस्तुत गरिन्छ :

### ५.१.१ 'मनलाग्यो' कविताको विश्लेषण

**अ. विषयवस्तुः**

यस कविताको रचना पञ्चायती शासनव्यवस्थाको समयावधिमा भएको हो । सामन्तवादी सामाजिकसंरचनाका पृष्ठपोषणमा समाजका जाली-भ्mेली, शोषक र सामन्तीप्रवृत्तिका व्यक्तिहरूका सामाजिक, आर्थिक र राजनैतिक शोषण र अत्याचारलाई यस कवितामा विषयवस्तुको रूपमा उठाइएको छ । कवितामा धनी र गरिबबीच तीव्रत्तर रूपमा दूरत्व प्रदान गर्ने शोषणमा आधारित शासकीय संरचनाप्रति तीव्र आक्रोश पोख्दै सर्वहारावर्गप्रति सहानुभूति व्यक्त गरिएको छ । अतः यस कवितामा कविकल्पित उत्पाद्य विषयवस्तुको प्रयोग भएको देखिन्छ ।

**आ. भावविधान**

यस कवितामा न्यायमा आधारित समतामूलक समाजको निर्माण हुनुपर्ने कुरामा विशेष जोड दिइएको देखिन्छ । शोषक र सामन्तीका कोपभाजनमा गरिबीका अभिशप्त

जिन्दगी गुजार्न विवश सर्वसाधरणहरूलाई शोषकहरूका अकूत सम्पत्ति बाँड्न चाहेको भाव कविताले व्यक्त गरेको छ । राष्ट्रिय साधन र स्रोतको न्यायोचित वितरणको अभावमा अज्ञानी, अशिक्षित र रोगी बन्न पुगेका आम नागरिकहरूको शिक्षक र डाक्टर भएर सेवा गर्ने भाव कविले व्यक्त गरेका छन् । अतः युगसुहाउँदो न्यायोचित आर्थिक वितरणमा आधारित समतामूलक समाजको निर्माण हुनुपर्ने केन्द्रीय भावलाई यस कवितामा कलात्मक रूपमा कवितात्मक रूपान्तरण गरिएको देखिन्छ । कवितामा चेतनामूलक राजनीतिक भावधाराको प्रकटीकरण भएको छ ।

**इ. संरचनाः**

प्रस्तुत कविता प्रगीतात्मक संरचनामा संरचित रहेको छ । यस कवितामा छ/सात शब्दसम्मका पङ्क्तिगत चौडाइमा आधारित चार/चार पङ्क्तिका दुई पङ्क्तिपुञ्जगत लमाइको स्वरूपगत संरचना देखिन्छ । कवितामा 'मन' जस्तो छोटो एक अक्षरे शब्ददेखि 'सर्वहारामा' जस्तो पाँचअक्षरे शब्दसम्मको प्रयोग देखिन्छ । संरचनागत आयामका दृष्टिले यो कविता छोटो छ । यसले कविताको लघुत्तम रूप; मुक्तकदेखि माथि उठी कविताको लघुरूपको प्रारम्भिक आयामलाई छोएको मात्र देखिन्छ ।

**ई लयविधान**

यस कवितामा गद्यलयको सुमधुर प्रयोग गरिएको छ । कविताका प्रत्येक हरफका अन्त्यमा 'मन लाग्यो' पदावलीको पुनरावृत्ति गरिएको छ । यसले कवितामा पुनरावृत्ति र अन्त्यानुप्रासीयताको सृष्टि गर्दै कविताको लयलाई विशिष्ट तुल्याएको देखिन्छ ।

**उ. भाषाशैली**

सरल र बोध्य शब्दहरूको प्रयोग गरिए पनि यस कविताको भाषा कठोर बन्न पुगेको देखिन्छ । कवितामा प्रयुक्त 'चोक्टा खाने', 'टाउको काट्ने', 'बोसो झिक्ने' जस्ता पद-पदावलीहरूले यस कविताको भाषालाई कठोर बनाएका हुन् । शब्दस्रोतका आधारमा यस कवितामा 'मानव', 'मन' जस्ता तत्सम शब्दहरूको प्रयोग नगण्य

देखिन्छ भने ‘भई’, ‘धसारिन’, ‘लाग्यो’, ‘खान’ जस्ता तद्भव र ‘जाली-झेली’, ‘चोक्टा’ जस्ता ठेट नेपाली शब्दहरूको अधिक प्रयोग देखिन्छ । यस कवितामा ‘कुरीतिमा छुरी भई’ जस्ता विम्बात्मक र ‘मोटाएको बोसो’ जस्ता प्रतीकात्मक भाषिक पदावलीहरूको पनि प्रयोग भएको देखिन्छ । यसै गरी ‘मन लाग्यो’ शब्दको आवृत्तिमूलक प्रयोगले कवितामा अन्त्यानुप्रास शब्दालङ्कारको सृष्टि भएको छ । जसले कविताको भाषालाई साङ्गीतिकता प्रदान गरेको देखिन्छ । यस कवितामा मानक आधारभूत भाषिक व्याकरणको प्रतिपालन गरेर नै पद-पदावलीगत, वाक्यगत र पङ्क्तिपुञ्जगत भाषिकविधान गरिएको देखिन्छ । जसले अभिधेय अर्थमै कविताको भावलाई प्रस्तुत गरेको छ । यसप्रकार यस कवितको भाषा सरल सहज र बोध्य तथा शैली स्वभाविक, सामन्य र आत्मपरक छ भन्न सकिन्छ ।

**ऊ. उद्देश्य**

प्रस्तुत कविताले वर्गीय असमानताको उल्लेख गर्दै त्यसको कारकको रूपमा सामन्त र शोषकलाई प्रस्तुत गरेको छ । सामन्ती शासनव्यवस्थामा अभिशप्त जिन्दगी जिउँन विवश सर्वहाराहरूलाई यथास्थितिमा राखी मोज र विलासी जीवन बिताउन सामन्त वर्ग क्रियाशील रहिरहन्छ । अतः यस्तो वुर्जवासंस्कारलाई समाप्त पार्न समाजका बौद्धिकव्यक्तित्वहरूले निमुखा, अशिक्षित र रोगी बहुसङ्ख्यक सर्वसाधरण जनताहरूको नेतृत्व गर्दै समतामूलक समाजको निर्माणमा जुट्नुपर्छ भन्ने कवितात्मक सन्देश दिनु नै यस कविताको मूल उद्देश्य देखिन्छ । त्यसै गरी अभीष्टसमाजनिर्माणमा बाधक बनेर आउने जो कोहीका विरुद्ध पनि घातक प्रहार हुनसक्नेजस्तो क्रान्तिकालीन यथार्थको प्रकटीकरण र तथ्योद्घाटन गर्नु पनि यस कविताको उद्देश्य देखिन्छ ।

## ५.१.२ “यी मेरा सन्तान वीशौं शदीका व्यङ्ग्य” कविताको विश्लेषण

**अ. विषयवस्तु:**

यस कवितामा कविकल्पित उत्पाद्य विषयवस्तुको प्रयोग गरिएको छ । एक्लै आएको ‘आफू’ एउटा अवस्थाविशेषले कसैको श्रीमान् हुनपुगेपछि हुने जायजन्मको शाश्वत पक्षलाई कवितामा प्रस्तुत गरिएको छ । तर गरिब दम्पत्तिको अभावग्रस्त

जिन्दगीमा आफ्ना प्रिय सन्तानहरू पनि बोझ बनेर व्यङ्ग्य प्रकट गर्ने विवश परिस्थितिलाई कवितामा विषयवस्तु बनाइएको देखिन्छ ।

**आ. भावविधानः**

एउटा पूर्ण पारिवारिक संरचना भए पनि यदि त्यहाँ गरिबी छ भने त्यस परिवारले पारिवारिक सुखानुभूति गर्न सक्दैन भन्ने भाव यस कवितामा प्रकट गरिएको छ । आफ्ना सन्तानहरूको रोग, भोक र दीनता देख्दा आफू आमा र बाबु हुनुको निरर्थकतालाई कवितामा मार्मिक रूपमा प्रस्तुत गरिएको छ । अभावग्रस्त जिन्दगीमा हुर्किएका बालकहरू व्यक्तित्वनिर्माणको अवसरहरूका अभावमा युगसुहाउँदो नागरिक बन्नुको सट्टा निरीह जिन्दगी जिउँदै यस शताब्दीकै व्यङग्य हुन पुग्छन् भन्ने तथ्यलाई यस कवितामा प्रस्तुत गरिएको छ । यस कविताले विषम आर्थिक अवस्थाले सृजित विवश सामाजिक परिस्थितिको प्रकटीकरण गरेको छ ।

**इ. संरचना**

कम्तिमा तीन शब्ददेखि बढीमा सात शब्दसम्मका आन्तरिक पङ्क्तिगत चौडाइ भएको यस कविताले असमान हरफवितरणका सात पङ्क्तिपुञ्जको लमाइगत स्वरूपलाई प्राप्त गरेको देखिन्छ । यस बाह्यरूपात्मक प्रस्तुतिभित्र कविताले 'आमा' र 'बाबु' हुनुको समष्टि व्यङ्ग्यबोधी भावात्मक उचाइलाई छोएको छ । पङ्क्तिपुञ्जगत भावको समन्वयात्मक प्रक्रियाद्वारा स्वतन्त्र साहचर्यात्मक बुनोटले कवितामा केन्द्रीय कथ्यको उठान, विकास र अन्तिम रागात्मक परिणतिको प्रस्तुति गरिएको छ । अतः यस कविताको आन्तरिक संरचना कसिलो देखिन्छ ।

**ई. लयविधान**

यस कवितामा मुक्तलयको सुमधुर लयविधान गरिएको छ । कवितामा वार्णिक र शाब्दिक नियमितताको स्वेच्छिक पङ्क्ति र पङ्क्तिपुञ्जगत विधान गरिएको छ । पर्याप्त भाषिकविचलनका साथ पङ्क्तिगत स्तरमा वर्णहरूको नियमित पुनरावृत्तिले कवितामा गद्यकवित्वको अन्तर्लयको सृष्टि गरेको छ । यस प्रकार यस कविताको लयविधान विशिष्ट रहेको छ ।

### उ. भाषाशैली

यस कवितामा सरल र सहज बोध्यकिसिमको भाषाको प्रयोग गरिएको छ । तद्भव शब्दस्रोतका शब्दहरूको बहुलता रहेको यस कवितामा तत्सम स्रोतका दुरूह शब्दको प्रयोग देखिदैन । कवितात्मक अलङ्करणले नसिँगारिएको यस कवितामा अभिधेय तहमै कविताको भावलाई प्रवाहित गरिएको छ । मानक आधारभूत भाषिकव्याकरणको प्रतिपालन गरेरै पनि वाक्यगत विचलनता यस कवितामा देखिन्छ । अतः यस कविताको भाषा सामान्य रूपमा लयात्मक र रागात्मक देखिन्छ भने स्वभाविक र प्रस्तुतिको आत्मपरक शैली यस कवितामा देखिन्छ ।

### ऊ. उद्देश्य

विषम आर्थिक वितरणका कारण गरिबीको रेखामुनि रहेका सर्वसाधारण दम्पत्तिका परिवारिक दुःखानुभूतिलाई यस कवितामा देखाइएको छ । जिन्दगीको जर्जर पृष्ठभूमिबाट सन्ततिका रोग, भोक र दीनता मेट्न नसक्ने दुःखी दम्पत्तिका स्व-व्यङ्ग्य र ग्लानीको प्रकटीकरण गर्नु नै यस कविताको प्रमुख उद्देश्य देखिन्छ ।

## ५.१.३ 'भौतिक जगत् र अध्यात्मवाद' कविताको विश्लेषण

### अ. विषयवस्तु

कविकल्पित उत्पाद्य विषयवस्तु रहेको यस कवितामा मानिसको भौतिक र आध्यात्मिकविकासको चर्चा गरिएको छ । मानवको भौतिकविकासको उदाहरणात्मक चर्चा गर्दै विभिन्न व्यक्तित्वहरूका आत्मिक र आध्यात्मिक उन्नतिका भनाइहरूको सापेक्षात्मक प्रस्तुतिलाई नै यस कवितामा मुख्य रूपमा विषयवस्तुको रूपमा प्रस्तुत गरिएको देखिन्छ ।

### आ. भावविधान

मानवजातिले विज्ञान र प्रविधिको आशातीत विकास गरे पनि यथेष्ट आत्मिकविकास गर्न नसकेको भाव कवितामा व्यक्त गरिएको छ । अध्यात्म र विज्ञान मानवजीवनका दुई उत्तिकै महत्त्वपूर्ण तत्त्व हुन् । तसर्थ यी दुवै तत्त्वहरूको समान विकासले नै मानवजातिको विकासमा सन्तुलन ल्याउँछ । यी दुई कुरामा सन्तुलन

ल्याउन मानिसले पदार्थको सट्टा आत्माद्वारा सञ्चालित हुनु पर्छ भन्ने भाव कवितामा व्यक्त गरिएको देखिन्छ ।

**इ. संरचना**

दुईदेखि सात शब्दसम्मका स्वतन्त्र पङ्क्तिविधानमा आधारित एघार पङ्क्तिपुञ्जगत योजना यस कवितामा देखिन्छ । यस कविताका पङ्क्तिहरू दुई शब्ददेखि आठ शब्दसम्मका आन्तरिक पङ्क्तिगत चौडाइमा विस्तारित देखिन्छन् । यस बाह्यसंरचनामा कविताले 'म' नै सम्पूर्ण ब्रह्माण्ड हो भन्ने आत्माकेन्द्री भावको गहिराइलाई समेटेको छ । खण्डखण्डगत पङ्क्तिपुञ्जको स्वतन्त्र साहचर्यको बुनोटद्वारा कवितामा केन्द्रीय कथ्यको उठान, विकास र अन्तिम परिणतिको प्रस्तुति गरिएको छ । अतः यस कविताको आन्तरिकसंरचना कसिलो देखिन्छ ।

**ई. लयविधान**

यस कवितामा गद्यलयको सुमधुर प्रयोग गरिएको छ । कविताका पङ्क्ति र पङ्क्तिपुञ्जहरूका बीचमा शब्द र वर्णहरूको पुनरावृत्ति भएको देखिन्छ । यसले गद्यकवित्वको अर्न्तलयलाई सृष्टि गर्दै कविताको गद्यकवितात्मक लयविधानलाई सुरम्य बनाएको छ ।

**उ. भाषाशैली**

यस कवितामा अत्याधिक मात्रामा अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग गरिनुका साथै कठोर वर्णहरूको पुनरावृत्तिको कारण प्रयुक्त भाषा कविताअनुकूलको देखिदैन । कवितात्मक अलङ्कृततारहित भाषिकप्रयोगका कारण वाच्यार्थ तहमै कविताको भाव प्रस्तुत भएको छ । अतः व्यञ्जकता, रागात्मकता र कोमलताका दृष्टिमा यस कविताको भाषा सामन्य देखिनुका साथै प्रस्तुतिको स्वभाविक, सरल र आत्मपरक शैली यस कवितामा देखिन्छ ।

**ऊ. उद्देश्य**

हालसम्ममा मानिसले विज्ञानको सहारामा अतुलनीय प्रगति गरे पनि आत्मिक उन्नतिको अभावमा त्यो पूर्ण र सन्तुलित बन्न नसक्ने तथ्यलाई कवितामा प्रस्तुत

गरिएको छ । अतः सामाजिक र वैज्ञानिक सन्तुलनका लागि मानिसले आत्माद्वारा निर्देशित हुनुपर्छ भन्दै आत्मिक सर्वोच्चतालाई स्थापित गर्नु नै यस कविताको प्रमुख उद्देश्य देखिन्छ ।

## ५.१.४ 'शान्तिका दूत'' कविताको विश्लेषण

### अ. विषयवस्तु

वृद्धावस्थाको भयभीत र व्याकुल मनोभावलाई यस कवितामा मुख्य विषयवस्तु बनाइएको छ । समयचक्रसँगै युवावस्थाबाट वार्धक्यतिर ढल्केपछि आफ्नै सन्ततिहरूका उपेक्षायुक्त वचनवाणबाट दिक्क बन्न पुगेका बृद्ध बाबुआमाका संवेदात्मक आलापहरूलाई नै यहाँ कवितात्मक रूप दिइएको छ ।

### आ. भावविधान

सबैले एक दिन बुढो हुनैपर्ने भएकाले प्रत्येक युवाहरूले वृद्धहरूको सम्मान गर्नुपर्छ भन्ने भावलाई नै यस कवितामा मुख्य रूपमा प्रस्तुत गरिएको छ । बुढेसकालमा सहारा बन्ने आशाले खाइ-नखाई हुर्काएका छोरा-छोरीहरूले नै पछि उपेक्षा गर्न थालेपछि उनीहरू कसरी निरीह बन्न पुग्छन् भन्ने तथ्यलाई यहाँ उजागर गरिएको छ । अतः प्रत्येक उत्तरपुस्ताहरूले पूर्वपुस्ताहरूप्रति गर्ने व्यवहारको बोध गराउनुलाई नै यहाँ कवितात्मक भावविधान गरिएको छ ।

### इ. संरचना

चार/चार पाउको एक श्लोक भएको जम्मा छ श्लोकगत लमाइमा यो कविता संरचित रहेको छ । यस कवितामा पाउगत आन्तरिक चौडाइ कम्तिमा छ शब्ददेखि बढीमा नौ शब्दसम्मका देखिन्छन् । यसै बाह्यसंरचनाभित्र कविताले एक वृद्ध/वृद्धाको आत्मकेन्द्रित विलापपूर्ण अपीलको भावनात्मक उचाइलाई पनि छुन पुगेको छ । श्लोकगत समन्वयको वृत्तात्मक प्रक्रियाद्वारा कवितामा केन्द्रीय कथ्यको प्रारम्भ, विकास र अन्तिम रागात्मक परिणतिको प्राप्ति गरेको छ । अतः यस कविताको संरचना सुगठित किसिमको छ भन्न सकिन्छ ।

### ई. लयविधान

यस कवितामा लोकलयको प्रयोग गरिएको छ । कवितामा प्रत्येक हरफका अन्त्यमा समान स्वर, व्यञ्जनध्वनिहरूको पुनरावृत्ति गरिएको छ । यस पुनरावृत्ति र अन्त्यानुप्रासीयताको सृष्टिले कविताको लयलाई विशिष्ट तुल्याएको देखिन्छ ।

### उ. भाषाशैली

यस कवितामा सरल, सहज र कोमल भाषाको प्रयोग गरिएको छ । संस्कृतका दुरुह शब्दको सट्टा ग्रामीण चलनचल्तीका र तद्भवस्रोतका शब्दहरूको अत्याधिक प्रयोगले कवितामा प्रयुक्त भाषिकप्रयोग सरल किसिमको देखिएको हो । कविताका प्रत्येक हरफान्तमा समान ध्वनिको योजनाले अन्त्यानुप्रास शब्दालङ्कार र 'सीता र रामझैं' मा उपमा तथा 'शान्तिका दूत परेवाजोडी' मा रूपक अर्थालङ्कारको सहज सृष्टि भएको देखिन्छ । माउपरेवाले मुखभित्रको चारो खुवाएर हुर्काएको बचेराले नै पछि माउलाई ठुँगेको जस्तो पंक्षीजगत्को चर्चाको सापेक्षतामा मानवजीवनको पिता-पुत्रपुस्ताको कृतघ्न व्यवहारिक यथार्थतालाई प्रकट गर्न सफल यस कविताको भाषा व्यञ्जनात्मक प्रकारको देखिन्छ । अतः यस कविताको भाषा ललित, रागात्मक, कोमल तथा व्यञ्जक हुनुका साथै सहज स्वभाविक आत्मापरक प्रस्तुतिशैली रहेको देखिन्छ ।

### ऊ. उद्देश्य

प्रत्येक उत्तरपुस्ताको सक्षमतामा पूर्वपुस्तकै योगदान रहेका हुँदा पूर्वपुस्ताको बुढ्यौलीमा उत्तरपुस्तालाई सहयोगी र कर्तव्यपरायण हुन कवितामा आह्वान गरिएको छ । एउटा परेवाका सापेक्षतामा निरीह वृद्ध/वृद्धाका आत्मग्लानी र सहयोगापेक्षाउपर युवापुस्तालाई अनुगृहीत र कृतज्ञ बन्न कवितात्मक अपील गर्नु नै यस कविताको प्रमुख उद्देश्य देखिन्छ ।

## ५.१.५ 'आविष्कार' कविताको विश्लेषण

### अ. विषयवस्तु

तीव्र चाहान नै आविष्कारको प्रथम बीज हो । संसारमा जे-जति नयाँ विकास र निर्माण भएका छन् । ती सबै मान्छेका चाहना र इच्छाका प्रतिफल हुन् भन्ने कुरालाई

नै यहाँ प्रस्तुत गरिएको छ । शारीरिक भोक र मानसिक भोकका कारण चलायमान यस विश्वमा मान्छेको प्रविधि र विज्ञानमाथिको विजीगिषालाई कुनै हतियार र कानुनका प्रावधानले छेक्न नसक्ने र यो निरन्तर नयाँनिर्माण र उपलब्धिको मार्गमा स्वतः गतिशील रहिरहन्छ भन्ने विषयवस्तुलाई नै यस कवितामा मुख्य रूपमा प्रयोग गरिएको छ ।

**आ. भावविधान**

भोक मानवजीवनको अजेय शक्ति हो र यही शाक्तिका कारणले मान्छेले आजको उपलब्धि प्राप्त गर्न सकेको हो भन्ने तथ्यलाई कवितामा प्रस्तुत गरिएको छ । यथास्थितिप्रति सन्तोष गर्ने हो भने समाजविकासको क्रम रोकिने तथ्यप्रति सङ्केत गर्दै कविताले नयाँ कुराको इच्छा राख्नु मानवको नैसर्गिक र जन्मजात गुण हो भन्ने भाव व्यक्त गरेको छ ।

**इ. संरचना**

असमान पङ्क्तिगत वितरणका तीन पङ्क्तिपुञ्जमा यो कविता संरचित रहेको छ । यस कविताका आन्तरिक पङ्क्तिगत चौडाइ दुई शब्ददेखि पाँच शब्दसम्मका रहेका छन् । शब्दगत लमाइ र चौडाइको यस आयामभित्र कविताले मानवजातिका ज्ञानेच्छाको सार्वजनीन र सार्वकालिन प्रस्तुतिको उचाइलाई छोएको छ । खण्ड-खण्डगत पङ्क्तिपुञ्जका स्वतन्त्र साहचर्यात्मक बुनोटद्वारा यस कवितामा केन्द्रीय कथ्यको उठान, विकास र उत्कर्षता प्रदान गरिएको देखिन्छ । अतः यस कविताको आन्तरिकसंरचना पनि सुगठित किसिमको देखिन्छ ।

**ई. लयविधान**

यस कवितामा गद्यलयको सुमधुर प्रयोग गरिएको छ । कविताका पङ्क्तिहरू र पङ्क्तिपुञ्जहरूका बीचमा वार्णिक र शब्दिक पुनरावृत्तिको स्वेच्छिक विधान गरिएको छ । जसले गद्यकवित्वको अन्तर्लयलाई सृष्टि गर्दै कवितामा प्रयुक्त गद्यलयलाई विशिष्टता प्रदन गरेको छ ।

### उ. भाषाशैली

यस कविताको भाषिकशिल्प श्रुतिसुखद देखिदैन ‘सडक’, ‘तोप’, ‘एटमबम’, हाइड्रोजन’, ‘रकेट’ आदिजस्ता शब्दमा मूर्धन्य वर्णहरूको निरन्तर पुनरावृत्ति र विज्ञानक्षेत्रका यान्त्रिक शब्दहरूको चयनले यस्तो भाषिक निरशता निम्त्याएका हुन् । कवितामा प्रयुक्त शब्द व्यञ्जककिसिमका पनि देखिदैनन् । विज्ञानविषयका प्रचलित शब्दहरूको प्रस्तुतिका कारण वाच्यार्थ तहमै कविताको मर्म उद्घाटित् हुन् पुगेको छ । अतः भावसम्प्रेषणका कारण सहजता उत्पन्न भए पनि व्यञ्जकता, रागात्मकता तथा कोमलताजस्ता कवित्वका दृष्टिमा यस कविताको भाषाशैली सामान्य प्रकारको देखिन्छ ।

### ऊ. उद्देश्य

मानजजातिको सीमारहित इच्छाशक्तिको स्वभावलाई यस कवितामा प्रस्तुत गरिएको छ । मानवजातिका हातमा आज जे-जस्ता उपलब्धिहरू छन्; ती सबै पूर्वजहरूका ज्ञानेच्छा र खोजेच्छाका परिणम हुन् । तिनै पूर्वाधारहरूमा टेकेर आजको विश्व पनि थप शोध र खोजमा प्रयासरत छ । अतः मानवसमाजको निरन्तर खोजको सार्वजनीन र सार्वकालिन प्रवृत्तिको प्रकटीकरण गर्नु नै यस कविताको प्रमुख उद्देश्य देखिन्छ ।

## ५.१.६ ‘सङ्केत दिएनौ’ कविताको विश्लेषण

### अ. विषयवस्तु

यस कवितामा दैवी विपत्तिको रूपमा रहेको भुइँचालोलाई विषय बनाइएको छ । पृथ्वीभित्र सुषुप्त अवस्थामा रहेको भुइँचालोको अप्रत्यासित कम्पनले हुनपुग्ने धन र जनको क्षतिलाई मानवसमाजले विवशतापूर्वक स्वीकार गर्नुपर्ने बाध्यतालाई यहाँ उठाइएको छ । वि.सं १९९० र २०४५ मा नेपालले भोग्नुपरेको यसै दैवी विपत्तिलाई उल्लेख गर्दै भुगर्भवेत्ता वैज्ञानिकहरूका लागिसमेत यो चुनौती बनेर रहेको प्रसङ्गलाई नै यस कवितामा मुख्य विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ ।

### आ. भावविधान

मानवसमाजले विज्ञान र प्रविधिको उच्च विकास गरे पनि उसले अझै प्राकृतिक र दैवी नियतिप्रति विजयप्राप्त गर्न नसकेको भाव कवितामा प्रस्तुत गरिएको छ । आँधीहुरी, बाढीपहिरो र भुइँचालोजस्ता दैवी र प्राकृतिक प्रकोपले समय-समयमा मानवसमाजको विनास गरिरहेको परिप्रेक्ष्यमा वैज्ञानिकहरूले यस्ता सम्भावित प्रकोपको अग्रिम सूचना पाउनसक्ने प्रविधिको विकास गरी क्षतिन्यूनीकरणमा योगदान दिनुपर्ने भावलाई यस कवितामा मुख्य रूपमा प्रस्तुत गरिएको छ ।

### इ. संरचना

तीन शब्ददेखि आठ शब्दसम्मका आन्तरिक पङ्क्तिगत चौडाइका असमान पङ्क्तिवितरणमा आधारित चार पङ्क्तिपुञ्जको लमाइगत बाह्यसंरचना यस कवितामा देखिन्छ । बाह्यरूपाकृतिको यस संरचनाभित्र कविताले मानवसमाजले भोग्नु परिरहेको सार्वदेशिक र सार्वकालिक विध्वंशात्मक प्रस्तुतिको उचाइलाई छोएको छ । खण्ड-खण्डगत पङ्क्तिपुञ्जका स्वतन्त्र साहचर्यात्मक बुनोटद्वारा कवितामा केन्द्रीय कथ्यको उठान, विकास र अन्तिम परिणतिको प्रस्तुति गरिएको छ । यसले कविताको आन्तरिकसंरचनालाई सुगठित बनाएको छ ।

### ई. लयविधान

यस कवितामा गद्यलयको सुमधुर प्रयोग गरिएको छ । कविताका पङ्क्तिहरू र पङ्क्तिपुञ्जहरूका बीचमा वर्णगत र शब्दगत पुनरावृत्तिको स्वेच्छिक विधान गरिएको छ । यसले गद्यकवित्वको अन्तर्लयलाई पैदा गर्दै कविताको गद्यलयलाई सशक्तता प्रदान गरेको देखिन्छ ।

### उ. भाषाशैली

यस कवितामा सरल र सहजबोध्य भाषाको प्रयोग गरिएको छ । तद्भवस्रोतका शब्दहरूको प्रधानता रहेको यस कवितामा वर्णचयनगत कोमलताले भाषिक लालित्यको सृष्टि गरेको छ । 'आउ' शब्दको नियमित तथा वैकल्पिक पुनरावृत्तिले कवितामा अनुप्रास शब्दालङ्कारको सहजसृष्टि भएको देखिन्छ भने 'हाँसको हिँडाइ' र

'बाघगर्जाइ' जस्ता विम्बात्मक पदावलीको प्रयोग पनि कवितामा देखिन्छ । यस कवितामा मानक आधारभूत भाषिकव्याकरणको प्रतिपालन गरेर नै पद-पदावलीगत र वाक्यगत भाषिकविधान गरिएको छ । यसले वाच्यार्थ तहमै कविताको मर्मलाई उद्घाटित गराएको देखिन्छ । यसर्थ यस कविताको भाषा सरल, सुललित, बोध्य तथा प्रस्तुतिको स्वभाविक, सामान्य र आत्मापरक शैली रहेको देखिन्छ ।

**ऊ. उद्देश्य**

यस कवितामा मानवसमाजले आकस्मिक रूपमा भोग्नुपरेका दैवी नियतिलाई उल्लेख गरिएको छ । दैवी र प्राकृतिकविधानलाई अजेय शक्तिको रूपमा लिइए पनि त्यसका चुनौतिमाथि मानवसमाज निरन्तर शोधरत रही मानवकल्याणका उपाय निकाल्न सक्नुपर्छ भन्ने कवितात्मक अपील गर्नु नै यस कविताको मुख्य उद्देश्य देखिन्छ ।

## ५.१.७ "यौवनमत्त दमक" कविताको विश्लेषण

**अ. विषयवस्तु**

यस कवितामा झापा जिल्लाको पश्चिमी सिमानामा अवस्थित दमक नगरको भौगोलिक वर्णन गरिएको छ । बढ्दो सहरीकरणसँगै पूर्वीपहाडी जिल्ला र दक्षिणी गाउँहरूबाट परेको जनसङ्ख्याको चापसँगै यसको विस्तृतिलाई कवितामा प्रस्तुत गरिएको छ । मूलतः यस कवितामा दमक नगरको प्राचीन अविकसित रूपदेखि हालको आधुनिक रूपको परिचर्चालाई नै मूल विषयवस्तुको रूपमा प्रकट गरिएको छ ।

**आ. भावविधान**

केही वर्ष पहिले एउटा सामन्य बजारको रूपमा रहेको दमकले हाल सुविधाविस्तारसँगै असङ्ख्य मानिसहरूलाई आकर्षित गरिरहेको प्रसङ्गलाई कवितामा उठाइएको छ । शिक्षा, स्वास्थ्य र व्यापारको उल्लेखनीय प्रबन्ध भएको यस सहरमा एक्कासी परेको जनसङ्ख्याको चापको कारण केही अस्तव्यस्तता रहेपनि दमकबासीहरूको चेतना र जागरणका कारण भविष्यमा यस सहरले राम्रै सम्वृद्धि कमाउन सक्ने भाव कवितामा झल्केको देखिन्छ ।

## इ. संरचना

दुई शब्ददेखि बढीमा सात शब्दसम्मका आन्तरिक पङ्क्तिगत चौडाइमा आधारित असमान पङ्क्तिवितरणका छ पङ्क्तिपुञ्जमा यो कविता संरचित रहेको छ । यस बाह्यसंरचनाभित्र कविताले एउटा बजारविशेषको विगतदेखि वर्तमानसम्मको विकासप्रक्रियाको प्रस्तुति गरेको छ । खण्ड-खण्डगत पङ्क्तिपुञ्जका स्वतन्त्र साहचर्यात्मक बुनोटद्वारा कवितामा केन्द्रीय कथ्यको उठान, विकास र अन्तिम परिणतिको प्रस्तुति गरिएको छ । यसले कविताको आन्तरिकसंरचनालाई सुगठित तुल्याएको छ ।

## ई. लयविधान

यस कवितामा गद्यलयको सुमधुर प्रयोग गरिएको छ । यस कविताका पङ्क्तिहरू र पङ्क्तिपुञ्जहरूका बीचमा वर्णगत र शब्दगत पुनरावृत्तिको स्वेच्छिककविधान गरिएको छ । यसले गद्यकवित्वको अन्तर्लयलाई सृष्टि गर्दै कविताको लयलाई विशिष्टता प्रदान गरेको छ ।

## उ. भाषाशैली

यस कविताको भाषाशैली विशिष्ट किसिमको देखिन्छ । शब्दस्रोतका हिसाबले 'यौवन', 'युवक' र 'सूर्य' आदिजस्ता तत्समस्रोतका शब्दहरूको नगण्यप्रयोग देखिन्छ भने 'वर्षेनी', 'लुक्षिएकी' 'कोठा', आदिजस्ता तद्भवस्रोतका शब्दहरूको अधिकता देखिन्छ । त्यसै गरी 'ढिकीच्याउँ- ढिकीच्याउँ', 'अङ्गप्रत्यङ्ग' 'बटम' तथा लभम्यारेज' जस्ता अनुकरणात्मक, द्वित्व र आगन्तुक शब्दहरूको पनि प्रयोग गरिएको छ । यसले कविताको शब्दप्रयोगगत सरलतालाई देखाएको छ । कवितामा 'सूर्य आगमनतर्फ' र 'पशुपतिनाथतिर' भनेर पूर्व र पश्चिमलाई सङ्केत गरिएको छ भने 'दिदी-बहिनी' को रूपमा रतुवा र मावा नदीको प्रतीकीकरण गरिएको छ । दमकको नदीकटानको समस्याको उल्लेखका रूपमा 'चोक्टा-चोक्टा पारेर लुछिएकी' जस्तो विम्बात्मक भाषाको प्रयोग पनि कवितामा गरिएको छ । यसले भाषिकशिल्पगत संकेतात्मकता, प्रतीकात्मकता र विम्बात्मकताको कौशललाई देखाएको छ । कविताका पङ्क्ति र पङ्क्तिपुञ्जहरूका बीचमा समान स्वर-व्यञ्जनध्वनिहरूको नियमित तथा वैकल्पिक

आवृत्तिमूलक प्रयोगले कवितामा अन्त्यानुप्रास शब्दालङ्कारको सहजसृष्टि भएको देखिन्छ । दमकनगरीलाई एक किशोरीका रूपमा प्रस्तुत गरिएको यस कवितामा लाक्षणिक तहमा कविताको भाव प्रकटीकरण गरिएको छ । यस प्रकार कविताको भाषा सुललित, कोमल र लाक्षणिक हुनुका साथै प्रस्तुतिको स्वभाविक, सामन्य र आत्मपरक शैली रहेको छ भन्न सकिन्छ ।

### ऊ. उद्देश्य

यस कवितामा दमकबजारको स्थानीय पर्यावरण र विकासारोही स्वरूपको चर्चा गरिएको छ । कविको गृहनगरीको रूपमा रहेको दमकलाई साहित्यिक पाठकहरूका सामु परिचय गराउनुका साथै आफ्नो कर्मक्षेत्रप्रतिको विशेष अपनत्वभावको प्रस्तति गर्नु नै यस कविताको प्रमुख उद्देश्य देखिन्छ ।

## ५.१.८ 'म र प्रजातन्त्र' कविताको विश्लेषण

### अ. विषयवस्तु

यस कवितामा २०४६ सालको परिवर्तनको अघि र पछिको समयसन्दर्भलाई प्रस्तुत गरिएको छ । पञ्चायती शासनवधिका अत्याचारबाट पीडित जनताहरूले प्रजातन्त्रको प्राप्तिपछि मुक्ति पाइन्छ भन्ने आशा र अपेक्षासहित गरेको बलिदानी उत्सर्गको यहाँ चर्चा गरिएको छ । तर जनताका मुक्ति र प्रगतिका सपनामा प्रजातान्त्रिक समयावधिमै झन् नाङ्गो प्रहार हुन थालेपछिको सर्वसाधरण जनताहरूका निराशता र दीनताको प्रस्तुतिलाई नै यस कवितामा मुख्य विषयवस्तु बनाइएको छ ।

### आ. भावविधान

यस कवितामा प्रजातन्त्रको प्रतिफल लक्षित समुदायमा पुग्न नसकेको भाव व्यक्त गरिएको छ । दीन दुःखीहरूले प्रजातन्त्रप्राप्तिपछि आफ्ना खटकँदा पक्ष र मर्महरूको सम्बोधन हुने कुराको प्रतिआशा गरे पनि प्रजातान्त्रिक सरकारले त्यसमाथि कुठाराघात गरेको छ । यतिमात्र होइन महिला, बालबालिका तथा गरिब, असहायहरूका निम्ति प्रजातान्त्रिक वातावरण नै अरू कष्टकर र पीडादायक बन्न पुगेको भाव कवितामा व्यक्त गरिएको छ ।

## इ. संरचना

तीन शब्ददेखि आठ शब्दसम्मका आन्तरिक पङ्क्तिगत चौडाइका चार/चार पङ्क्तिवितरणमा आधारित पाँच पङ्क्तिपुञ्ज र अन्त्यमा दुई पङ्क्तिको एक पङ्क्तिपुञ्ज गरी साढेपाँच पङ्क्तिपुञ्जमा यो कविता संरचित रहेको छ । यस बाह्यरूपाकृतिभित्र कविताले विषम प्रजातात्रिक वातावरणको प्रकटीकरणको उचाइलाई छोएको छ । खण्डखण्डगत पङ्क्तिपुञ्जको स्वतन्त्र साहचर्यात्मक बुनोटद्वारा यस कवितामा केन्द्रीय कथ्यको उठान, विकास र अन्तिम परिणतिको प्रस्तुति गरिएको छ । यसले कविताको आन्तरिक संरचनालाई कसिलो बनाएको छ ।

## ई. लयविधान

यस कवितामा गद्यलयको प्रयोग गरिएको छ । कविताका पङ्क्ति र पङ्क्तिपुञ्जहरूमा वर्णगत र शब्दगत पुनरावृत्तिको नियमित र वैकल्पिक स्वेच्छिकविधान गरिएको छ । यसले गद्यकवित्वको अन्तर्लयलाई पैदा गर्दै लयगत माधुर्यलाई बढाएको छ ।

## उ. भाषाशैली

यस कवितामा 'धराधाम', 'मानव', 'अगाध' आदिजस्ता नगण्य तत्समशब्दहरूको प्रयोग देखिनुका साथै 'अघि', 'भारी', 'खान' आदिजस्ता तद्भव शब्दहरूको अधिकप्रयोग देखिन्छ । कवितामा प्रयुक्त 'स्वर्ग', 'सगरमाथाको टुप्पो' जस्ता पदपदावलीले भाषिक विम्बात्मकतालाई दर्शाएका छन् । 'थियो-थियो', 'भनेन-भनेन' जस्तो ध्वनिगत एकरूपताले कवितामा ठाउँ-ठाउँमा अन्त्यानुप्रास शब्दालङ्कारको सहजसृष्टिलाई देखाएको छ । यस कवितामा मानक आधारभूत भाषिकव्याकरणको प्रतिपालन गेरर नै वाक्यगत र पङ्क्तिपुञ्जगत भाषिकविधान गरिएको देखिन्छ । यसले वाच्यार्थ तहमै कविताको मर्मलाई प्रकटीकरण गरेको छ । अतः यस कविताको भाषा सरल, कोमल, बोध्य र प्रस्तुतिको स्वभाविक सामान्य र आत्मपरक शैली रहेको छ भन्न सकिन्छ ।

### ऊ. उद्देश्य

प्रजातान्त्रिक शासनावधिमा सर्वसाधरण जनताहरूको जीवनस्तर झन् कष्टकर हुँदै गएको तथ्यप्रति कवितामा आक्रोश व्यक्त गरिएको छ । नेतृत्ववर्गको स्खलित राजनैतिक र प्रशासनिक चरित्रले प्रजातान्त्रिक मूल्य र मान्यताको नै अवमूल्यन हुँदै आम जनसमूहमा त्यसको नकरात्मक सन्देश गएको देखाउनु नै यस कविताको मुख्य उद्देश्य देखिन्छ ।

## ५.१.९ 'यहाँ यस्तै छ !' कविताको विश्लेषण

### अ. विषयवस्तु

प्रजातान्त्रिक शासनव्यवस्थाका नीतिगत आदर्शता र कार्यगत तुच्छताका अन्तरविरोधका आधारभूमिमा यस कविताको रचना गरिएको छ । जनताप्रति उत्तरदायी प्रशासन, स्वच्छ प्रतिस्पर्धात्मक कर्मचारीतन्त्र तथा गरिबीनिवारणजस्ता सैद्धान्तिक मान्यता बोकेका सरकारहरूका कमिशनतन्त्र घुसखोरी, नातावाद र भोलिवादजस्ता कार्यात्मक वैषम्यको उल्लेखलाई नै यस कवितामा मुख्य विषयवस्तुको रूपमा प्रयोग गरिएको छ ।

### आ. भावविधान

सिद्धान्त र व्यवहारको कार्यमूलक वैषम्यलाई यस कवितामा प्रस्तुत गरिएको छ । सिद्धान्तमा जे गरिदैन व्यवहारमा त्यही गर्ने व्यङ्ग्यपूर्ण राजनैतिक, प्रशासनिक र आर्थिक दुष्प्रवृत्तिलाई कवितामा उल्लेख गरिएको छ । जिम्मेवार व्यक्तित्वहरूका मनपरीतन्त्रका कारण दिनप्रतिदिन धराशायी बन्दै गएका नेपालका विविध पक्षहरूको उठान गर्दै त्यसको निराकरणका लागि समयमै सजग हुन कविताले प्रेरित गरेको छ । अतः यस कवितामा सरोकारवालहरूको ह्रासोन्मुख चरित्रप्रति आलोचनात्मक र व्यङ्ग्यात्मक भावविधान गरिएको देखिन्छ ।

### इ. संरचना

चार शब्ददेखि छ शब्दसम्मका पङ्क्तिगत चौडाइमा आधारित बीस पङ्क्तिको एक पङ्क्तिपुञ्जमा यस कविताको रचना गरिएको छ । माथिल्लो पङक्तिमा सरकारका

नीतिगत उद्देश्यलाई प्रस्तुत गरिएको यस कवितामा तल्लो पङ्क्तिले तिनका कार्यगत वैपरीत्यलाई प्रस्तुत गरेको छ । पाठकीय जिज्ञासाको उठान र तिनको तत्काल शमन गर्दै लेखिएको यस कविताले कुनै निश्चित कथ्यको उठान, विकास र अन्तिम परिणति प्रस्तुत गर्न सकेको देखिदैन । यसले कविताको आन्तरिकसंरचनालाई शिथिल बनाएको देखिन्छ ।

### ई. लयविधान

यस कवितामा गद्यलयको सुमधुर प्रयोग गरिएको छ । कविताका पङ्क्तिहरूका वीचमा वर्णगत र शब्दगत पुनरावृत्तिको स्वेच्छिकविधानले गद्यकवित्वको अन्तर्लयलाई सृष्टि गरेको छ । यसले कविताको लयलाई विशिष्ट बनाउन सहयोग गरेको छ ।

### उ. भाषाशैली

सरल तद्भव शब्दहरूको अधिकता भएको यस कवितामा भाषिकसरलता पाइन्छ । कविताका हरफान्तमा समान स्वर-व्यञ्जनध्वनिहरूको नियमित तथा वैकल्पिक आवृत्तिले अन्त्यानुप्रास शब्दालङ्कार तथा 'ताँतीझैं' पदावलीमा उपमा अर्थालङकारको सहजप्रयोग भएको देखिन्छ । मानक आधारभूत भाषिकव्याकरणको प्रतिपालन गरेरै वाक्यगत विधान गरिएको यस कवितामा अभिधेय तहमै भावको प्रकटीकरण भएको छ । अतः कोमलता, रागात्मकता र व्यञ्जनात्मकता जस्ता कवितात्मक तत्त्वहरूको प्रस्तुतिका दृष्टिले यस कविताको भाषिकशिल्प सामान्य किसिमको देखिन्छ । यस कविताको प्रस्तुतिशैली स्वभाविक र आत्मपरक रहेको छ ।

### ऊ. उद्देश्य

यस कवितामा हाम्रो प्रशासनिक र राजनैनिक चरित्रको जीवन्त चित्र खिचिएको छ । यिनै क्षेत्रमा देखिने गरेका ढिलासुस्ती, घुसखोरी, नातावाद तथा ठालुवादजस्ता दुष्प्रवृत्तिको भण्डाफोर गर्दै त्यसमाथि विद्रोह र घृणाको स्वर उराल्नु नै यस कविताको मुख्य उद्देश्य देखिन्छ ।

### ५.१.१० 'प्र.म.अ.लाई शुभेच्छा' कविताको विश्लेषण

#### अ. विषयवस्तु

राजनैनिक विषयवस्तुमा यस कविताको रचना गरिएको छ । संसदमा सबभन्दा ठूलो राजनैतिक दलको संसदीय दलको नेताको हैसियतले वि.स. २०५१ सालमा प्रधानमन्त्री हुन पुगेका मनमोहन अधिकारीलाई यस कवितामा सम्बोधन गरिएको छ । अतः प्रधानमन्त्री अधिकारीको कार्यगत सफलताको शुभेच्छात्मक अभिव्यक्तिलाई नै यस कवितामा मुख्य विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ ।

#### आ. भावविधान

यस कवितामा प्रधानमन्त्री अधिकारीलाई जनताहरूका ज्वलन्त समस्याहरूको सम्बोधन गरी देश र जनतालाई माथि उठाउन आह्वान गरिएको छ । प्रधानमन्त्रीले मल्लिक आयोगले कारवाही गर्न सिफारिश गरिएकाहरूलाई निडरतापूर्वक सजायप्रदान गर्दै जनतालाई नै ईश्वर सम्झी जनसेवामा समर्पित हुनुपर्ने भाव प्रकट गरिएको छ । अतः यस कवितामा देश र जनताप्रति वफादारीपूर्ण राष्ट्रभक्तिको भावविधान अभिव्यक्त गरिएको देखिन्छ ।

#### इ. संरचना

छ शब्ददेखि आठ शब्दसम्मका आन्तरिक पङ्क्तिगत चौडाइमा आधारित असमान पङ्क्तिवितरणका तीन पङ्क्तिपुञ्जमा यस कविताको बाह्यसंरचना आबद्ध रहेको छ । यसै बाह्यरूपाकृतिभित्र कविताले राष्ट्रभक्तिको भावात्मक उचाइलाई छोएको छ । पङ्क्तिपुञ्जगत समन्वयात्मक साहचर्यको बुनोटद्वारा कवितामा केन्द्रीय मर्मको उठान विकास र अन्तिम परिणतिको प्रस्तुति गरिएको छ । यसले कविताको आन्तरिक संरचनालाई सुगठितता प्रदान गरेको छ ।

#### ई. लयविधान

यस कवितामा लोकलयको प्रयोग गरिएको छ । प्रत्येक हरफका अन्त्यका स्वर-व्यञ्जनध्वनिहरूको समानवितरणका कारण सृजित अन्त्यानुप्रासीयताले कविताको

लयलाई बढाएको छ । लोकलयअन्तर्गत् झ्याउरे छन्दनजिकको आक्षरिकसंरचना यस कवितामा देखिए पनि त्यसको पूर्णपालना भने नगरिएकाले कविताको लयविधान सामन्य प्रकारको देखिन्छ ।

### उ. भाषाशैली

यस कवितामा 'ईश्वर', 'स्वर्ग', 'त्रिकाल' आदिजस्ता तत्सम शब्दहरूको नगण्यप्रयोग देखिनुका साथै 'हटाउ', 'बोझ' 'कम्मर' आदिजस्ता तद्भव शब्दहरूको अधिक प्रयोग देखिन्छ । यसले कविताको शब्दचयनगत सरलतालाई देखाएको छ । 'नगर-नगर', 'ममता-जनता' जस्ता हरफगत अन्त्यानुप्रासीयताले कविताभरि अनुप्रास शब्दालङ्कारको सृष्टि भएको छ भने 'ईश्वर हुन् जनता' भन्ने पदावलीमा रूपक अर्थालङ्कारको सहजसृष्टि भएको देखिन्छ । 'प्रधानमन्त्री मनमोहन अधिकारी'' भन्ने पदावलीमा क्रमगत रूपमा आएका वर्णहरूकै आधारमा लेखिएको यस कवितामा वाच्यार्थ तहमै कविताको भाव प्रकटीकरण गरिएको छ । कोमल, सरल, सहज आलङ्कारिक र अभिधेयात्मक भाषिकशिल्प भएको यस कवितामा स्वभाविक र आत्मापरक प्रस्तुतिशैली रहेको छ ।

### ऊ. उद्देश्य

यस कवितामा एमालेका नेता मनमोहन अधिकारी प्रधानमन्त्री भएकोमा खुशी प्रकट गरिएको छ । उनीपूर्व सरकारको नेतृत्व गर्नेहरूले सामाजिक, आर्थिक र राजनैतिक रूपबाट देशमा अस्तव्यस्तता निम्त्याएकाले नवनियुक्त प्रधानमन्त्री अधिकारीलाई तिनको सुधारीकरण गरी देशवासीहरूमाझ सम्मानित र गरिमामण्डित हुन अपील गरिएको छ । त्यसका लागि जनचासोका महत्त्वपूर्ण पक्षहरूलाई दर्शाउँदै अधिकारीप्रति कविमनको व्यक्तिगत शुभेच्छाको कवितात्मक प्रस्तुति गर्नु नै यस कविताको प्रमुख उद्देश्य देखिन्छ ।

### ५.१.११ 'जीवनको संझना' कविताको विश्लेषण

### अ. विषयवस्तु

युवावस्थामै दिवङ्गत हुन पुगेका छोराको सम्झनामा यस कविताको रचना गरिएको छ । सिर्जनात्मक क्षमताका धनी 'जीवन' को असामहिक निधनपछि उत्पन्न पारिवारिक शून्यता र कविपिताको शोकविह्वलतालाई प्रकट गर्दै उनकी अर्धाङ्गिनी सङ्गीता र छोरी ऋचा र ऋतुका अमर स्मृतिगाथालाई यस कवितामा मुख्य विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ ।

### आ. भावविधान

परिवारका होनहार सदस्यको दुःखद अवसानले उत्पन्न पारिवारिक निरशता र शुष्कतालाई यस कवितामा प्रस्तुत गरिएको छ । मनमा गहिरो चोट बोके पनि सहृदयीहरूले बाँच्नका लागि समाजसँग दुरूस्त भएर उभिनै पर्ने विवश यथार्थिक भावाभिव्यक्तिलाई यस कवितामा प्रकटीकरण गरिएको छ ।

### इ. संरचना

छ देखि नौ शब्दसम्मका आन्तरिक हरफगत चौडाइका बीस हरफहरूमा यो कविता संरचित रहेको छ । तीन हरफका दुई पद्य, चार हरफका तीन पद्य र दुई हरफको एक पद्य रहेको यस कवितामा हरफवितरणगत स्वेच्छिक पद्ययोजना रहेको देखिन्छ । पहिलो र तेस्रो पद्यका सात हरफहरू शीर्षकाङ्कित 'जीवनको संझना' का वर्णहरूबाटै सुरू गरिएको यस कविताले केन्द्रीय मर्म शोकको उठान गरे पनि त्यसको समुचित विकास र अन्तिम परिणति प्रस्तुत गर्न सकेको छैन । अतः यस कविताको आन्तरिकसंरचना सशक्त देखापर्न सकेको देखिदैन ।

### ई. लयविधान

यस कवितामा लोकलयअन्तर्गत् झ्याउरे छन्दको सुमधुर प्रयोग गरिएको छ । प्रत्येक हरफान्तमा स्वर-व्यञ्जनध्वनिहरूको समान वितरणले कविता अन्त्यानुप्रासमय बनेको देखिन्छ । यस अन्त्यानुप्रासीयताले कविताको लयलाई विशिष्टता प्रदान गरेको छ । अतः यस कविताको लयविधान उत्कउष्ट किसिमको देखिन्छ ।

### उ. भाषाशैली

'तिम्रो', गर्छौं', 'हेर्न' आदिजस्ता तद्भव शब्दहरूको प्रयोगका साथै 'अमर', 'स्वर्ग' 'वाटिका' आदिजस्ता तत्सम शब्दहरूको अधिकप्रयोग यस कवितामा देखिन्छ । तत्सम शब्दको प्रयोगाधिक्य रहे पनि चयनगत सरलताले कवितामा भाषिक कठिनाई उत्पन्न भएको छैन । 'राखेर-पोखेर' जस्तो अन्त्यानुप्रासीय योजनाले कवितामा अन्त्यानुप्रास शब्दालङ्कारका साथै 'संझेर बस्छिन् अभर यादमा' तथा 'उत्तर देऊ कहिले आउँछौ ?' जस्ता पदावलीमा क्रमशः स्मरण र प्रश्नालङ्कार अर्थालङ्कारको सहजसृष्टि भएको देखिन्छ । शब्दविचलनगत सामान्यता रहेको यस कवितामा वाच्यार्थ तहमै भावप्रकटीकृत भएको छ । सरल, सहज र बोध्य किसिमको भाषिकशिल्प रहेको यस कवितामा स्वभाविक आत्मपरक प्रस्तुतिशैली रहेको छ ।

### ऊ. उद्देश्य

पारिवारिक सदस्यको मृत्युवियोग चिरदंशक र पीडादायी हुन्छ भन्ने तथ्यलाई यस कविताले उजागर गरेको छ । कविमनको यसै अन्तर्पीडालाई कवितात्मक प्रस्तुति गरी पुत्रशोकको भावविह्वलतालाई सिर्जनात्मक विरेचन गर्नु नै यस कविताको प्रमुख उद्देश्य देखिन्छ ।

## ५.१.१२ 'शहीदहरूलाई स्मरण पत्र' कविताको विश्लेषण

### अ. विषयवस्तु

यस कवितामा स्खलित सामाजिक र राजनैतिक चरित्रलाई विषयवस्तु बनाइएको छ । समुन्नत नेपालको कामना गर्दै सहिदहरूले उत्सर्ग गरे पनि राजनैतिक नेतृत्वको तुच्छ चरित्रका कारण सहिदहरूका सपना साकार हुन नसकेको विसङ्गत पक्षलाई कविताले देखाएको छ । त्यसै गरी नेपालीका सामाजिक संस्कार र संस्कृति पनि बाह्य सांस्कृतिक अतिक्रमणका कारण तिरोहित बन्दै गएको तीतो यथार्थलाई कविताले प्रस्तुत गरेको छ । यसर्थ दिनप्रतिदिन ह्रासोन्मुख बन्दै गएका नेपालका सामाजिक र राजनैतिक संस्कारको उल्लेखलाई नै यस कवितामा मुख्य विषयवस्तुको रूपमा उपयोग गरिएको छ ।

## आ. भावविधान

शासकीय वर्गले समुन्नत र अग्रगामी नेपालको नेतृत्व गर्दै सहिदीय चेतनाको सम्मान गर्नुपर्ने भाव यस कविताले व्यक्त गरेको छ । चाकडीबाजहरूका निम्ति 'टीके सम्मान' को संस्कृति अन्त्य भई स्वच्छ प्रतिस्पर्धामूलक कर्मचारीतन्त्रको स्थापनाका साथ स्वस्थ राजनीतिक प्रणालीको विकासको भावात्मक प्रस्तुति यस कविताले गरेको छ ।

## ३. संरचना

दुई शब्ददेखि एघार शब्दसम्मका आन्तरिक पङ्क्तिगत चौडाइमा आधारित सात पङ्क्तिपुञ्जको लमाइगत संरचना यस कवितामा देखिन्छ । चार पङ्क्तिका छङ्क्तिपुञ्ज र तीन पङ्क्तिको एक पङ्क्तिपुञ्ज भएको यस कवितामा पङ्क्तिपुञ्जगत हरफविधानमा स्वेच्छिकता देखिन्छ । पङ्क्तिपुञ्जगत समन्वयात्मक साहचर्यको बुनोटद्वारा केन्द्रीय कथ्यको उठान, विकास र अन्तिम परिणतिको प्रस्तुति गरिएको यस कविताको आन्तरिकसंरचना पनि सुगठित किसिमको देखिन्छ ।

## ई. लयविधान

यस कवितामा गद्यलयको सुमधुर प्रयोग गरिएको छ । वर्ण र शब्दहरूको नियमित र वैकल्पिक अनुप्रासीय विधानले कवितामा गद्यकवित्वको अन्तर्लयलाई पैदा गरेको छ । यसले कविताको लयविधानलाई सशक्तता प्रदान गरेको देखिन्छ ।

## ऊ. भाषाशैली

यस कवितामा 'प्राण', 'आत्मा',  सन्तति आदिजस्ता नगण्य तत्सम शब्दहरूको प्रयोगका साथै 'लाज', 'भनेर' 'बनेका' आदिजस्ता तद्भव शब्दहरुको अधिक प्रयोग देखिन्छ । 'कमिसन', 'फेसन' 'म्युजियम' आदिजस्ता आगन्तुक शब्दका साथै 'प्रजातन्त्र', हुक्के' अरौटे' आदिजस्ता राजनीतिमा प्रचलित शब्दहरूको प्रयोग पनि यस कवितामा देखिन्छ । यसले कविताको भाषालाई कठोर बनाउनुका साथै दुःश्रवता उत्पन्न गरेको छ । 'छन्-छन्' जस्तो हरफान्तगत अन्त्यानुप्रासीयताले कवितामा अन्त्यानुप्रास शब्दालङ्कारको सृष्टि गरेको छ भने 'टुकु-टुकु हिँडेर नेपालभित्र पाहना बनेका छन्'

पदावलीमा विम्बात्मक प्रस्तुति गरिएको देखिन्छ । शब्दविचलनगत सामन्यता रहेको यस कवितामा वाच्यार्थ तहमै भावप्रकटीकृत भएको छ । सहजबोध्य किसिमको भाषिकशिल्प रहेको यस कवितामा स्वभाविक, आत्मापरक प्रस्तुतिशैली रहेको छ ।

### ऊ. उद्देश्य

नेपाली राजनीतिका चरम विकृतिलाई नङ्ग्याइएको यस कवितामा शासकीयसुधारको अपेक्षा गरिएको छ । सत्ताको मातमा दिग्भ्रमित बन्न पुगेका सत्ताधारीहरूसँग प्रजातन्त्रको वास्तविक गरिमा र परिभाषाको सोधनी गर्दै उनीहरूलाई आफ्नो काम, कर्तव्य र अधिकारप्रति सम्वेदनशील रहन यस कवितामा आग्रह गरिएको छ ।

## ५.१.१३ प्रजातन्त्र, कुर्सी र पैसा' कविताको विश्लेषण

### अ. विषयवस्तु

प्रजातन्त्रप्राप्तिपछि स्वार्थी र पदलोलुप व्यक्तिको अभ्युदय भएको तथ्यलाई यस कवितामा प्रस्तुत गरिएको छ । प्रजातान्त्रिक अभिष्ट लक्षित समुदायमा पुग्न नसकी ठूला-बडा र अवसरवादीहरूकै स्वार्थसिद्धमा अलमस्त बनेकाले क्रान्तिवीरहरूले पुनः आन्दोलित हुनुपर्ने क्रान्तिकारी विषयलाई यस कवितामा उपयोग गरिएको छ ।

### आ. भावविधान

प्रजातन्त्रको खोल ओढेर व्यक्तिगत स्वार्थलिप्सामा उद्यत रहने नीचप्रवृत्तिलाई यस कवितामा धज्जी उडाइएको छ । नाममात्रको प्रजातान्त्रिक अभ्यासमा चरम शोषणका कारण नवढनाढ्य वर्गको उदय भई प्रजातन्त्र तिनै मुठ्ठीभरहरूको हातमा कैद भएको उल्लेख गरिएको छ । यसका विरुद्ध हिम्मत हुने वीर नेपालीहरूले पुनः प्राणेत्सर्ग गर्नुपर्ने बलिदानी भावाभिव्यक्तिलाई कवितामा प्रस्तुत गरिएको छ ।

### इ. संरचना

तीन शब्ददेखि आठ शब्दसम्मका आन्तरिक पङ्क्तिगत चौडाइका चार पङ्क्तिपुञ्जमा यो कविता संरचित रहेको छ । चार पङ्क्तिका तीन पङ्क्तिपुञ्ज र तीन

पङ्क्तिको एक पङ्क्तिपुञ्जगत स्वेच्छिक पङ्क्तिविधान यस कवितामा देखिन्छ । पङ्क्तिपुञ्जमा स्वतन्त्र साहचर्यात्मक बुनोटद्वारा केन्द्रीय कथ्यको उठान, विकास र अन्तिम परिणतिको प्रस्तुति गरिएको यस कविताको आन्तरिकसंरचना पनि सुगठित किसिमको देखिन्छ ।

## उ. लयविधान

यस कवितामा गद्यलयको सुमधुर प्रयोग गरिएको छ । वर्ण र शब्दको पङ्क्तिगत अनुप्रासीयताले कवितामा गद्यकवित्वको अन्तर्लयलाई पैदा गरेको छ । यसले कविताको लयविधानलाई विशिष्टता प्रदान गरेको छ ।

## ऊ. भाषाशैली

'वीर', 'सूर्य', 'कर्तव्य' जस्ता नगण्य तत्सम शब्दहरूको प्रयोग गरिएको यस कवितामा 'बस्ने' 'डुबेका', 'कुर्सी', आदिजस्ता तद्भव शब्दहरूको अधिकप्रयोग देखिन्छ । स्खलित राजनैतिक चरित्रप्रति घृणा र आक्रोशको स्वर उरालेको यस कवितामा गौडी रीति र ओज गुणप्रधान कठोर वर्णहरूको अत्याधिक पुनरावृत्ति गरिएको छ । 'उडुस' र 'उपियाँ' ले शोषक सामन्ती तथा 'बोसो र रगत' ले तिनका अकूत सम्पत्तिको प्रतीकात्मक भाषिकअभिव्यक्ति कवितामा गरेका छन् । समान स्वर-व्यञ्जनध्वनिहरूको नियमित तथा वैकल्पिक आवृत्तिले आद्यानुप्रास र अन्त्यानुप्रास शदालङ्कारको सृष्टि भएको छ । भावव्यञ्जनाको अभिधेयात्मकता रहेको यस कवितामा स्वभाविक र आत्मापरक प्रस्तुतिशैली रहेको देखिन्छ ।

## ऊ. उद्देश्य

भ्रष्ट, नीच र स्वार्थी नेतृत्वले सहिदको बलिदानी मूल्यलाई घटाएको छ । चरम राजनैतिक, सामाजिक र आर्थिक विसङ्गतिका कारण मुलुक असफल राष्ट्रको दर्जातिर अभिमुख रहेको छ । यसै परिप्रेक्ष्यमा प्रगतिशील क्रान्तिकारी कविचेतको प्रस्तुति गर्दै बलिदानी र कर्तव्यपरायणताका साथ आमजनतालाई राष्ट्रनिर्माणमा उठ्न कवितात्मक अपील गर्नु नै यस कविताको प्रमुख उद्देश्य देखिन्छ ।

### ५.१.१४ 'जनता' कविताको विश्लेषण

**अ. विषयवस्तु**

यस कवितामा बहुसङ्ख्यक सर्वसाधरण जनताहरूलाई सम्बोधन गरिएको छ । प्रजातान्त्रिक शासनव्यवस्थामा नेताहरूले जनतालाई केवल भऱ्याङको रूपमा प्रयोग गरेर आफ्नो दुनो सोझ्याएको विषयवस्तुलाई यस कवितामा मुख्य रूपमा प्रस्तुत गरिएको छ ।

**आ. भावविधान**

प्रजातान्त्रिक शासन व्यवस्थामा जनताहरूको सर्वोपरि महत्त्व हुने भए पनि नेपालको सन्दर्भमा त्यसो हुन नसकेको तथ्यलाई कविताले उजागर गरेको छ । पाँच वर्षमा एकपल्ट नेताहरूको नमस्ते पाउनेबाहेक प्रजातन्त्रमा सर्वसाधरण जनताहरूले अरु केही नपाएको भाव कविताले व्यक्त गरेको छ ।

**इ. संरचना**

चार शब्ददेखि छ शब्दसम्मका आन्तरिक पङ्क्तिगत चौडाइका चार/चार हरफका दुई पङ्क्तिपुञ्जको छोटो संरचना यस कवितामा देखिन्छ । कविताले केन्द्रीय कथ्यको उठान गरे पनि त्यसको विकास र अन्तिम परिणति प्रस्तुत गर्न सकेको छैन । यसले कविताको आन्तरिकसंरचनालाई पनि शिथिल तुल्याएको छ ।

**ई. लयविधान**

यस कवितामा गद्यलयको सुमधुर प्रयोग गरिएको छ । कविताका पङ्क्तिहरूमा भएको वर्णगत आवृत्ति र शब्दगत अन्त्यानुप्रासीयताले कवितामा गद्यकवित्वको अन्तर्लयलाई पैदा गरेको छ । यसले कविताको लयविधानलाई सशक्त बनाएको देखिन्छ ।

**उ. भाषाशैली**

तद्भव शब्दहरूको अधिकता भएको यस कविताको भाषा सरल र बोध्य किसिमको देखिन्छ । हरफान्तगत समान स्वर -व्यञ्जनध्वनिको आवृत्तिले कवितामा

अन्त्यानुप्रास शब्दालङ्कारका साथै 'रोलरले झैं' शब्दावलीमा उपमा अर्थालङ्कारको सहजप्रयोग देखिन्छ । यसैगरी 'रोलरले झैं पेलिने जनता' मा भाषिक विम्बात्मकता देखिएको यस कवितामा भावव्यञ्जनाको अभिधेयात्मकता रहेको पाइन्छ । यस कविताको प्रस्तुतिशैली स्वभाविक र सामान्य किसिमको रहेको छ ।

### ऊ. उद्देश्य

प्रजातन्त्रका धनी नेपाली जनताहरूको छोटो समीक्षा यस कवितामा प्रस्तुत गरिएको छ । प्रजातन्त्र पाए पनि प्रजातान्त्रिक अभीष्ट प्राप्त गर्नबाट वञ्चित आम नेपाली जनताहरूको यथार्थ शब्दचित्र प्रस्तुत गर्नु नै यस कविताको प्रमुख उद्देश्य देखिन्छ ।

## ५.१.१५ 'नव वर्ष' कविताको विश्लेषण

### अ. विषयवस्तु

यसमा नेपाली राजनीतिका दलीय अन्तर्विरोध र हानथापलाई प्रस्तुत गरिएको छ । तर अब त्यस्ता दुर्मतिहरूलाई पन्छाउँदै राष्ट्रनिर्माणमा लाग्नु पर्ने सुझावात्मक विषयवस्तुलाई नै यस रचनामा मुख्य रूपमा प्रस्तुत गरिएको छ ।

### आ. भावविधान

दलीय खिचातानीले देशले अपेक्षित सफलता प्राप्त गर्न नसकेको तथ्यलाई यस रचनामा उजागर गरिएको छ । नेताहरूको विरोधका लागि विरोध गर्ने पराजित मानसिकताले देश दूरावस्थाको यथास्थितिमा रहेकोले सबै नेताकार्यकर्ताहरूलाई व्यक्तिगत र दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रोन्नतिका निम्ति काम गर्न यसमा आह्वान गरिएको छ ।

### इ. संरचना

छदेखि नौ शब्दसम्मका आन्तरिक पङ्क्तिगत चौडाइका चार हरफको लमाइगत संरचना यस रचनामा देखिन्छ । चार पाउका दुई अर्धश्लोकीय छोटोसंरचनामा सीमित यस रचनाले भावाभिव्यक्तिको मुक्तकीय स्वरूपलाई ग्रहण गरेको देखिन्छ । अतः कवितात्मकसंरचनाको सर्वथा अभाव यस रचनामा पाइन्छ ।

### ई. लयविधान

यस पद्यमा शार्दूलविक्रीडित छन्दको शास्त्रीय लयलाई प्रयोग गरिएको छ । पाउगत अन्त्यानुप्रासीयताले लयलाई सुरम्य बनाए पनि ठाउँ-ठाउँमा छन्दोभङ्गको स्थिति यस पद्यमा देखिन्छ । अतः लयप्रयोगगत सामान्यता यस पद्यमा देखिन्छ ।

### उ. भाषाशैली

'अझ', 'पनि', 'छ' गर्छौं' आदिजस्ता नगण्य तद्भव शब्दहरूको साथै 'विरोध', 'कलह', 'उन्नति' जस्ता बहुल तत्सम शब्दको प्रयोग यस पद्यमा देखिन्छ । शब्दचयनगत तत्समबहुलता देखिए पनि प्रयोगगत प्रचलितताका कारण सहजबोध्यताको भाषिकशिल्प यस पद्यमा देखिन्छ । 'अब-ग्रह' 'स्थिति-दूर्मति' जस्ता शब्दमा स्वर-व्यञ्जनगत एकरूपताले अन्त्यानुप्रास शब्दालङ्कारको प्रयोग देखिन्छ भने भावाभिव्यञ्जनाको अभिधेयात्मकता यस पद्यमा रहेको छ । प्रस्तुतिको स्वभाविक सामन्य र आत्मपरक शैली यस पद्यमा देखिन्छ ।

### ऊ. उद्देश्य

आन्तरिक अन्तर्कलहमा रूमल्लिरहेको नेपाली समाजलाई नव वर्षको उपलक्ष्यमा रचनात्मक कार्यमा लाग्ने कवितात्मक शुभेच्छा प्रकट गर्नु नै यस पद्यको प्रमुख उद्देश्य देखिन्छ ।

## ५.१.१६ 'चट्याङ पर्न सक्छ' कविताको विश्लेषण

### अ. विषयवस्तु

राणाशासन र पञ्चायती शासनव्यवस्थाको विरुद्धमा लागेर प्राणोत्सर्ग गर्ने वीर सहिदहरूको सम्झना यस कवितामा गरिएको छ । अधिकार र स्वतन्त्रता खटाएर दिइएको हुँदा त्यो जुनसुकै बेला पनि गुम्नसक्ने भएकाले स्वतन्त्रता र समानताप्रेमी नेपालीहरूले जहिलेसुकै सर्तक र चनाखो रहनुपर्छ भन्ने प्रगतिशील राजनैतिक विषयवस्तुलाई यस कवितामा प्रयोग गरिएको छ ।

## आ. भावविधान

नक्कली प्रजातन्त्र र अधिकारप्रेमीहरू झुटको रङ्गमा डुबेर सत्तासीन हुन पुगेको तथ्यलाई कविताले उजागर गरेको छ । यस्ता नटुवाहरूको बोलबालाका कारण प्रजातन्त्रको भविष्य धुमिल हुन पुगेको कारण सच्चा प्रजातन्त्र र मानवाधिकारप्रेमीहरूले कठोर सङ्घर्षका निम्ति तयार रहनुपर्छ भन्ने क्रान्तिकारी भावको अभिव्यक्ति यस कवितामा गरिएको छ ।

## इ. संरचना

चार शब्ददेखि नौ शब्दसम्मका आन्तरिक पङ्क्तिगत चौडाइमा आधारित चार-चार पङ्क्तिका चार पङ्क्तिपुञ्जको लमाइगत संरचना यस कविताले प्राप्त गरेको छ । पङ्क्तिपुञ्जगत समन्वयको साहचर्यात्मक बुनोटद्वारा यस कवितामा केन्द्रीय मर्मको उठान, विकास र अन्तिम परिणतिको प्रस्तुति गरिएको छ । यसबाट कविताको आन्तरिक संरचना पनि सुगठित किसिमको देखिन्छ ।

## ई. लयविधान

यस कवितामा गद्यलयको सुमधुर प्रयोग गरिएको छ । वर्ण र शब्दहरूको पङ्क्तिगत आवृत्तिले कवितामा गद्यकवित्वको अन्तर्लयलाई पैदा गरेको छ । यसले कविताको लयविधानलाई सशक्तता प्रदान गरेको देखिन्छ ।

## ऊ. भाषाशैली

यस कवितामा 'सूर्य', 'ग्रहण' तथा 'धर्ती' आदिजस्ता नगण्य तत्सम शब्दका साथै 'रूख', 'रगत' तथा 'डुबेर' आदिजस्ता तद्भव शब्दको अधिकप्रयोग गरिएको छ । शब्दचयनगत यस सरलताले कवितामा भाषिकबोध्यता उत्पन्न भएको छ । 'परे-मरे' जस्ता हरफान्तगत अनुप्रासीयताले कवितामा अन्त्यानुप्रास शब्दालङ्कारका साथै 'मर्दा झैं' शब्दावलीमा उपमा अर्थालङ्कारको सहजसृष्टि भएको देखिन्छ । यसैगरी 'स्याल' शब्दले धूर्त नेताको प्रतीकीकरण गरेको छ भने 'भोटे कुकर छोडिएको छ' पदावलीमा भाषिक विम्बात्मकता झल्केको देखिन्छ । शब्दविचलनगत सामान्यता रहेको यस

कविताको लाक्षणिक तहमा भावप्रकटीकरण भएको देखिन्छ । यसर्थ विम्ब, प्रतीक, अलङ्कार भावव्यञ्जकता आदिजस्ता कवितात्मक तत्त्वहरूको सहजसृष्टि हुन पुगेको यस कविताको भाषिकशिल्प उत्कृष्ट हुनुका साथै प्रस्तुतिको उत्तम र आत्मपरक शैली रहेको छ भन्न सकिन्छ ।

**ऊ. उद्देश्य**

जनताको नाम बेचेर चैन गर्ने भ्रष्ट नेताहरूप्रति यस कवितामा तीव्र आक्रोश र घृणाव्यक्त गरिएको छ । जनताको बलिदानीपूर्ण सङ्घर्षबाट प्राप्त प्रजातन्त्रमाथि प्रतिगमनको कालो बादल मँडारिन थालेपछि जुनसुकै बेला हुनसक्ने घातक प्रहारको प्रतिकार गर्न जनताहरूलाई तयार रहन कवितात्मक अपील गर्नु नै यस कविताको प्रमुख उद्देश्य देखिन्छ ।

### ५.१.१७ 'सुखानी' कविताको विश्लेषण

**अ. विषयवस्तु**

पञ्चायती शासनव्यवस्थाको निरङ्कुश दमन र आततायी प्रवृत्तिलाई यस कविताले झल्काएको छ । अधिकार र स्वतन्त्रताको खोजी गर्दा सुखानी जङ्गलमा लगेर हत्या गरिएका पाँचजना सपुतहरूको अमर वीरगाथाको सम्झनालाई यस कवितामा मुख्य विषयवस्तुको रूपमा प्रयोग गरिएको छ ।

**आ. भावविधान**

यस कवितामा सहिदीय चेतनाको सम्मानको भाव अभिव्यक्त गरिएको छ । जनताहरूको सुखद भविष्यका लागि आफ्नो रगतलाई सुखानीको माटोमा बगाउने वीर सहिदहरूको अभीष्टलाई नेपालीहरूले पूरा गर्नुपर्ने तथ्यलाई अघि सारिएको यस कवितामा सहिदीय बलिदानप्रति सम्मान र ममत्वको भाव प्रकट गरिएको छ ।

**इ. संरचना**

छ शब्द देखि सात शब्दसम्मको आन्तरिक पङ्क्तिगत चौडाइमा आधारित आठ-आठ पङ्क्तिका दुई पङ्क्तिपुञ्जको लमाइगत संरचना यस कविताले प्राप्त गरेको छ । यस कवितामा केन्द्रीय मर्मको उठान गरिए पनि त्यसको विकास र अन्तिम

परिणतिको प्रस्तुति हुन सकेको देखिदैन । यसले कविताको आन्तरिक बुनोटलाई कमजोर देखाएको छ ।

### ई. लयविधान

यस कवितामा लोकलयको सुमधुर प्रयोग गरिएको छ । हरफान्तगत स्वर-व्यञ्जनध्वनिको एकरूपताले कवितामा अन्त्यानुप्रासीयता उत्पन्न भएको छ । यसले कविताको लयलाई सुललित र साङ्गीतिकता प्रदान गरेको छ ।

### उ. भाषाशैली

'आकाङ्क्षा', 'विलीन' तथा 'व्याकुल' आदिजस्ता तत्सम शब्दका साथै 'बनाऊँ', 'मरेर' तथा 'माटो' आदिजस्ता तद्‌भव शब्दहरूको अधिकप्रयोग यस कवितामा देखिन्छ । तद्भव शब्दको अधिकताले यस कविताको भाषालाई सरलता र बोध्यता प्रदान गरेका छन् । 'पुगेन-भएन' जस्तो हरफान्तगत अनुप्रासीयताले कवितामा अन्त्यानुप्रास शब्दालङ्कारको उदय भएको छ भने मानक वाक्यगठनले वाच्यार्थ तहमै कविताको भाव प्रकटीकृत भएको देखिन्छ । यस कवितामा स्वभाविक र सामान्य प्रस्तुतिशैली रहेको छ ।

### ऊ. उद्देश्य

जनताका लागि सुखानी जङ्गलमा सहादत प्राप्त गर्ने वीर सहिदको सम्झना यस कवितामा गरिएको छ । तिनै सहिदहरूलाई भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उनीहरूका उद्देश्य र चाहना पूरा गरिछाड्ने कविमनको सहिदसम्मानप्रतिको आस्था प्रकट गर्नु नै यस कवितको प्रमुख उद्देश्य देखिन्छ ।

## ५.१.१८ 'सच्चा देशभक्त प्रति' कविताको विश्लेषण

### अ. विषयवस्तु

गरिबसँग केही राम्रो चीज भए पनि शोषकले कुनै न कनै बहानमा ती चीज लिएरै छोड्छ भन्ने शोषणमा आधारित हाम्रो सामाजिकसंरचनालाई यस कवितामा प्रस्तुत गरिएको छ । सोझा निमुखा जनताहरूसँग सामन्तीहरूले गरेको दुर्व्यवहारको विरोध गर्दा सहादतप्राप्त गर्न पुग्ने वीर सहिदहरूको सम्झनालाई नै यस कवितामा विषयवस्तुको रूपमा उपयोग गरिएको छ ।

## आ. भावविधान

यस कवितामा बलिदानी उत्र्सगको माहिमागायन गरिएको छ । देश र जनताको लागि हाँसी-हाँसी बलिवेदीमा चढ्न तयार हुने वीरहरूको आँटले देश र जनताप्रतिका ममत्वको सर्वोपरिता झल्काएको छ । यस्ता वीरहरूको निश्वार्थ त्याग नै राष्ट्रको मार्गदर्शन हुनुका साथै उनीहरूको यशअमरता कालजयी हुन्छ भन्ने भाव यस कविताले व्यक्त गरेको छ ।

## इ. संरचना

सात शब्ददेखि दस शब्दसम्मको आन्तरिक हरफगत वितरणमा आधारित चार श्लोकको लमाइगत आयाम यस कविताले प्राप्त गरेको छ । चार - चार हरफको समान हरफवितरणगत श्लोकयोजना यस कवितामा देखिन्छ । श्लोकगत समन्वयको साहचर्यात्मक बुनोटद्वारा यस कवितामा केन्द्रीय मर्मको उठान, विकास र अन्तिम परिणतिको प्रस्तुति गरिएको छ । यसले कविताको आन्तरिकसंरचनालाई पनि सुगठितता प्रदान गरेको छ ।

## ई. लयवधान

यस कवितामा शार्दूलविक्रीडित छन्दको शास्त्रीय लयलाई प्रयोग गरिएको छ । हरफगत अन्त्यानुप्रासीयताले कविताको लयलाई बढाएको छ । तर पनि कविका भावलहरहरू छन्दका गणसुत्रानुसार बाँधिन नसक्दा ठाउँ-ठाउँमा छन्दोभङ्गको दोष देखा परेको छ । अतः लयप्रयोगका दृष्टिले यो कविता सामन्य छ भन्न सकिन्छ ।

## उ. भाषशैली

'गरीव', 'शोषक' तथा 'वीर' आदिजस्ता तत्सम शब्दका साथै 'चिसो', 'सारा' तथा 'कस्ता' आदिजस्ता तद्भव शब्दहरूको सममात्रात्मक प्रयोग यस कवितामा देखिन्छ । श्रुतिरम्य कोमल वर्णहरूको आवृत्तिमूलक प्रयोगले कवितामा भाषिक सुललितता प्रदान गर्नुका साथै हरफान्तगत स्वर-व्यञ्जनको ध्वनिगत समानताले कवितामा अन्त्यानुप्रास शब्दालङ्कारको उदय भएको छ । शब्दविचलनगत न्यूनता रहेको यस कवितामा वाच्यार्थ तहमै कविताको भाव प्रकटीकृत भएको देखिन्छ । यसमा स्वभाविक र आत्मपरक प्रस्तुतिशैली रहेको छ ।

### ऊ. उद्देश्य

पञ्चायती शासनव्यवस्थाको सहिदखेतीलाई यस कवितमा प्रष्ट पारिएको छ । देश र जनताको समुन्नत भविष्यको लागि सहादत प्राप्त गर्ने तिनै वीर सहिदहरूको महिमामण्डित सम्झना प्रस्तुत गर्नु नै यस कविताको प्रमुख उद्देश्य देखिन्छ ।

## ५.२ 'जङ्गली' का लेखहरूको विश्लेषण

### ५.२.१ चिठ्ठी/सन्देश

### १. 'दाइजो'

काङ्ग्रेसनेतृ शैलजा आचार्यलाई सम्बोधन गरिएको यस लेखमा राजनैतिक विषयवस्तुको प्रयोग गरिएको छ । नेपाली जनताको मुक्तिका लागि आफू जेल बसेको अभिव्यक्ति दिने शैलजाले पछि 'कृषि, वन तथा भूसंरक्षण मन्त्री' हुँदा आफूप्रति वैचारिक असहमति राख्ने मन्त्रालयका कर्मचारीहरूको पूर्वाग्रहपूर्ण खोसुवा र सरूवा गराएकोजस्ता तुच्छ राजनीतिक कार्यको 'जङ्गली' ले यस लेखमा धज्जी उडाएका छन् । गिरिजाप्रसाद कोइरालाको सरकारमा हाली-मुहाली हँदा चेलीको नाताले उनीसँग प्रधानमन्त्री पदको दाइजो मागेर नेपालको प्रथम महिला प्रधानमन्त्रीको श्रेय लिन शैलजालाई सुझाव दिँदै कोइराला सरकारको 'टीके प्रथा'लाई पनि उनले धज्जी उडाएका छन् । यसरी यस लेखमा सामाजकि र राजनैतिक विसङ्गतिप्रति व्यङ्ग्य हानिएको छ । पत्रात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यो लेख गद्यपद्य दुवै रूपको छ र विसङ्गतिलाई व्यङ्ग्य दिनेक्रममा पद्यले उत्कृष्ट भूमिका खेलेको छ । संस्कारविहीन नेपाली राजनीतिप्रति व्यङ्ग्यवाण प्रहार गर्दै स्वस्थ राजनैतिक अभ्यासको पक्षमा आवाज उठाउनु यस लेखको उद्देश्य देखिन्छ । राजनैतिक विषयवस्तुको व्यङ्ग्यात्मक सचेतता यस लेखको महत्त्वपूर्ण पक्ष हो ।

### २. 'राजनीतिमा शत्रु र मित्र हुन्न'

प्रतिपक्षी शक्तिहरूलाई कमजोर बनाई शासनसत्तामा आफ्नो पहुँच कायम गर्न प्रयासरत रहनु नै राजनीतिको मुख्य धर्म हुने भएकाले राजनीतिमा शत्रु र मित्र हुँदैन भन्ने अवधारणलाई नै यस लेखमा मुख्य विषयवस्तुको रूपमा प्रयोग गरिएको छ । विश्लेषणात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यस लेखमा मानक गद्यात्मक भाषाको प्रयोग गरिएको छ । सानातिना पार्टीहरूसँग गठबन्धन गरेर अस्थिर सरकार

बनाउनुभन्दा दुई शीर्षस्थ पार्टी नेपाली काङ्ग्रेस र ने.क.पा. एमालेले नै गठबन्धन गरी स्थिर सरकार बनाउन सुझाव दिइएको यस लेखमा सरकारसंचालनगत स्थिरताको उद्देश्य राखिएको छ ।

## ३. 'पाँचतारे महलमा पुगेका उपियाँ'

वि.सं २०४६ सालको राजनैतिक परिवर्तन पूर्व र पश्चात्को समयवधिका नेता र जनताको सर्वेक्षणात्मक मूल्याङ्कनको प्रस्तुतिलाई यस लेखमा विषयवस्तु बनाइएको छ । जनताले काँधमा राखेर नेताहरूलाई सत्तामा पुऱ्याए पनि उनीहरू भ्रष्ट, स्वार्थी, पदलोलुप र धनाकाङ्क्षी बनी आफ्नो गहन जिम्वेवारीलाई लत्याएपछि उत्पन्न जनताका कष्टकर जीवनशैली तथा घृणा र आक्रोशलाई यस लेखमा प्रस्तुत गरिएको छ । समीक्षात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यस लेखमा बीच-बीचमा पद्यांशको पनि प्रयोग गरिएको छ । विसङ्गतिलाई व्यङ्ग्य प्रहार गर्ने क्रममा पद्यले उत्कृष्ट भूमिकानिर्वाह गरेको छ । रचनात्मक मार्गबाट विचलित हुन पुगेको नेतृत्ववर्गलाई सुमार्गमा ल्याउन जनताले पुनः जस्तोसुकै कदम चाल्न तयार हुनुपर्छ भन्ने लेखकीय उद्देश्य यस लेखमा प्रस्तुत गरिएको छ । राजनैतिक विषयवस्तुको व्यङ्ग्यात्मक सचेतता यस लेखको महत्त्वपूर्ण पक्ष हो ।

## ४. 'मानव-अधिकार तथा माओवादी'

यस लेखमा मानवअधिकारसँग सम्बन्धित विषयवस्तुलाई उठाइएको छ । सृष्टिको प्रारम्भमा मानिस-मानिसका बीचमा कुनै विभेद थिएन भन्दै हालका रङ्गभेद, जातिभेद, दासप्रथा, कमैयाप्रथा आदि भेदहरू मानवसृजित भएकाले तिनको निराकरणका लागि सङ्गठित प्रयासको खाँचो औल्याइएको छ । द्वन्द्वरत अवस्थामा माओवादी जनयुद्धको नाममा भएको व्यक्तिहत्या सरासर मानवाधिकारको उल्लङ्घन भएको हुँदा हत्याको राजनीति नगर्न माओवादीलाई यस लेखमा अपील गरिएको छ । "संवैधानिक राजालाई यथास्थितिमा रहन पउनु पर्ने मानवअधिकारबाट वञ्चित गरिनुहुन्न"[१०१] भन्दै लेखकले संवैधानिक राजा हुन पाउनु राजाको मानवाधिकार नै

[१०१] मिसमासः खिच्रो र कुराउनी' पृष्ठः ३५ ।

भएको दावी गरेको देखिन्छ । यो अभिव्यक्ति जीवनभर वामआन्दोलनमा लडेका 'जङ्गली' को कम्युनिष्टसंस्कृति विपरीतको देखिन्छ ।

### ५. 'जो चोर । उसको ठूलो स्वर ॥ नगरौं ॥।'

वि.सं २०५५ साल असोज १ गते संसदभवनभित्र सांसदहरूले गरेको तोडफोड र त्यसले आम जनमानसमा उब्जाएको घृणालाई यस लेखमा विषयवस्तुको रूपमा उठाइएको छ । संसदजस्तो महत्त्वपूर्ण ठाउँमा सांसदजस्ता जिम्मेवार व्यक्तिहरूले नै गैह्रजिम्मेवारपन प्रस्तुत गरेको आक्रोशलाई यस लेखमा मनोवादात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको छ । व्याकरणगत अविचलित गद्यात्मक भाषिकशिल्प प्रस्तुत गरिएको यस लेखमा सांसदहरूलाई सुध्रिएर नगए जनताहरुले ठाडो अस्वीकार गर्ने चेतावनी दिइएको छ । नेतृत्ववर्गको सम्मानजनक आचरणकोृ सुधारात्मक परिवर्तन यस लेखको लेखकीय उद्देश्य देखिन्छ ।

## ५.२.२ भविष्यवाणी

### १. 'धरहरालाई पनि केही राहत हुने थियो'

यस लेखमा समसामयिक राजनैतिक र सामाजिक विषयवस्तुलाई प्रस्तुत गरिएको छ । अव्यवस्थित सहरीविकासका कारण काठमाडौं उपत्यकामा उत्पन्न प्रदूषणको समस्यालाई उल्लेख गरिएको यस लेखमा सोको कारण केन्द्रीकृत शासन व्यवस्थालाई सङ्केत गरिएको छ । वर्णनात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यो लेख गद्यात्मक किसिमको छ । सरकारले विकेन्द्रित नीतिअवलम्बन गरी जनताका कामकारवाहीहरू स्थानीयस्तरमै सम्पन्न गरी उपत्यकाको मानवीय चापलाई न्यूनीकरण गर्नुपर्छ भन्ने सुझाव प्रस्तुत गर्नु यस लेखको लेखकीय उद्देश्य हो । राजधानीको प्रदूषणजस्तो जटिल समस्याको मूल्याङ्कन गरी सोको निराकरणका लागि आफ्नो अभिमत प्रकट गर्नु यस लेखको महत्त्वपूर्ण पक्ष हो ।

### २. 'फोहोर-मैला' निराकरणको उपाय'

यस लेखमा समसामयिक सामाजिक विषयवस्तुलाई प्रस्तुत गरिएको छ । फोहोर-मैलालाई सड्ने र नसड्ने गरी दुई किसिममा वर्गीकरण गर्दै सड्ने फोहोर मैलालाई प्राङ्गारिक कृषिमल र नसड्ने फोहोर-मैला लाई पुनप्रयोगका सामान

बनाउनु पर्ने राय प्रकट गरिएको छ । समस्याको मूल्याङ्कन गरी राय प्रकट गरिएको यस लेखमा विश्लेषणात्मक शैलीको प्रयोग गरिएको छ । फोहोरमैलाको व्यवस्थितविसर्जनमा जोड दिँदै गाउँ-सहरगत स्वच्छ वातावरणको निर्माणगत उद्देश्य यस लेखको देखिन्छ । समस्याको वस्तुगत विश्लेषण गरी समाधानको मार्गमा आफ्नो मतको प्रस्तुति गर्नु यस लेखको महत्त्वपूर्ण पक्ष हो ।

## ३. '२०५१ जेष्ठ २ गते केही पनि हुँदैन'

तत्कालीन समयमा आर सी. पौड्यालद्वारा अब कलियुगको समाप्ति हुँदैछ भन्ने सनसनीपूर्ण हल्लाको खण्डनात्मक प्रस्तुतिलाई यस लेखमा विषयवस्तु बनाइएको छ । आउने दिनको भविष्यवाणी गर्नु भनेको निराधार र कपोलकल्पित अफवाह फैलाउनु हो भन्दै पौड्यालको भविष्यवाणीप्रति भयभीत नबन्न यस लेखमा अपील गरिएको छ । तार्किक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यस लेखमा भयसञ्चारको खण्डनात्मक उद्देश्य राखिएको देखिन्छ ।

## ५. 'छोरीलाई अंश, वंश र स्वावलम्बन'

लगभग ६०/७० वर्ष अघिदेखि अहिलेसम्ममा समाजमा भएका केही परिवर्तनका उदाहरणहरू यस लेखमा प्रस्तुत गरिएका छन् । पुराना कुराहरूलाई विस्थापित गर्दै स्थापित हुन आइपुगेका नयाँ कुराहरू बीचको वैचारिक द्वन्द्वात्मकतालाई यस लेखमा विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । विवरणात्मक शैली र बुँदागत गद्यात्मकताका साथ-साथ छोटो पद्यांशको प्रयोग पनि यस लेखमा देखिन्छ । पद्यांशले लेखको भावलाई तार्किकता प्रदान गरेको छ । पितृप्रधान सामाजिक व्यवहारको सट्टा मातृप्रधान चलन कै सुरूवात हुनुपर्ने यस लेखको लेखकीय उद्देश्य देखिन्छ ।

## ५. 'दूर्व्यसन त्यागौं महिलाहरूलाई सहयोग गरौं ।'

सामाजिक विकृतिको रूपमा रहेको दूर्व्यसनलाई यस लेखमा विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । दूर्व्यसन सामाजिक प्रगतिको बाधक हो भने सामाजिक अपराधको कारक पनि हो । यसै तथ्यलाई हृदयङ्गम गरी 'स्वतन्त्र महिला जागरण अभियान' दमक, झापाले आयोजना गरेको मदिरा र धुम्रपानविराधी अभियानमा सबैले साथ दिनुपर्ने राय यस लेखमा प्रकट गरिएको छ । सामाजिक प्रतिष्ठा र सच्चरित्रताको

निम्ति नशामुक्त जीवनजिउँन अभिप्रेरित गरिएको यो लेख सम्बोधनात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको छ । गद्यात्मकताभित्र एउटा पद्यको पनि प्रयोग गरिएको यस लेखमा पद्यले लेखको भावलाई सशक्तता प्रदान गरेको देखिन्छ । मदिरा निषेधित क्षेत्र र मदिरामुक्त जीवनको अवधारणलाई प्रस्तुत गर्नु नै लेखकको लेखगत उद्देश्य देखिन्छ । सामाजिक विकृतिको सुधारात्मक सचेतता यस लेखको महत्त्वपूर्ण पक्ष हो ।

### ६. 'वास्तविकताको अनुसन्धान गरौं'

यस लेखमा वैदिकसनातन धर्मको अन्त्येष्ठी संस्कारगत परम्पराजस्तो सांस्कृतिक पक्षलाई विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । मरेपछि ऋण काढेर भए पनि काज-क्रिया र दान गर्नुभन्दा जीवित अवस्थामै मनेच्छा खान-लाउन दिनु नै सुल्टो प्रक्रिया हो भन्ने तथ्यलाई यस लेखमा उजागर गरिएको छ । तर्कमूलक विश्लेषणात्मक शैलीमा यस लेखलाई प्रस्तुत गरिएको छ । तेह्रदिने काज-क्रियात्मक संस्कार हाम्रो संस्कृतिको कठिन र भद्दा संस्कार भएकोले त्यसलाई त्यागनुपर्छ भन्ने आफ्नो धारणाको प्रस्तुति गर्नु नै यस लेखको उद्देश्य हो । आफ्नै श्रीमतीको निधनमा पनि छोरालाई तेह्रदिने कोरो-ढिकुरोमा नराखिनुले लेखकको बोली र व्यवहारमा एकरूपता देखिएको देखिन्छ ।

## ५.२.३ संस्मरण

### १. 'स्व. महानन्द सापकोटाको स्मृति'

यस लेखमा नेपाली साहित्यका एक उल्लेख्य प्रतिभा कवि महानन्द सापकोटाको संस्मरणलाई विषयवस्तु बनाइएको छ । वि.सं. १९५३ मा जन्मिएर वि.सं. २०३५ मा दिवङ्गत हुने सापकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा लेखकले यस लेखमा प्रकाश पारेका छन् । संस्मरणात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यस लेखमा गद्य र पद्य दुवै भाषिकरूपको प्रयोग गरिएको छ । संस्मरणलाई उजिल्याउने क्रममा पद्यले उत्कृष्ट भूमिकानिर्वाह गरेको छ । अग्रजस्रष्टाहरूका जीवनी, व्यक्तित्व र कृतित्वलाई हालका पाठकसामु पस्कनु यस लेखको उद्देश्यका साथै तिनीहरूप्रति सम्मान प्रकट गर्नु यस लेखको महत्त्वपुर्ण पक्ष हो ।

## २. 'लेनिन र मदनको सम्झना गर्न मन लाग्छ'

लेनिन र मदनको संरमरणलाई यस लेखमा विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । लेनिनको जीवनी र व्यक्तित्वको सङ्क्षिप्त अंश प्रस्तुत गरिएको यस लेखमा उनकै सापेक्षतामा मदन भण्डारीको मूल्याङ्कन गरिएको छ । यस क्रममा नेताद्वयका मौलिक विचारलाई बुँदागत रूपमा यस लेखमा प्रस्तुत गरिएको छ । संस्मरणात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यो लेख गद्यात्मक किसिमको छ । यी महान् कम्युनिष्ट व्यक्तित्वहरूका विचारहरूलाई सम्पूर्ण वामशक्तिहरूले एक भई कार्यरूपमा परिणत गर्न सक्नुपर्छ भन्ने यस लेखको लेखकीय उद्देश्य देखिन्छ । नेपालका लोकप्रिय कम्युनिष्ट नेता मदन भण्डारीलाई शीर्षस्थ कम्युनिष्ट व्यक्तित्व लेनिनको सापेक्षतामा प्रस्तुत गर्नु यस लेखको महत्त्वपूर्ण प्राप्ति हो ।

## ३. 'हाम्रो कष्टपूर्ण इतिहास सम्झँदा'

प्रजातन्त्रप्राप्तिका निमित्त नेपाली सपुतहरूको अनवरत सङ्घर्षको कष्टपूर्ण इतिहासको संस्मरणलाई यस लेखमा विषयवस्तु बनाइएको छ । यस क्रममा सहादत प्राप्त गर्ने वीर सहिदहरूको छोटो नामावलीलाई पनि यस लेखमा प्रस्तुत गरिएको छ । गद्यात्मक भाषिकशिल्पमा प्रस्तुतिको संरमरणात्मक शैली यस लेखमा देखिन्छ । पार्टी र सरकारले वीर सहिदहरूका वलिदानी उत्सर्गको कदापि अवमूल्यन गर्नु हुँदैन भन्ने यस लेखको भावगत उद्देश्य देखिन्छ । वीर सहिदहरूको सम्झना प्रस्तुत गर्दै पार्टी र सरकारलाई खवरदारी गर्नु यस लेखको महत्त्वूर्ण पक्ष हो ।

## ४. 'श्रद्धाका सुमन स्व. कटुवाललाई'

हरिभक्त कटुवालको साहित्यिक व्यक्तित्वको प्रस्तुतिलाई यस लेखमा विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । कटुवालको जीवनीका महत्त्वपूर्ण उहापोहहरूलाई उल्लेख गर्दै लेखकले उनका अमर सिर्जनाको परिचयात्मक प्रस्तुति यस लेखमा गरेका छन् । संस्मरणात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यो लेख गद्य र पद्य दुवै रूपको छ । कटुवालको साहित्यिक सिर्जनाको पाटोलाई उजिल्याउने क्रममा पद्यले उत्कृष्ट भूमिका निर्वाह गरेको छ । ४५ वर्षको आधा आयुमै दिवङ्गत हुन पुगेका कटुवालको जीवनी र साहित्यिक व्यक्तित्व माथि प्रकाशपार्नु यस लेखको लेखकीय उद्देश्य हो भने आजीवन साहित्यिक निष्ठा र आदर्शप्रति समर्पित कविव्यक्तित्वको रूपमा कटुवालको सम्झना र चर्चा गर्नु यस लेखको महत्त्वपूर्ण पक्ष हो ।

## ५. 'स्व. जनकवि गोकुल जोशी'

प्रगतिशील जनकवि स्व. गोकुल जोशीको जीवनी र साहित्यिक व्यक्तित्वका महत्त्वपूर्ण पक्षहरूको छोटकरी प्रस्तुतिलाई यस लेखमा विषयवस्तु बनाइएको छ । कविताद्वारा जनचेतना जगाउने सङ्कल्प गरी देशदर्शनमा हिँडेका जोशीका प्रगतिशील गीतिकविताहरूको परिचयात्मक प्रस्तुति यस लेखमा गरिएको छ । अतः गद्यात्मकताका साथ-साथ प्रशस्त पद्यात्मक अंशहरूलाई पनि यस लेखमा समावेश गरिएको छ । जोशीको प्रगतिशील गीतिकवित्वको सहजपहुँचलाई प्रदर्शित गर्न पद्यले उत्कृष्ट भूमिकानिर्वाह गरेको छ । जनताका गीत गाउँदै कुना-कुनाका गाउँबस्तीमा पुग्ने जनकवि जोशीलाई पाठकसामु प्रस्तुत गर्दै उनीप्रति लेखकीय सम्मान प्रकट गर्नुनै यस लेखको प्रमुख उद्देश्य हो । प्रतिगामी तत्त्वहरूका कोपभाजनमा परी २०१८ सालमा झापाको घैलाडुब्बा बजारमा सहादत् प्राप्त गरेका जोशीको सहादतस्थलमा उनको सम्झनास्मारक निर्माण गरिनुपर्छ भन्ने आवाज उठाउनु यस लेखको महत्त्वपूर्ण पक्ष हो ।

## ६. 'स्व. काजी रेवन्तबहादुर कार्की'

स्व. काजी रेवन्तबहादुर कार्कीको सामाजिक जीवनको परिचयात्मक प्रस्तुतिलाई यस लेखमा विषयवस्तुको रूपमा ग्रहण गरिएको छ । दमक बजारलाई हालको रूपमा विकसित तुल्याउने आवश्यकीय पूर्वाधारहरूको निर्माणमा कार्कीको महत्त्वपूर्ण देनको उल्लेख गर्दै उनलाई एक समाजसेवी व्यक्तित्वको रूपमा यस लेखमा स्थापित गरिएको छ । यसका साथै उनकी जेठी श्रीमती महेशकुमारी र 'भूपालमान सिंह कार्की पुरस्कारगुठी' का संस्थापक दाजु भूपालमान सिंह कार्कीको दानशीलतालाई पनि यस लेखमा चर्चा गरिएको छ । संस्मरणात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यो लेख गद्यात्मक किसिमको छ । दमक बजारको निर्माण र विकासमा कार्कीपरिवारको अग्रणी योगदान र दानशीलताको उल्लेख गर्नु यस लेखको प्रमुख उद्देश्यका साथै अन्य सक्षम र इच्छुक व्यक्तित्वहरूलाई आवश्यकीय सङ्घ-संस्था र निकायहरूमा आर्थिक सहयोगका निम्ति प्रेरकप्रसङ्गको उठान गर्नु यस लेखको महत्त्वपूर्ण पक्ष देखिन्छ ।

७. **'प्रबुद्ध व्यक्तित्वः घनश्याम खनाल'**

प्राज्ञिक व्यक्तित्व घनश्याम खनालले झापाको शैक्षिक उन्नयनमा निर्वाह गरेको महत्त्वपूर्ण भूमिकाको प्रस्तुतिलाई यस लेखमा विषयवस्तु बनाइएको छ । मेची बहुमुखी क्याम्पसमा विज्ञानसङ्कायको सुरूवात, भवननिर्माण र अन्य सामाजिक कार्यमा समर्पित खनाललाई लेखमा शिक्षाप्रेमी, दृढनिश्चयी र सहृदयी व्यक्तित्वका रूपमा परिचित गरिएको छ । संस्मरणात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यो लेख भाषिक गद्यात्मक स्वरूपको छ । प्रा. खनालको शिक्षाप्रेम र पेशागत निष्ठताको उच्च मूल्याङ्कन गर्नु नै यस लेखको लेखगत उद्देश्य हो ।

८. **'सुखानीका शहीदहरूप्रति'**

वि.सं. २०२९ साल फाल्गुण २१ गते झापा जिल्लाको सुखानी जङ्गलक्षेत्रमा सहादत प्राप्त गर्ने पाँचजना सहिदहरूको बलिदानीपूर्ण अमरगाथालाई यस लेखमा विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । पञ्चायती शासनव्यवस्थाका विरुद्ध २०२८ सालमा झापामा 'किसान विद्रोह' र 'वर्गशत्रु खतम गर' अभियानका संलग्न रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइँकेल, वीरेन राजवंशी तथा नारायण श्रेष्ठजस्ता पञ्चायती शासकद्वारा हत्या गरिएका योद्धाहरूको यस लेखमा सङ्क्षिप्त जीवनवृतान्त प्रस्तुत गरिएको छ । संस्मरणात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यो लेख गद्यात्मक भाषिकस्वरूपको रहेको छ । यिनै योद्धाहरूले अमरत्व प्राप्त गरेको स्थल सुखानी पार्कको गौरवमय गाथालाई प्रस्तुत गर्नु यस लेखको प्रमुख उद्देश्य देखिन्छ ।

## ५.२.४ आलेख

१. **'नेपाली कविताका कविहरू'**

नेपाल तथा प्रवासमा जन्मिएर आफ्ना अमर कृतिमार्फत् नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय दाँजोमा उचाल्ने अग्रज साहित्यकारहरूप्रतिको गौरवगायनलाई यस आलेखमा विषयवस्तुको रूपमा ग्रहण गरिएको छ । भारतीय साहित्यकार नरेन्द्र जैन र उनीद्वारा सम्पादित कृति 'नेपाली कविता' (ई १९८२) प्रति अनुगृहीत बन्दै लेखकले यसै कृतिबाट नेपाली कवि र तिनका नमुनाकृतिहरूको सङ्क्षेपिकृत साभार यस आलेखमा गरेका छन् । विवरणात्मक शैलीमा प्रस्तुत गरिएको यस आलेखमा उल्लिखित

स्रष्टाहरूप्रति सम्मान व्यक्त गर्ने उद्देश्य राखिएको देखिन्छ । यस आलेखले नेपाली साहित्यका कवि, तिनका जन्म-मृत्युका तिथिमिति तथा उनीहरूद्वारा रचित कृतिको बारेमा जान्न चाहने साहित्यिक पाठकलाई केही सघाउ पुऱ्याएको देखिन्छ । यही नै यस आलेखको महत्त्वपूर्ण पक्ष हो ।

## २. **'सर्वोपरि 'म' (ब्रह्म)'**

यस आलेखमा लेखकले 'म' अर्थात् ब्रह्म नै अन्तिम सत्य भएकोले मानिसले सर्वप्रथम स्व-पहिचानतर्फ केन्द्रित हुनुपर्छ भन्ने ब्रह्मवादी दृष्टिकोणको प्रस्तुतिलाई विषयवस्तु बनाएका छन् । धनसङ्ग्रहले कहिल्यै आत्मसन्तुष्टि नमिल्ने तर्क दिँदै आत्मदर्शनले नै वास्तविक सुख प्राप्त हुने धारणा यस लेखमा व्यक्त गरिएको छ । आत्मपरक शैलीमा वेदान्तीदर्शनको प्रस्तुति गरिएको यो लेख गद्य र पद्य दुवै रूपको छ । धनार्जनका निम्ति अन्धा बन्न पुगेका मानवलाई अन्तर्मुखी बनेर स्वप्रकाश्यशक्तिको सञ्चार गर्न यस लेखमा अभिप्रेरित गरिएको छ । व्यक्तिको बाह्यउन्नतिमा भन्दा आत्मिकउन्नतिमा जोड दिनु यस लेखको महत्त्वपूर्ण पक्ष हो ।

## ३. **'बिहान बेलायती ! बेलुकी अफ्रिकी !'**

लेखकले वि.सं २०२३ सालतिर भ्रमण गर्दाको काठमाडौं र त्यसको २९ वर्षपछि भ्रमण गर्दाको काठमाडौंको बीचमा आएको परिवर्तनको उल्लेखलाई यस लेखमा प्रस्तुत गरिएको छ । २९ वर्ष पहिले काठमाडौं स्वच्छ तथा प्रदूषणमुक्त भएकोले आकर्षक र मनमोहक रहेको तथा हाल अत्याधिक फोहोर र दूर्गन्धयुक्त भएकोले अनाकर्षक भएको निष्कर्ष लेखकले निकालेका छन् । काठमाडौंको प्रदूषित वातावरणमा विहान गोरो भएर निस्के पनि बेलुकासम्ममा कालो बनेर फर्कनु पर्ने बाध्यता रहेको उल्लेख गरिएको छ । वर्णनात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यो लेख गद्यात्मक स्वरूपको छ । काठमाडौंको वातावरणीय प्रदूषणको बारेमा जनचेतना जगाउनु यस लेखको प्रमुख उद्देश्य हो ।

## ४. **'राष्ट्रको अस्मिता-सीमाविवाद'**

भारतीय विस्तारवादी नीतिले वर्षेनी नेपाली सीमा अतिक्रमित भईरहेको तथ्यलाई यस लेखमा उजागर गरिएको छ । सीमाअतिक्रमणको समस्यालाई नेपाल

सरकारले गम्भीरतापूर्वक लिई जङ्गे पिलरको आधारमा नै नेपालको भारतीय सीमालाई निर्धारण र सुरक्षा प्रदान गर्नुपर्छ भन्ने तथ्यलाई यस लेखमा प्रस्तुत गरिएको छ । विश्लेषणत्मक शैलीमा लेखिएको यो लेख गद्यात्मक स्वरूपको रहेको छ । सीमासुरक्षागत सुनिश्चितताको प्रत्याभूति हुनुपर्ने यस लेखको लेखकीय उद्देश्य देखिन्छ । नेपालको सीमासुरक्षाजस्तो गम्भीर र समसामयिक विषयवस्तुका सम्बन्धमा नेपाली जनताले एउटा ठोस निर्णय लिनुपर्छ भन्ने आवाज उठाउनु यस लेखको महत्त्वपूर्ण पक्ष हो ।

### ५. 'सन्दर्भ-महाकाली एकीकृत सन्धि'

भारतसँगका प्रत्येक सन्धि-सम्झौता र सहमतिमा नेपालको हात मुनि पर्दै गईरहेको तथ्यलाई यस लेखमा विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । अन्तराष्ट्रिय स्तरका सन्धि-सम्भौताहरू आम नेपाली जनताका स्वार्थ विपरीत हुनगएमा त्यस्तो सन्धि गर्ने दल र नेताहरूलाई सम्पूर्ण जनताहरूले बहिस्कार गर्नुपर्ने आवाज यस लेखमा उठाइएको छ । विश्लेषणात्मक शैलीमा लेखिएको यो लेख गद्य र पद्य दुवै स्वरूपको  छ । नेपालीको राष्ट्रवादी भावनालाई मुखर तुल्याउन पद्यले उत्कृष्ट भूमिका खेलेको  छ । व्यक्तिगत र दलगत स्वार्थका लागि राष्ट्रियस्वार्थमा घात गर्ने राजनैतिक नेतृत्वलाई सत्ताच्युत गर्नुपर्ने भावगत उद्देश्य यस लेखमा प्रकट गरिएको छ । असमान सुगौलीसन्धिका कारण गुम्न गएको नेपाली भूमि पनि नेपाली पूर्खाको नै आर्जन भएकाले त्यसको फिर्ताका लागि सम्पूर्ण जनताले राष्ट्रिय सहमति गर्नुपर्छ भन्ने आवाज उठाउनु यस लेखको महत्त्वपूर्ण पक्ष हो ।

### ६. 'नैतिकता कहाँ छ ?'

राजनैतिक, सामाजिक, शैक्षिक आदि सबै क्षेत्रमा भ्रष्ट बन्दै गईरहेका मानवमा नैतिकताको खोजीलाई यस लेखमा विषयवस्तु बनाइएको छ । सिद्धान्त र व्यवहारमा एकरूपता नभएका नेता कार्यकर्ता, जनतासँगका प्रतिबद्धता र वफादारी विर्सने साना-ठूला कर्मचारी, दिइएको शिक्षणसमयलाई पनि ढिलो गरी समय कटौती गर्ने शिक्षक-प्राध्यापक आदि सबैलाई स्खलितचरित्रका व्यक्तिको रूपमा यस लेखमा प्रस्तुत गरिएको छ । विश्लेषणात्मक शैलीमा प्रस्तुत गरिएको यो लेख गद्यात्मक स्वरूपको छ । मानव भएकै नाताले मान्छेले आफूमा प्राप्त जिम्मेवारी र गहनताको यथार्थबोध गर्न सक्नुपर्छ

भन्ने यस लेखको उद्देश्यगत प्रस्तुति हो । आर्थिक रूपले मात्र नभई दिइएको समयजति काम नगरेर पनि व्यक्तिले भ्रष्टाचार गरिरहेको तथ्यप्रति सचेत गराउनु यस लेखको विशिष्ट प्राप्ति हो ।

## ७ 'टिष्टा र काङ्गडाः नेपाली मुटुको स्पन्दन'

विशाल नेपालको सिर्जना गर्ने वीर-वीराङ्गनाप्रति श्रद्धा प्रकट गर्दै मेची र महाकालीमा वतमान किल्ला बाँध्ने गद्दार पूर्खाहरू प्रत्तिको खेद प्रकटलाई यस लेखमा विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । तथापि वर्तमान शासकहरू पनि लाचारीपन र डरपोक प्रवृत्तिका कारण गुमेको भूमि फिर्ता लिन नसक्ने हीनभावनापूर्वक शासन चलाइरहेकोप्रति लेखकले रोष प्रकट गरेका छन् । अतः राजनैतिक नेतृत्वले जनबललाई एकत्रित गरी गुमेको भूमिप्रति धावा बोल्न सक्नुपर्छ भन्ने यस लेखको भावगत उद्देश्य देखिन्छ । वर्णनात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यो लेख गद्यात्मक भाषिक स्वरूपको रहेको छ । लघुताभाषयुक्त राजनैतिक खुम्च्याइमा निर्भीक राष्ट्रिय ममत्वको प्रस्तुति यस लेखको विशिष्ट प्राप्ति हो ।

## ८. 'वृक्षारोपणः गरेर मात्र हुन्न, संरक्षण चाहिन्छ '

वृक्षारोपणका साथ-साथ त्यसको उचित संरक्षण र रेखदेखमा मात्र त्यसले अपेक्षित रूप लिनसक्छ भन्ने वातावरणीय विषयवस्तुलाई यस लेखमा प्रस्तुत गरिएको छ । वृक्षारोपणका लागि सरकारी तथा सामूहिक प्रयास भए पनि रोपिएका विरूवालाई हुर्काउने सम्बन्धमा कुनै पहल नभएको प्रति यस लेखमा चासो व्यक्त गरिएको छ । वर्णनात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यो लेख गद्यात्मक स्वरूपको छ । सरकारी जमीनका साथ-साथ व्यक्तिगत स्वामित्वको जमीनमा पनि प्रतिव्यक्ति पाँचवटाका दरले बिरुवा रोप्नु र हुर्काउनु पर्ने वातावरणीय सन्तुलनगत उद्देश्य यस लेखमा प्रकट गरिएको छ । पर्यावरणीय संरक्षणका निम्ति लेखकीय चासो यस लेखको महत्त्वपूर्ण पक्ष हो ।

## ९. 'राष्ट्र, राष्ट्रियता र शहीदहरू'

राजनैतिक विषयवस्तुलाई यस लेखमा ग्रहण गरिएको छ । अदूरदर्शी सरकारी नीति र गुरुयोजनाविहीन कार्यप्रणालीले व्यक्तिगत र सरकारी खर्चको अर्थहीन प्रयोग र

बर्बादी भईरहेको तथ्यलाई यस लेखमा प्रस्तुत गरिएको छ । असक्षम राजनैतिक नेतृत्वका कारण मुलुकको राष्ट्र र राष्ट्रियतामा शृङ्खलाबद्ध घात हुनुका साथै राष्ट्रोन्नतिका निम्ति बलिदान दिने सहिदहरूका आकाङ्क्षा र सपनामाथि पनि निर्मम प्रहार भईरहेको कटु-सत्यप्रति यस लेखमा व्यङ्ग्य प्रहार गरिएको छ । अतः सुझबुझपूर्ण नीति-नियमको  निर्माणका साथै बेलैमा स्पष्ट मापदण्डको निर्धारण गरी निर्माण-योजनामा दोहोरो खर्चबाट बच्नु पर्ने, सहिदीय चेतना र आकाङ्क्षाको सम्मान गर्नुपर्ने, राष्ट्रिय स्वार्थलाई बढवा दिनुपर्ने आदि अभीष्टको प्रकटीकरण यस लेखमा गरिएको छ । विश्लेषणात्मक शैलीमा भाषिक गद्यात्मकता यस लेखको स्वरूप हो भने ह्रासोन्मुख सरकारी कार्यक्षमताप्रति प्रशासकीय र राजनैतिक सचेतता यस लेखको महत्त्वपूर्ण पक्ष हो ।

## ११. 'हिमाल' २०२७ देखि 'सङ्गम' २०५४ सम्म'

यस लेखमा २०२७ देखि २०५४ सम्ममा झापाको दमकमा प्रकाशित साहित्यिक पत्रिकाहरूको सूचीबद्धतालाई विषयवस्तु बनाइएको छ । सर्वप्रथम 'हिमाल' (२०२७) देखि 'सङ्गम' (२०५४) सम्मका १४ वटा साहित्यिक पत्रिका र एउटा स्मारिकाको सर्सर्ती रेखाङ्कन गरिएको यो लेख विवरणात्मक शैलीमा प्रस्तुत गरिएको छ । गद्य र पद्य दुवै भाषिक स्वरूप भएको यस लेखमा पद्यले 'सङ्गम' पत्रिकाको मार्गदर्शनलाई मुखर तुल्याएको छ । स्थानीय स्तरमा प्रकाशित साहित्यिक पत्रिकाहरूको नामावली रेखाङ्कन गर्नु यस लेखको उद्देश्य देखिन्छ ।

## ११. 'साहित्य कला संगम' का बारे संक्षिप्त चर्चा'

'साहित्य कला संगम' (२०५२) झापा, दमकले आफ्नो स्थापना कालदेखि दुई वर्षभित्रमा गरेका कार्यहरूको विवरणात्मक प्रस्तुतिलाई यस लेखमा विषयवस्तु बनाइएको छ । कवितागोष्ठी, स्रष्टासम्मानजस्ता कार्य गर्दै यसले साहित्यिक श्रीवृद्धिमा निरन्तर योगदान दिँदै आएको तथ्यलाई यस लेखमा उजागर गरिएको छ । लेखमा 'संगमका' तत्कालीन पदाधिकारीहरूका नामावली प्रस्तुत गर्दै यसको स्वरूपगत परिचयलाई पनि प्रस्तुत गरिएको छ । विवरणात्मक शैलीमा गद्यात्मक प्रस्तुति रहेको यस लेखले संगमका वार्षिक गतिविधिलाई पाठक सामु प्रकट गर्ने उद्देश्य राखेको पाइन्छ ।

### १२. 'सुन्दर, शान्त शिलाङ'

लेखकको सिलाङयात्रावृत्तान्तलाई यस लेखमा विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । यात्राका क्रममा देखापरेका मनमोहक दृष्य र विभिन्न ठाउँका लेखकानुभूतिलाई यस लेखमा वर्णन गरिएको छ । यात्रावृत्तान्तमूलक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यो लेख गद्यात्मक स्वरूपको देखिन्छ । लेखकको यात्रानुभूतिलाई प्रस्तुत गर्नु यस लेखको प्रमुख उद्देश्य हो भने पितृसत्तात्मक चलनका पाठकसामु सिलाङको मातृसत्तात्मक चलनको रोचकप्रस्तुति गर्नु यस लेखको महत्त्वपूर्ण पक्ष हो ।

### १३. 'मार्क्सवादी प्रगतिशील विचारः एक चर्चा'

प्रगतिशील साहित्य र साहित्यकार कस्तो हुनुपर्छ ? भन्ने विषयमा लेखकीय दृष्टिकोणलाई यस लेखमा विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । लेखक, कलाकार, समाज, श्रम र सृजनाबीच वस्तुवादी अध्ययन मार्क्सवादबाट मात्र प्राप्त हुने भएकाले लेखकले मार्क्सवादी साहित्यको अपेक्षाअनुरूप सर्वहाराको पक्षमा प्रगतिशील साहित्य निर्माण गर्नुपर्ने तथ्यको प्रस्तुति यस लेखमा गरेका छन् । विश्लेषणात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यो लेख गद्यात्मक किसिमको देखिन्छ । मार्क्सवादी द्वन्दात्मक भौतिकवादसँग पूर्ण परिचित भएर साहित्यकारले निर्भीकतापूर्वक समाजमा देखिएका विसङ्गतिहरूको चित्रण गर्न सक्नुपर्छ भन्ने यस लेखको उद्देश्य देखिन्छ । यथार्थ समाजचित्रणको वस्तुवादीमार्गका रूपमा मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादलाई उपस्थापित गर्नु यस लेखको महत्त्वपूर्ण पक्ष हो ।

## ५.२.५ चिनारी

### १. 'मेचीका उत्तर दक्षिण बाटाहरू'

मेची अञ्चलको भौतिकविकासका निम्ति महत्त्वपूर्ण योगदान दिने उत्तर-दक्षिणका बाटाहरूको निर्माणका लागि जनचासोको विषयलाई यस लेखमा प्रस्तुत गरिएको छ । यी वाटाको निर्माण गर्दा पुल बनाउनु नपर्ने हुनाले लागतमा सस्तो पर्ने र यस क्षेत्रका बासिन्दाका आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुग्ने भएकाले बाटो निर्माणको अपरिहार्यतामा विशेष जोड दिइएको छ । पत्रात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यो लेख गद्यात्मक स्वरूपको रहेको छ । बाटो निर्माणप्रति यस क्षेत्रका लाखौं बासिन्दाका भावनालाई प्रतिनिधित्व गर्दै आफ्नो विकासनिर्माणप्रतिको तदारुकतालाई

प्रकट गर्नु यस लेखको लेखगत उद्देश्य देखिन्छ । भौतिकविकासको निर्माणात्मक सचेतता यस लेखको महत्त्वपूर्ण पक्ष हो ।

## २. 'दमक-चिसोपानी सडक र महत्त्व'

दमक-चिसोपानी सडकखण्डको निर्माणका लागि स्थानीय बासीले गरेको पहलकदमी र यस बाटाको अपरिहार्यआवश्यकताको प्रस्तुतिलाई यस लेखमा विषयवस्तुको रूपमा ग्रहण गरिएको छ । बाटोनिर्माणसँगै यस क्षेत्रमा कृषि, पशुपालन, वातावरणीय सुधार, लघु-उद्योगसञ्चालन पहाड र तराईको दूरीमा कमी हुने आदिजस्ता अपेक्षा गरिएको देखिन्छ । वर्णनात्मक शैलीको प्रयोग भएको यस लेखमा गद्यात्मक भाषिकरूपको प्रयोग भएको देखिन्छ । बाटोनिर्माणका लागि सम्बन्धित निकायलाई घच्घच्याउनु यस लेखको उद्देश्य हुनुका साथै सडकनिर्माणजस्तो भौतिकविकासको मेरूदण्डका पक्षमा आमजनचासोको प्रतिनिधित्व गर्नु यस लेखको महत्त्वपूर्ण पक्ष हो ।

## ३ 'दमक नगरको एक झलक'

यस लेखमा दमक नगरपालिकाको विस्तृत परिचयात्मक विवरणलाई प्रस्तुत गरिएको छ । यस लेखमा नगरपालिकाको भौगोलिक सिमाना, वन-वन्यजस्तु, खोला-नाला, यातायात, शिक्षणसंस्थाहरू, सरकारी तथा गैह्रसरकारी कार्यलयहरू, साहित्यिक पत्रपत्रिका तथा स्थानीय साहित्यकारहरूका साथै यस क्षेत्रमा सञ्चालित उद्योगधन्दाहरूको लामो सूची प्रस्तुत गरिएको छ । यसले पाठकसामू दमकनगरको सामाजिक, आर्थिक तथा साहित्यिक चित्रलाई उपस्थापित गरेको छ । विवरणात्मक शैलीमा प्रस्तुत गरिएको यो लेख गद्यात्मक भाषिकस्वरूपको रहेको छ । विभिन्न कोणबाट दमक नगरको विस्तृत परिचयलाई प्रस्तुत गर्नु यस लेखको उद्देश्य हो । दमकलाई सुन्दर नगरीको रूपमा चित्रण गर्दै अझ व्यवस्थित विकासको निम्ति थप सुझावहरू पेश गर्नु यस लेखको महत्त्वपुर्ण प्राप्ति हो ।

## ४. 'दमकमा विकास-निर्माणको: एक चर्चा'

दमक नगरको भौतिक, सामजिक, शैक्षिक, आर्थिक र सांस्कृतिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउनुहुने व्यक्तित्वहरूको चर्चालाई यस लेखमा विषयवस्तुको

रूपमा प्रस्तुत गरिएको छ । यस क्रममा रेवन्तवहादुर कार्की, सन्तवीर लामा, महेशकुमारी कार्की, रामवहादुर वेघा आदि थुप्रै समाजसेवी व्यक्तित्वहरूका सहयोगात्मक देनलाई यस लेखमा संस्मरण गरिएको छ । विवरणात्मक शैलीमा प्रस्तुति गरिएको यो लेख गद्यात्मक भाषिकस्वरूपको रहेको छ । समाजसेवाका क्षेत्रमा मन खोलेर सहयोग गर्न दाताहरूको सह्राना गर्नुका साथै अन्य सहयोगेच्छु व्यक्तित्वहरूलाई यस क्षेत्रमा आकर्षित गर्नु यस लेखको प्रमुख उद्देश्य देखिन्छ । सामाजिक कार्यमा अग्रजहरूको देनलाई प्रस्तुत गर्दै आउने पुस्तालाई यसको श्रीवृद्धिका लागि रचनात्मक शिक्षा लिन प्रोत्साहन र प्रेरणा प्रदान गर्नु यस लेखको महत्त्वपूर्ण पक्ष हो ।

### ५. 'मार्क्सवादी चिन्तक-आनन्ददेव भट्ट'

मार्क्सवादी चिन्तक आनन्ददेव भट्टको मार्क्सवादी चिन्तनको सङ्क्षिप्त परिचयलाई यस लेखमा विषयवस्तु बनाइएको छ । वि.सं २०४२ तिर गुप्त भेटघाटका क्रममा पूर्वाञ्चलका केही कम्युनिष्ट व्यक्तित्वहरूलाई भट्टबाट मिलेको प्रेरणा, प्रोत्साहन र मार्गदर्शनलाई यस लेखमा प्रस्तुत गरिएको छ । संस्मरणात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यो लेख गद्यरूपको छ । भट्टको मार्क्सवादी व्यक्तित्वका साथै मार्क्सवादको प्रचार गर्नु यस लेखको प्रमुख उद्देश्य देखिन्छ । पञ्चायती शासनव्यवस्थाका पृष्ठभूमिमा मार्क्सवादी चिन्तनगत सचेतता यस लेखको विशिष्ट पक्ष हो ।

### ६. 'खुल्ला कितापः कमल दीक्षित'

साहित्यकार कमल दीक्षितको जीवनी, व्यक्तित्व र कृतित्वको सङ्क्षेपीकृत प्रस्तुतिलाई यस लेखमा विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । साहित्य-सिर्जना र साहित्यिकउन्नयनका क्षेत्रमा दीक्षितको योगदानको चर्चा गर्दै उनको सेवा, पेसा र संलग्नतालाई यस लेखमा उल्लेख गरिएको छ । संस्मरणात्मक शैलीमा आत्मपरक ढङ्गले प्रस्तुत गरिएको यो लेख गद्यात्मक भाषिकरूपको छ । व्यक्तिगत भेटघाटपश्चात् प्रभावित भएर उनीप्रति कृतज्ञता प्रकट गर्नु यस लेखको प्रमुख उद्देश्य देखिन्छ । दीक्षितलाई मूर्धन्य व्यक्तित्व भन्दा-भन्दै पनि एउटा 'संस्था' कै रूपमा चित्रण गरेर भावुक सम्मान प्रकट गर्नु यस लेखको सीमा हो ।

## ७. 'खेमलाल पोखरेल'

यस लेखमा विद्वान् खेमलाल पोखरेलको जीवनी व्यक्तित्व र कृत्तित्वको संङ्क्षिप्त प्रस्तुतिलाई विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । पोखरेलको जन्म, जन्मस्थान, शिक्षा तथा साहित्ययात्रा र सिर्जनाको परिचयात्मक विवरण यस लेखमा दिइएको छ । पोखरेल र उनको 'विश्वशान्ति' कवितासङ्ग्रहमाथिका विभिन्न विद्वान्हरूका सम्मानात्मक अभिव्यक्तिलाई पनि यस लेखमा उद्धृत गरिएको छ । संस्मरणात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यो लेखमा गद्य र पद्य दुवै भाषिकरूपको प्रयोग गरिएको छ । पोखरेलको कवित्वलाई उजिल्याउने क्रममा उल्लिखित पद्यले उत्कृष्ट भूमिका निर्वाह गरेको छ । विद्वान् पोखरेलको विद्वताप्रति सम्मान प्रकट गर्नु उद्देश्यका साथै उनलाई थप रचनात्मक कार्यका लागि प्रेरणाप्रदान गर्नु यस लेखको विशिष्ट पक्ष रहेको देखिन्छ ।

## ८. 'व्यक्ति एक व्यक्तित्व अनेक साहित्यकार चूडामणि रेग्मी'

साहित्यकार चूडामणि रेग्मीका व्यक्तित्व र कृत्तित्वका विभिन्न पाटाहरूको प्रस्तुतिलाई यस लेखमा विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । जीवनीको उत्तरार्धखण्डतिर पनि उत्तिकै जोश, जाँगर र सक्रियता पूर्वक साहित्यिक तथा शैक्षणिक कार्यमा संलग्न रेग्मीलाई यस लेखमा समवयी साहित्यकारहरूका प्रेरणास्रोत र अनुज साहित्यकारहरूका मार्गदर्शक र उत्प्रेरक व्यक्तित्वका रूपमा स्थापित गरिएको छ । रेग्मीका सम्बन्धमा थुप्रै विज्ञहरूका व्यक्तिगत धारणालाई यस लेखमा साभार प्रस्तुति गरिएको छ । यसले रेग्मीको बहुआयामिक र सिर्जनशील व्यक्तित्वलाई पाठक सामु उपस्थापित गराउन सघाउ पुऱ्याएको छ । विवरणात्मक शैलीमा आत्मपरक ढङ्गले प्रस्तुत गरिएको यस लेखमा गद्य र पद्य दुवै भाषिकरूपको प्रस्तुति गरिएको छ । रेग्मीको कवित्वलाई प्रकाश पार्ने क्रममा उल्लिखित पद्यले उत्कृष्ट भूमिकानिर्वाह गरेको छ । आफ्नो कार्यक्षेत्रप्रति वफादार, विज्ञ र जागरुक रेग्मीको सही मूल्याङ्कन गर्दै पाठकसामु प्रस्तुत गर्नु यस लेखको उद्देश्य हो । सेवा, पेसा र संलग्नताप्रति जतिसुकै वफादार र कुशल भए पनि मूल्याङ्कनको काठमाडौंकेन्द्रित लघुदृष्टिका कारण काठमाडौंवाहिरका स्रष्टा र द्रष्टाको उचित सम्मान र कदर नभएको प्रति रोष प्रकट गर्नु यस लेखको विशेष प्राप्ति हो ।

## ९. 'सुवेदार डम्वरबहादुर अधिकारी'

डम्बरबहादुर अधिकारीको सामाजिक व्यक्तित्वको प्रस्तुतिलाई यस लेखमा विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । वि.सं. १९६७ मा जन्मिएर धनकुटाको ६ थुम मालमा १९९८ देखि सुवेदार भएर कार्य गर्न थालेका अधिकारीको शैक्षिकउन्नयन, खानेपानी वितरण, विभिन्न शैक्षिक तथा सामाजिक संघसंस्थाहरूमा गरेको दान-दातव्य आदिको उल्लेख गर्दै उनलाई एक समाजसेवी व्यक्तित्वका रूपमा स्थापित गरिएको छ । वर्णनात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यो लेख गद्यात्मक भाषिकरूपको छ । समाजसेवामा समर्पित हुने अनुकरणीय व्यक्तित्वको बारेमा प्रकाश पार्नु यस लेखको प्रमुख उद्देश्य देखिन्छ ।

## १०. 'मोहन भण्डारी'

प्राज्ञिक व्यक्तित्व मोहन भण्डारीको जीवनी व्यक्तित्व र कृतित्वको आंशिक प्रस्तुतिलाई यस लेखमा विषयवस्तु बनाइएको छ । वि.सं २००९ मा ताप्लेजुङमा जन्मिएका भण्डारीको शैक्षिकशृङ्खलाको साथै उनीद्वारा सिर्जित 'प्रेयसी' खण्डकाव्यको छोटो समीक्षालाई यस लेखमा प्रस्तुत गरिएको छ । वर्णनात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यो लेख गद्य पद्य दुवै रूपको छ । भण्डारीको कवित्वलाई प्रकाश पार्ने क्रममा यस लेखमा उल्लिखित पद्यले उत्कृष्ट भूमिकानिर्वाह गरेको छ । भण्डारीको कार्यगत सफलताको लागि सप्रेरक सम्मान प्रकट गर्नु यस लेखको लेखकीय उद्देश्य देखिन्छ ।

## ११. 'डा. रत्नभक्त जोशी'

वि.सं. १९९६ मा काठमाडौंको असनमा जन्मिई झापाको खजुरगाछीलाई कर्मक्षेत्र बनाएका डा. रत्नभक्त जोशीको जीवनी र व्यक्तित्वका विभिन्न पाटाहरूको प्रस्तुतिलाई यस लेखमा विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । जोशीको शैक्षिक र राजनैतिक क्रियाकलापको उल्लेख गर्दै उनको सेवा, पेसा र संलग्नतालाई यस लेखमा प्रस्तुत गरिएको छ । जोशीका साहित्यिक र गैह्रसाहित्यिक पुस्तकहरूको सूची पनि यस लेखमा समावेश गरिएको छ । वर्णनात्मक शैलीमा आत्मपरक ढङ्गले लेखिएको यो लेख गद्यात्मक भाषिकरूपको रहेको छ । जोशीको साहित्यिक, सामाजिक र राजनैतिक जीवनलाई पाठकसामु प्रस्तुत गर्नु यस लेखको उद्देश्य देखिन्छ ।

## १२. 'कार्यकर्ताको उचित मूल्याङ्कन ...'

साहित्यकार कमल 'जङ्गली' सँग नरेन्द्रकुमार प्रधानले लिनु भएको अन्तर्वार्ताको सङ्क्षेपीकृत रूपलाई यस लेखमा विषयवस्तु वनाइएको छ । यस लेखले 'जङ्गली' को निर्भीक व्यक्तित्व र प्रगतिशील सोचलाई उजागर गरेको छ । प्रश्नोत्तरात्मक शैलीमा संवादात्मक ढङ्गले लेखिएको यो लेख गद्य र पद्य दुवै रूपको छ । 'जङ्गली' को क्रान्तिकारी कवित्वको प्रकाशन गर्न लेखमा उल्लिखित पद्यले उत्कृष्ट भूमिकानिर्वाह गरेको छ । 'जङ्गली' का सामाजिक, राजनैतिक र साहित्यिक धारणाको प्रकाशन गर्नु यस लेखको प्रमुख उद्देश्य हो ।

## छैटौं परिच्छेद

# उपसंहार

पाँचथर जिल्लाको चुचुरे गा.वि.सं वडा नं. ७, यासोकमा वि.सं. १९९८ सालमा जन्मिएका कमल 'जङ्गली' आचार्यको वाल्यकाल दुःखपूर्ण अवस्थामा बितेको पाइन्छ । सरल, धैर्य र सिर्जनशील स्वभाव भएका 'जङ्गली' ले बाल्यकालदेखि नै दुःख, कष्ट र आर्थिक समस्याबाट छुटकारा नपाए पनि कष्टैकष्टमा उच्च शिक्षा हासिल गर्नु अघावै कहिले शिक्षकसेवामा र कहिले स्वास्थ्यसेवामा जागिरे भएर देशका विभिन्न जिल्लाहरुमा सेवा प्रदान गर्न पुगेका 'जङ्गली' ले २०१२ सालदेखि नेपाली साहित्यसिर्जनामा कलम चलाएको देखिन्छ । 'मन लाग्यो' (२०१९) शीर्षकको कवितामार्फत् नेपाली साहित्यमा प्रवेश गरेका 'जङ्गली' ले नेपाली साहित्यका विविध विधाहरुमध्ये मुख्यतया कविता र कथा विधामा कलम चलाएको देखिन्छ ।

व्यक्तित्वका विविध रूपहरूमध्ये साहित्यिक र साहित्येत्तर दुवै व्यक्तित्वका धनी 'जङ्गली' विशेषतः कथाकार र कविव्यक्तित्वका रूपमा परिचित छन् । यसमध्ये पनि कथाकारिता यिनको प्रमुख व्यक्तित्व हो । निबन्ध, नाटक र समालोचनाजस्ता अन्य साहित्यिक विधाहरूमा यिनको खास योगदान छैन । साहित्यिक व्यक्तित्वबाहेक 'जङ्गली' सामाजिक-सांस्कृतिक, राजनैतिक, शिक्षक र जागिरे आदि साहित्येत्तर व्यक्तित्वका रूपमा पनि देखिन्छन् । यसमध्ये पनि सामाजिक-सांस्कृतिक र जागिरे व्यक्तित्वमा यिनको विशेष पहिचान छ । यसरी जङ्गलीको व्यक्तित्व विभिन्न क्षेत्रसँग सम्बन्धित भएर बितेको देखिन्छ ।

कथाविधामा विशेष पहिचान कायम गरेका 'जङ्गली' ले यस क्षेत्रमा 'को होला ?' (२०२५) कथामार्फत् प्रवेश गरेका हुन् । हालसम्ममा मात्रात्मक रूपमा पाँचवटा कथामात्र प्रकाशित गरेका 'जङ्गली' ले ग्रामीण यथार्थको आलोचनात्मक प्रकटीकरण आफ्ना कथामा गरेका छन् । बाहिरी रूपमा यथावत् र सहज चलायमान समाजका अँध्यारा कुनामा लुकेर कुत्सित कार्यमा अभ्यस्त खल्चरित्रहरूका दुश्चरित्रहरूलाई 'जङ्गली' का कथाले उधिनेका छन् । यसका अतिरिक्त राजनैतिक एकता र पूर्वीय अध्यात्मवादी चिन्तनलाई पनि उनका कथाले एकीभूत गर्न सकेका

छन् । निम्नवर्गीय ग्रामीण समाजको यथार्थमूलक सम्प्रेषणीय र रोचक भाषिकशिल्प उनको कथाकारिता हो ।

गद्यपद्य दुवै लयमा कविताहरूको सिर्जना गर्ने 'जङ्गली' ले लोकलयलाई पनि अँगालेर कवितारचना गरेको पाइन्छ । मार्क्सवादी दर्शनमा आधारित वामपन्थी राजनैतिक कायकर्ता 'जङ्गली' ले आफ्ना कतिपय रचनामा यही चिन्तनलाई कवितात्मक रूपान्तरणका साथ क्रान्तिकारी र कर्मवादी भावधारालाई आफ्ना कवितामा प्रस्तुत गरेका छन् । सरल र सामन्यताका साथ-साथ खरो-खस्रो र व्यङ्ग्यमुद्राका तीक्ष्ण भाषाशैलीको प्रयोग गरिएका यिनका कवितामा विम्ब, प्रतीक र अलङ्कारको यथोचित विन्यास पाइन्छ । उपर्युक्त भाव र शैलीका 'जङ्गली' का कविताहरूलाई हेर्दा उनलाई स्वच्छन्दतावादी, प्रगतिवादी, राष्ट्रिय चिन्तन, मानवतावादी, देशभक्त र विद्रोही प्रवृत्तिका कविका रूपमा चिन्न सकिन्छ ।

यसरी 'जङ्गली' ले किशोरावस्थादेखि नै निरन्तर रूपमा साहित्यसिर्जनाप्रति झुकाव राख्दै आजसम्म आइपुग्दा नेपाली साहित्यकारका रूपमा यिनी आफ्नो पहिचान कायम गर्न सफल भएका देखिन्छन् । समग्र व्यक्तित्व र बहुआयामिक साहित्यिक योगदानलाई हेदा उनलाई नेपाली साहित्यका एक उल्लेख्य सर्जकका रूपमा स्थापित गर्न सकिन्छ ।

**संभावित शोध-शीर्षक**

साहित्यकार कलम 'जङ्गली' आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन प्रस्तुत गरिसकिएको परिप्रेक्ष्यमा उनको बारेमा निम्नलिखित सम्भावित शोधशीर्षकहरूलाई प्रस्तुत गर्न सकिन्छ :

- 'कथाकार कमल 'जङ्गली' को कथाकारिताको अध्ययन',
- कवि कमल 'जङ्गली' को कवित्वको विश्लेषण र मूल्याङ्कन, तथा
- कमल 'जङ्गली' को निबन्धप्रबन्धकारिता आदि ।

# सन्दर्भग्रन्थसूची

## १.	पुस्तकसूची


आचार्य, कमल 'जङ्गली', **मिसमासः खिच्रो र कुराउनी**, काठमाडौँ: राधा शर्मा, २०५६।

आचार्य, टङ्क, **फेरि एउटा अर्को कुरूक्षेत्र**, विराटनगर, मुक्त अभियान (२०६१) ।

उपाध्याय, केशवप्रसाद, **साहित्य-प्रकाश**, काठमाडौँ: साझा प्रकाशन २०३० ।

त्रिपाठी, वासुदेव र अरू, (सम्पा.), **नेपाली कविता भाग-४,** चौ.सं., ललितपुरः साझा प्रकाशन, २०४६ ।

थापा, हिमांशु, **साहित्य-परिचय**, ललितपुरः साझा प्रकाशन, २०४६ ।

भटराई, घटराज, **नेपाली लेखककोश**, काठमाडौँ: लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५६ ।

लमजेल, रविमान, **मेची अञ्चलको साहित्यिक रूपरेखा**, ... खगेन्द्र पोमू, २०४२ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **शोधविधि**, दो.सं., ललितपुरः साझा प्रकाशन, २०५२ ।

श्रेष्ठ, दयाराम, (सम्पा.) **नेपाली कथा भाग ४,** दो.सं., ललितपुरः साझा प्रकाशन, २०५७ ।


## २.	पत्रपत्रिकासूची


आचार्य, कमल 'जङ्गली', "जीवनयात्रा", **जुही** (वर्ष २२, अङ्क १, (२०५९) पृ. १४ ।

आचार्य, जयकला, 'मेरो मुटुका स्पन्दन कमल 'जङ्गली' आचार्य", **यथार्थकुरा** (वर्ष ७, अङ्क १, (२०५८) पृ. ८-११ ।

उदासी, लीला, 'जीवन आचार्य चुचुरेदेखि-प्रतिष्ठानसम्म" **जीवन स्मृति प्रतिस्ठान एक झलक** (वर्ष १, अङ्क १, २०५९) पृ. १-५ ।

खनाल, गोपीकृष्ण, 'झापाको साहित्यिक गतिविधि'', **रहर** (वर्ष ३, अङ्क ९, २०४५) पृ. ६-९

तेराख, 'कमल 'जङ्गली' को राजनैतिक व्यक्तित्वको छोटो चिनारी'', **यथार्थ कुरा**, (वर्ष ७, अङ्कक १, २०५८) पृ. ३-४ ।

भटराई, गोविन्दराज, ''दमकेली साहित्यविकासको एक झलक'' **प्रतिभा**, (वर्ष १ अङ्क १ २०५०)

रेग्मी, चूडामणि, ''मेरा मित्र कमल 'जङ्गली'', **यथार्थ कुरा**, (वर्ष ७ अङ्क १, २०५८) पृ. १२ ।

_______, ''को होला ?'', **जुही** (वर्ष १८, अङ्क १, २०५५) पृ. १६-१८ ।

सुवेदी, होम, ''नेपाली साहित्यिक सन्दर्भविकासको एक झलक'', **प्रतिभा**, (वर्ष १ अङ्क १, २०५०) पृ. ६-१६ ।

_______, ''नेपाली साहित्यका सन्दर्भमा झापा'', **युगज्ञान** (वर्ष ९, अङ्क ३३, २०४५) ।